# तीज गीतमा नारी सन्दर्भ

त्रिभुवन विश्वविद्यालय, मानविकी तथा सामाजिक शास्त्र सङ्कायअन्तर्गत
भैरहवा बहुमुखी क्याम्पस, नेपाली विभागमा स्नातकोत्तर तह
द्वितीय वर्षको दसौँ पत्रको
प्रयोजनका लागि
प्रस्तुत

**शोधपत्र**

शोधार्थी
मनुकला पराजुली
भैरहवा बहुमुखी क्याम्पस, भैरहवा, रूपन्देही
२०६९

**शोधनिर्देशक**
**डा. कपिलदेव लामिछाने**
**सहप्राध्यापक**

# तीज गीतमा नारी सन्दर्भ

त्रिभुवन विश्वविद्यालय, मानविकी तथा सामाजिक शास्त्र सङ्कायअन्तर्गत

भैरहवा बहुमुखी क्याम्पस, नेपाली विभागमा स्नातकोत्तर तह

द्वितीय वर्षको दसौँ पत्रको

प्रयोजनका लागि

प्रस्तुत

**शोधपत्र**

शोधार्थी

मनुकला पराजुली

भैरहवा बहुमुखी क्याम्पस, भैरहवा, रूपन्देही

त्रि.वि. रजिस्ट्रेसन नं ५७०७-९०, शैक्षिक सत्र : २०६६-२०६८, परीक्षा रोल नं

५२००1६

२०६९

**त्रिभुवन विश्वविद्यालय**

भैरहवा बहुमुखी क्याम्पस

नेपाली विभाग

सिद्धार्थनगर, भैरहवा, रूपन्देही

मिति : २०६९।१०।१९

## स्वीकृति पत्र

त्रिभुवन विश्वविद्यालय, मानविकी तथा सामाजिक शास्त्र सङ्कायअन्तर्गत भैरहवा बहुमुखी क्याम्पस, भैरहवाको नेपाली विभागकी छात्रा मनुकला पराजुलीले नेपाली विषयको स्नातकोत्तर तह दोस्रो वर्षको दसौँ पत्रको प्रयोजनका लागि तयार पारी प्रस्तुत गर्नुभएको “तीज गीतमा नारी सन्दर्भ” शीर्षकको प्रस्तुत शोधपत्र आवश्यक मूल्याङ्कन गरी सोही प्रयोजनका लागि स्वीकृत गरिएको छ ।

## मूल्याङ्कन समिति

**सहप्राध्यापक डा. कपिलदेव लामिछाने** ..............................
विभागीय प्रमुख

**सहप्राध्यापक डा. कपिलदेव लामिछाने** ..............................
शोधनिर्देशक

**सहप्राध्यापक श्री शिवप्रसाद ज्ञवाली** ................................
बाह्य परीक्षक

**त्रिभुवन विश्वविद्यालय**
भैरहवा बहुमुखी क्याम्पस
नेपाली विभाग
सिद्धार्थनगर, भैरहवा, रूपन्देही

मिति : २०६९।१०।०३

# सिफारिस पत्र

त्रिभुवन विश्वविद्यालय, मानविकी तथा सामाजिक शास्त्र सङ्कायअन्तर्गत भैरहवा बहुमुखी क्याम्पस स्नातकोत्तर तह नेपाली विभागकी दोस्रो वर्षकी छात्रा मनुकला पराजुलीले "तीज गीतमा नारी सन्दर्भ" शीर्षकको प्रस्तुत शोधपत्र मेरो निर्देशनमा रही परिश्रमपूर्वक तयार पार्नु भएको हो । म यस शोधकार्यबाट सन्तुष्ट छु । अतः म यस शोधपत्रको आवश्यक मूल्याङ्कनका निम्ति नेपाली विभाग मूल्याङ्कन समिति समक्ष सिफारिस गर्दछु ।

..........................

**सहप्राध्यापक डा. कपिलदेव लामिछाने**
शोधनिर्देशक
नेपाली विभाग, भैरहवा बहुमुखी क्याम्पस
भैरहवा, रूपन्देही

# परिच्छेद एक

# शोधपरिचय

## १.१ शोधशीर्षक

प्रस्तुत शोधको शीर्षक "तीज गीतमा नारी सन्दर्भ" रहेको छ ।

## १.२ शोधको प्रयोजन

प्रस्तुत शोधपत्र त्रिभुवन विश्वविद्यालय मानविकी तथा सामाजिक शास्त्र सङ्काय अन्तर्गत भैरहवा बहुमुखी क्याम्पसको नेपाली विषयको स्नातकोत्तर तहको दसौा पत्रको प्रयोजनार्थ तयार पारिएको हो ।

## १.३ विषयपरिचय

लोकगीतका विविध प्रकारमध्ये पर्व गीत अन्तर्गत तीज गीत पनि पर्दछ । वर्षा याममा पर्ने नेपाली नारीको महान् पर्व हरितालिका तीजको अवसरमा गाइने गीत नै तीज गीत हो । तीजमा चेलीबेटीहरूलाई माइत बोलाएर तीजको अघिल्लो दिन मीठामीठा परिकार बनाएर खुवाउने चलन रहेको छ । भोलिपल्ट भाद्र शुल्क तृतीयाका दिन आफ्ना पतिको दीर्घायुको कामना गरेर निराहार व्रत बसी पूजाआजा गरेर तीज पर्व मनाउने परम्परा रहेको छ । तीजको अवसरमा माइती गाउामा साथीसागिनी भेला भएर थपडी मार्दै आफ्ना पीडा, दु:ख, वेदना र हर्षका गीत गाउने र कम्मर मर्काएर नाच्ने चलन रहेको छ । तीज गीतमा नारी संवेदनाका स्वरहरू बढी मात्रामा मुखारित भएको पाइन्छ । वर्तमान सन्दर्भमा तीज गीत जुनसुकै जाति र सम्प्रदायमा पनि चर्चित बन्दै गइरहेको छ । साथै यो अधिकांश नेपाली महिलाहरूको साझा चाड बनिरहेको छ । यस महत्त्वपूर्ण तीज परम्पराको अध्ययन सङ्कलन र संरक्षण हुनु आफैंमा एक महत्त्वपूर्ण कार्य हुन आउाछ । यसका बारेमा यसअघि यस दृष्टिले खोज अनुसन्धान र सङ्कलन गरिएको पाइादैन ।

## १.४ समस्या कथन

तीजले नेपाली समाजको जीवन्त परम्परालाई आत्मसात् गरेको छ । तीजका अवसरमा गाइने तीज गीतमा नारी संवेदना हुन्छ, समाजका असमान क्रियाकलापको

आलोचना हुन्छ । तीज गीत मुख्यतः नारीसित सम्बन्धित छ भने यसमा नारी सन्दर्भ केकसरी र कति मात्रामा अभिव्यक्त भएकोछ भन्ने प्रश्न अद्यापि अनुत्तरित नै छ । यही नै प्रस्तुत शोधको प्रमुख समस्या  हो । यही प्रमुख समस्याका केन्द्रमा निम्नलिखित प्राज्ञिक प्रश्नहरू रहेका छन् :

(क) तीज पर्व र तीज गीतका बीचमा केकस्तो सम्बन्ध छ ?

(ख) तीज गीतमा नारी सन्दर्भ केकसरी प्रस्तुत भएको छ ?

## १.५ शोधको उद्देश्य

तीज गीतमा प्रतिध्वनित नारी सन्दर्भको अध्ययन गर्नु नै प्रस्तुत शोधको प्रमुख उद्देश्य हो । प्रस्तुत शोधका उद्देश्य निम्नअनुसार छन् :

(क) तीज पर्व र तीज गीतको सम्बन्धको अध्ययन गर्नु ।

(ख) तीज गीतमा नारी सन्दर्भको अध्ययन गर्नु ।

## १.६ पूर्वकार्यको समीक्षा

तीज गीत नेपाली लोकसाहित्यको एक अभिन्न अ· हो । यसले नारी संवेदनालाई मर्मस्पर्शी ढ·ले प्रस्फुटित गर्ने गर्दछ । यो एक विशेष सांस्कृतिक अवसर पनि हो, जसले नारी पीडा, वेदना, रोदन, क्रन्दन, उम· र रोमान्सको बडो नाटकीय र भावपूर्ण अभिव्यक्तिको माग गर्दछ । तीज गीतका सम्बन्धमा यसअघि विभिन्न अध्ययन भएका छन्, जसलाई यहाा समयक्रममा प्रस्तुत गरिएको छ ।

माया भण्डारीले “तीज पर्व : एक अध्ययन” त्रि.वि. नेपाली विभाग, कीर्तिपुरमा प्रस्तुत नेपाली स्नातकोत्तर तहको शोधपत्र (२०५५) मा नेपाली लोकसाहित्य अन्तर्गत पर्ने विविध पर्वमध्ये तीज पर्वलाई नै अध्ययनको विषयवस्तु बनाएर यसको महत्त्व, विकासक्रमदेखि आजसम्म प्राप्त भएका तीज गीतहरूको सङ्कलन गरेकी छन् । यसमा नारी सन्दर्भका तीज गीतको अध्ययन हुन सकेको छैन ।

कृष्णप्रसाद पराजुलीले आफ्नो शोधमूलक ग्रन्थ **नेपाली लोकगीतको आलोक** (२०५७) मा ऋतुकालिक लोकगीत अन्तर्गत तीज गीतको उल्लेख गरेका छन् । यसमा तीज पर्वको

परिचय र विभिन्न सन्दर्भका तीज गीतहरू पनि सङ्कलित गरिएका छन्, तापनि यसमा तीज गीतमा नारी सर्न्दभको अध्ययन भएको पाइादैन ।

चूडामणि बन्धुले **नेपाली लोकसाहित्य** (२०५८) मा नेपालीका विशेष गीतहरू शीर्षकमा रहेको पर्वगीतहरू शीर्षकअन्तर्गत तीज पर्व र तीज गीतको सामान्य उल्लेख गरेका छन् । यसमा नारी सन्दर्भको खासै चर्चा भएको छैन ।

गोविन्दप्रसाद अचार्यले **राप्ती लोकसाहित्यको अध्ययन** (२०६३) मा चाडपर्वका गीत अन्तर्गत तीज गीतको सामान्य चर्चा गरेका छन् । यसमा नारी सन्दर्भको कुनै उल्लेख छैन ।

मोहनराज शर्मा र खगेन्द्रप्रसाद लुइटेलको **लोकवार्ता विज्ञान र लोकसाहित्य (२०६३)** मा नेपाली लोकगीतका प्रमुख प्रकारहरूको परिचय शीर्षकमा रहेको सामयिक लोकगीत शीर्षकअन्तर्गत तीजे गीतको सामान्य परिचय दिएको छ । यसमा नारी सर्न्दभको अध्ययन भएको पाइादैन ।

रमा पौडेल 'प्रभात'ले 'लोकसंस्कृति, लोकसाहित्य, लोकगीत र तीज पर्वको सम्बन्ध' शीर्षकको लेख (**बुटवल टुडे**, २०६६ साउन २९, पृ.२) मा लोकगीतको ऋतुकालिक अध्ययन गर्दै पर्व गीतअन्तर्गत राखेर तीज गीतका सम्बन्धमा प्रकाश पारेकी छन् । यसमा नारी सन्दर्भको थोरै मात्र उल्लेख छ ।

हिरण्यलाल ज्ञवालीले "लुम्बिनी अञ्चलका नेपाली लोकगीतको सामाजिक अध्ययन" त्रि.वि. मानविकी तथा सामाजिक शास्त्र सङ्कायमा प्रस्तुत विद्यावारिधि शोधप्रबन्ध (२०६७) मा लुम्बिनी अञ्चलमा प्रचलित लोकगीतको अध्ययन गर्ने क्रममा लुम्बिनी अञ्चलमा प्रचलित तीज गीतको अध्ययन तथा सङ्कलन गरेका छन् । यसमा नारी सन्दर्भको अध्ययन भएको पाइादैन ।

पीताम्बर पराजुलीले "पश्चिम लुल्मीमा प्रचलित तीज गीतहरूको अध्ययन" त्रि.वि., त्रिभुवन बहुमुखी क्याम्पस, तानसेन, पाल्पाको नेपाली विभाग स्नतकोत्तर तहको शोधपत्र (२०६७) मा लुम्बिनी क्षेत्रमा प्रचलित तीज गीतको केही अध्ययन गरेका छन् । यसमा समग्र लुम्बिनी क्षेत्रमा प्रचलित तीज गीतहरूका नारी सन्दर्भलाई समेटेको पाइादैन ।

कपिलदेव लामिछानेले आफ्नो शोधमूलक ग्रन्थ 'नेपाली लोकगीतको अध्ययन' (२०६८) मा नेपाली पर्वलोकगीतको अध्ययनअन्तर्गत तीज पर्वको अनुसन्धान र विभिन्न तीज गीतको खोज र सङ्कलन गरेका छन् । साथै पारम्परिक तीज गीत र आधुनिक तीज गीतमा कथ्यवस्तुमा अन्तर आएको कुरा उल्लेख गरेका छन् । उनले आफ्नो शोधग्रन्थमा तीज

पर्वलाई एक लोकप्रिय पर्वको रूपमा चित्रण गर्दै तीज गीतमा नारी हक र नारी उत्पीडनको चित्रण पाइने र माइतीप्रति प्रगाढ प्रेम र सामाजिक यथार्थको आलोचनात्मक प्रस्तुति नै तीज गीतको मुख्य विशेषता हो भनेका छन् । फेरि पनि यसमा नारी सन्दर्भको गहन अनुसन्धान भएको पाइादैन ।

तुलसी प्रवासले आफ्नो खोजमूलक लेख ‘तीजगीत र नेपाली नारीका संवेदना’ (**समुदाय र सृजना,** वर्ष ९, अङ्क ३०, साउन-भदौ-असोज, २०६९ पृ.२) मा नेपाली नारी र तीजका अवसरमा मुखरित हुने तीज गीतमा नारी संवेदनाका विषयमा प्रकाश पारेका छन् । यसमा नारी सन्दर्भको गहन अध्ययन भएको पाइादैन ।

खुसी मैनालीले ‘तीज पर्वको महत्त्व र विसङ्गतिहरू’ शीर्षकको लेख (**समुदाय र सृजना**, वर्ष ९, अङ्क ३०, साउन-भदौ-असोज, २०६९ पृ.७) मा तीज पर्वले आगालेको सांस्कृतिक महत्त्व र आधुनिक समाजमा तीज पर्वको नाममा भित्रिएका विस·तिहरूको अध्ययन गरेकी छन् । यसमा पनि नारी सन्दर्भको गहन अध्ययन भएको छैन ।

दीपा एवाई राईले ‘नारी स्वतन्त्रता र दमनको समिश्रण : तीज व्रत’ शीर्षकको लेख (**समुदाय र सृजना**, वर्ष ९, अङ्क ३०, साउन-भदौ-असोज, २०६९ पृ.५) मा तीज पर्वले झट्ट हेर्दा नारी स्वतन्त्रतालाई जोड दिए पनि भित्री रूपमा यसले नारी दमन गर्दै नारीलाई पुरुषले दासी बनाएको मर्म व्यक्त गरेकी छन् । यसमा पनि नारी सन्दर्भको गहन अध्ययन भएको पाइादैन ।

घनश्याम न्यौपाने ‘परिश्रमी’ले ‘साइबर संस्कृति र तीजेगीत’ लेख (**लुम्बिनी खबर,** २०६९ साउन २८ गते, पृ.२) मा वर्तमान समयमा तीज गीतको परम्परागत मर्म हराउादै गएर साइबर संस्कृतिले तीज गीतको भाका, लय, र वास्तविकता हराउादै गएको कुरा उल्लेख गरेका छन् । यसमा नारी सन्दर्भको अध्ययन भएको छैन ।

यसरी लोकसाहित्यको विविध विधाहरूको अध्ययन गर्ने क्रममा पर्व गीतअन्तर्गत तीज गीतको पनि केही अध्ययन र सङ्कलन गर्ने कार्य भएको छ, तापनि नारी सन्दर्भका तीज गीतको अध्ययन, अनुसन्धान र सङ्कलन खासै भएको पाइादैन । लोकसाहित्यका अध्येताहरूले यसको विकास र अध्ययन अनुसन्धानमा ठूलो योगदान दिए तापनि तीज गीतको अध्ययनका सम्बन्धमा भने त्यति ध्यान जान सकेको पाइादैन ।

## १.७ शोधको औचित्य, महत्त्व र उपयोगिता

प्रस्तुत शोधले ज्ञान क्षेत्रको विस्तार गरेको छ । नेपाली समाजमा ठूलो सांस्कृतिक महत्त्व वहन गर्ने तीजगीत गाउने परम्परालाई जीवन्त राख्न यसको गहन खोज, अनुसन्धान हुनु आफैमा महत्त्वपूर्ण पाइला भएको छ । भविष्यमा अध्ययन र अनुसन्धान गर्नको लागि यसले मार्ग प्रशस्त गरेको छ । प्रस्तुत अध्ययनबाट तीज गीतमा अन्तर्निहित नारी सन्दर्भहरूको अध्ययन भएकाले तीज गीतमा नारी सन्दर्भको थप अध्ययन गर्न चाहनेहरूका लागि प्रस्तुत अध्ययन विशेष उपयोगी हुनेछ ।

## १.८ शोधको सीमाङ्कन

यसअघि तीज गीतको विषयमा लोकसाहित्यका शोधमूलक ग्रन्थ र पत्रपत्रिकाहरूमा केही अध्ययन अनुसन्धान भए पनि तीज गीतमा अन्तर्निहित नारी सन्दर्भको गहन खोज नभएकाले यसको अध्ययन गर्ने क्रममा नारी सन्दर्भका तीज गीतको मात्र अध्ययन गरिएको छ । त्यसैले प्रस्तुत शोध समग्र तीज गीतको अध्ययन नभएर तीज गीतमा पाइने नारी सन्दर्भको अध्ययनमा सीमित रहेको छ ।

## १.९ सामग्री सङ्कलन विधि

प्रस्तुत शोधकार्यलाई अगाडि बढाउन सामग्री सङ्कलन गर्दा अध्ययनको लागि आवश्यक पर्ने मूल सामग्री मूलतः क्षेत्रकार्यबाट सङ्कलन गरिएको छ भने लोकगीतका सैद्धान्तिक अध्ययनका लागि लोकसाहित्यका शोधमूलक ग्रन्थ तथा पूर्वकार्यको अध्ययनका लागि यस विषयमा यसअघि गरिएका शोधपत्र तथा विभिन्न सन्दर्भ पुस्तकहरूबाट सामग्री लिइएको छ । साथै यस अघि सङ्कलन भई प्रकाशित पुस्तक र पत्रपत्रिकाबाट पनि केही सामग्री लिइएको छ ।

## १.१० शोधविधि र सैद्धान्तिक आधार

प्रस्तुत शोध वर्णनात्मक विधिबाट गरिएको छ भने सङ्कलित तीज गीतको लोकगीत तथा नारीवाद सम्बन्धी सैद्धान्तिक आधारमा विश्लेषण गरिएको छ ।

## १.११ शोधपत्रको रूपरेखा

“तीज गीतमा नारी सन्दर्भ’ शीर्षकको प्रस्तुत शोधपत्र निम्नलिखित परिच्छेदहरूमा सङ्गठित छ :

परिच्छेद एक : शोधपरिचय

परिच्छेद दुई : लोकगीतको सैद्धान्तिक स्वरूप

परिच्छेद तीन : तीज पर्व र तीज गीत

परिच्छेद चार : तीज गीतमा नारी सन्दर्भ

परिच्छेद पााच : शोधनिष्कर्ष

परिशिष्ट (क) : उदाहरणमा नपरेका सङ्कलित तीज गीतहरू
परिशिष्ट (ख) : सङ्कलन स्थलका केही तस्बिरहरू

सन्दर्भसूची

# परिच्छेद दुई

# लोकगीतको सैद्धान्तिक स्वरूप

## २.१ विषयप्रवेश

यस परिच्छेदमा लोकगीतको सैद्धान्तिक अध्ययन गरिएको छ । सैद्धान्तिक अध्ययनका क्रममा लोकगीतको परिभाषा र स्वरूप, लोकगीतका संरचक तत्त्वहरू, लोकगीतका विशेषताहरू, नेपाली लोकगीतको वर्गीकरण र लोकगीत र यसका निकटस्थ विधाहरूको बारेमा अध्ययन गरिएको छ ।

## २.२ लोकगीतको परिभाषा र स्वरूप

लोकद्वारा सिर्जना गरिएको साहित्यलाई लोकसाहित्य भनिन्छ । यसको जगेर्नाको श्रेय पनि लोकसमुदायलाई नै जान्छ । लोकसाहित्यका विविध विधाहरूमध्ये लोकगीत पनि एउटा महत्त्वपूर्ण विधा हो । लोकगीत लोकजनले परम्परादेखि गाउादै-सुनाउादै आएको अतिप्रिय र लोकसमुदायको ढुकढुकीमा जीवित रहेको एउटा गेयात्मक विधा हो । यो लोकसमुदायमा उम्रादै-भ्याङ्िदै र मौलाउादै आएको हो । लोकगीतमा लोकसमुदायले आफ्नै दैनिक जीवनमा भोग्दै आएका दुःख-सुख, आासु-हाासो, संयोग-वियोग, प्रेम र घृणा अभाव र पीडाका छटपटीहरू मुखरित भएको पाइन्छ ।

लोकगीत परापूर्वकालदेखि लोकसमुदायमा अनवरत रूपमा गाइादै र सुनिादै आएको छ । लोकगीतले यस धर्तीलाई गुञ्जायमान बनाउादै आएका छन् । लोकगीतहरू लोकका साझा सम्पत्ति हुन् । प्राचीन समयदेखि सर्वाधिक लोकप्रिय बन्दै सारा लोकजीवनको जनजिब्रोको सुसेली बन्न सक्नु लोकगीतको आफ्नै गरिमा हो । लोकजीवनका विभिन्न भावहरूलाई सहज र सरल रूपमा व्यक्त गर्ने एउटा महत्त्वपूर्ण लयात्मक र गेयात्मक विधा हो लोकगीत, जसले शताब्दीयौा देखिएको आफ्नो भूमिका र गरिमालाई उच्च राख्ने काम गरेको छ ।

लोकगीतलाई लोकसाहित्यको सबैभन्दा प्राचीन विधा मानिन्छ । यसको प्रारम्भ मानिसले वाणीको प्रयोग गर्न थालदेखि नै भएको ठानिन्छ । यस आधारमा लोकगीतको

थालनी वेदभन्दा पनि पूर्ववर्ती समयमा भएको हो भन्ने देखिन्छ (शर्मा र लुइटेल, २०६३:७३) ।

यसरी हेर्दा श्रुतिपरम्परामा जीवन्त रहेका वेदका ऋचाहरू पनि लोकगीतकै कोटीमा परेको मान्न सकिन्छ । लोकगीत बालक, युवा, बृद्ध सबै उमेर अवस्थाका व्यक्तिहरूका मुटुको ढुकढुकी बनेर बसिरहेको छ । वास्तवमा लोकगीतले लोक जीवनको जुनसुकै अवस्थामा पनि उनीहरूसाग हातेमालो गरिरहेको हुन्छ । यस रूपमा लोकगीत आध्यारोमा टमटमाउने तारा हो भने उजेलीमा प्रहरैपिच्छे मधुरता दिने रसमय धारा पनि हो (पराजुली, २०५७:६३) ।

लोकमा युगौदेखि अस्तित्वमा रहेको लोकगीत जुन झर्ना झै झरिरहन्छ अनवरत लोकजीवनको पहाडबाट र लोकसमुदायका पीडा, अभाव र छटपटीहरूमा सिञ्चन गर्ने काम गर्दछ । साथै लोकजीवनका खुसी, उम॰ र मिलनका रोमाञ्चक पलहरूमा पनि नदी बनेर बगिरहन्छ हृदयरुपी तर॰हरूमा । यस्तै अमृत सरी बनेर रहेको लोकगीतको परिचय दिने काम लोकसाहित्यका अध्येताहरूले निरन्तर रूपमा गरिरहेका छन् । यसैक्रममा विभिन्न स्वदेशी तथा विदेशी विद्वान् तथा अध्येताहरूले विभिन्न समयमा दिएका महत्त्वपूर्ण परिभाषालाई यहाा उल्लेख गर्नु सान्दर्भिक देखिन्छ ।

लोकगीत त स्वयम्भू (स्वतःजन्मा) हो । - ग्रिम

आदिम मानवको उल्लासमय सङ्गीतलाई नै लोकगीत भनिन्छ । - पर्सी

लोकगीत मानिसको स्वतः प्रवाहित सिर्जनात्मक शक्तिबाट उत्पन्न भएको हुन्छ, यो अत्यन्त स्वाभाविक हुन्छ । - म्याक्सिम गोर्की

लोकगीत न नयाा हुन्छ न पुरानो, लोकगीत त त्यो ज॰ली वृक्ष जस्तै हो, जसका जरा भूतकालको भुइामा पर भित्रैसम्म गाडिएका हुन्छन्, अनि तिनका नयाानयाा हाागामा निरन्तर हरिया पात लाग्छन्, पालुवा चढ्छन् र फल लाग्छन् । - राल्फ भी. विलियम्स

लोकगीत साधारण तथा प्रकृतिप्रेमी मानिसहरूको हृदय र मस्तिष्कको उपज हो, जुन सोझो र इमान्दार भावनाबाट प्रेरित हुन्छ । - लिपोल्ड स्टोकव्स्की

लोकस॰ीत वास्तवमा धारा प्रवाहित प्रदर्शन परम्परा हो, जुन प्रवाहमा समय-समयमा नयाानयाा मुना पलाउाछन् अनि पुराना छुट्टिएर जान्छन् । परिवर्तनशील हुादाहुादै

पनि यसको मूल रूप सधैा एकनास हुन्छ । क्रमिक विकासको परम्पराले लोकगीतमा निकै ठूलो भूमिका खेलेको हुन्छ । -
एलान्लो म्याक्स

लोकगीत श्रुतिपरम्परासाग सम्बद्ध हुन्छ र यो मुखमुखै सर्दै जान्छ । यो सार्वभौम रूपमा देखापर्ने सामुदायिक प्रकारको अभिव्यक्ति हो । - जे. ए. कडन

मानवद्वारा अन्वेषित प्राचीनतम प्रकारको गायनलाई लोकगीत भनिन्छ ।
- गोर्डन स्टवेल

लोकगीत तिनीहरूको जीवनको अनायस प्रवाहात्मक अभिव्यक्ति हो, जुन सुसंस्कृत तथा सुसभ्य प्रभावहरूबाट बाहिर रहेर कम या बढी आदिम अवस्थामा रहन्छ ।
-कुञ्जविहारी दास

लोकगीत सामान्य जनताका संवेदनशील भावुक हृदयका त्यसका उद्गार हुन्, जुन स॑ीतका सुदृढ धारामा छन्दोबद्ध भएर प्रवाहित हुन्छन् र तिनले लोकगीतको नाम धारण गर्छन् । - सन्तराम अनिल

जुन गीत लोकमानसको अभिव्यक्ति हुन्छ, अथवा जसमा लोकमानसको आभास पनि हुन्छ त्यो गीत लोकगीत अर्न्तगत पर्न आउाछ । - सत्येन्द्र

लोकगीत कुनै संस्कृतिको मौखिक चित्र हुन् । - वासुदेवशरण अग्रवाल

लोकगीत सामूहिक हर्षोद्वेगका परिणाम हुन् । - हिरालाल तिवारी

ग्रामगीत प्रकृतिका उद्गार हुन् । यिनमा अलङ्कार होइन, केवल रस छ । छन्द होइन, केवल लय छ । लालित्य होइन केवल माधुर्य छ । ग्रामीण मनुष्यका, स्त्री पुरुषका बीचमा हृदय नामको आसनमा बसेर प्रकृति गान गर्दछे । प्रकृतिका तिनै गीत ग्राम-गीत हुन् ।
- रामनरेश त्रिपाठी ।

सामान्य लोकजीवनको पार्श्वभूमिमा अचिन्त्य रूपले अनायास नै निक्लने मनोभावहरूको लयात्मक अभिव्यक्ति लोकगीत कहलाउाछ । - चिन्तामणि उपाध्याय

लोकगीत लोकविषयक नै हुन्छन् । तिनमा लोकजीवनका झााकीहरू रहन्छन् ।
- सरोजनी रोहतगी

आदिम मानव-हृदयको ज्ञानको नामै लोकगीत हो । मानवजीवनको, उसको उल्लासको, उसका उमङ्गहरूको, उसको करूणाको, उसको रोदनको, उसको सुखदुखको कथा यसमा चित्रित हुन्छ । - सूर्यकिरण पारिक

लोकगीत वस्तुतः त्यही हुन सक्छ, जसमा रचयिताको निजी व्यक्तित्व हुादैन । रचयिताले लोकमानससाग तादात्म्य राख्छ र समस्त लोकको व्यक्तित्वहीन रचना गर्छ । त्यही रचना लोकको आफ्नो गीत हुन्छ, जुन गीत परम्परामा गाासिन्छ र परम्पराले समय-समयमा अनुकूल परिवर्तन गर्दै रहन्छ । - हिन्दी साहित्य कोश

लोकगीत त्यो हो, जो गीत कसैका दबाब, धन, बक्सिस, लोभसमेतमा नपरी स्वयम् दुखित, पीडित, आक्रान्त, उद्विग्न, सम्भ्रान्त, त्रस्त, जागृत, प्रफुल्लित, हर्षित, संयुक्त, वियुक्त, समेत जो कोही जाति, व्यक्ति, लि᛫, समाज, जिल्ला, गाउासमेतका नरनारीले कुनै पुस्ताको बन्धनमा नपरी बनाएको हो । - कालीभक्त पन्त

लोकगीत लोकसंस्कृतिको महत्त्वपूर्ण अ᛫ हो । लोकगीतका भाका र भावले जातीय परम्परालाई चिनाएर राष्ट्रिय एकताको गााठो कस्ने काममा ठूलो मद्दत पुऱ्याउन सक्छन् ।
- प्रदीप रिमाल

जीवनमा आइपर्ने समस्या वा उत्सव जेमा पनि लोकगीतले नै आफ्नै भित्री हृदयलाई बहलाउाछन् । अतः लोकगीत जीवनको हरेक क्षेत्रमा निकटमात्र नरहेर स्पर्शमा नै आइरहेको हुन्छ । - लीलासिंह कर्मा

काव्यसुलभ अभिव्यक्ति, हृदयग्राही भाव, हृदयावर्जक शैली र कोमल पदरचनाले गर्दा लोककाव्यको प्रतिष्ठित आसन लोकगीतले पाएका छन् । - ठाकुर पराजुली

लोकगीत नदीको प्रवाह जस्तै हुन्छ, जुन मूलतः ग्रामीण संस्कृतिको गर्भबाट निस्कन्छ, तर यसले ग्रामीण समाजलाई मात्र प्रवाहित नगरी समग्र मानव-समाजलाई शीतलता दिने काम गरिरहन्छ । सलसलाउादो नदीले झ्ासझ्ुस, फोहोर मैला बगाएर लगे जस्तै हुन्छ लोकगीत अर्थात् लोकजीवन पनि गीतद्वारा आफ्ना जीवनका दुखपीडा र विषमतालाई धुन्छन्, पखाल्छन् र त्यसैमा रम्छन्, झ्ुल्छन् ।
- कृष्णप्रसाद पराजुली

लोकगीत भनेको लोकजीवनको रागात्मक स्वतःस्फूर्त लयात्मक अभिव्यक्ति हो । यसमा लोकजीवनको दुःख-सुख, आासु-हाासो, आशा-निराशाको साथै लोकको चालचलन, विधि-व्यवहार, आस्था र मान्यताहरूको चित्रण हुन्छ । - चूडामणि बन्धु

लोकगीत जनजीवनका आधारभूत संस्कार र मार्मिक भाव तथा सङ्कलित चेतेनाको उपज हो । लोकगीत नै हाम्रो काव्यपरम्पराको प्रारूप पनि हो । - वासुदेव त्रिपाठी

चोखो लय र शब्दको प्रभावबाट उठी जनजीवनलाई प्रभाव पार्न सक्षम भएको छ लोकगीत । यसैले मानवसिर्जित पहिलो प्रस्फुरण लोकगीत नै हो । - धर्मराज थापा

लोकगीत सामान्य जनताको भावनाबाट निःसृत त्यो हिमनदी हो जसले पहाड पर्वतका कन्दराहरू चाहार्दै खुला हरियाली मैदानलाई सिञ्चित गर्दछ र सहरियाहरूलाई समेत पानी प्रदान गरी जीवन दिन्छ । - कृष्णप्रसाद घिमिरे

जहाा जनसमूहका दैनन्दिनका भावहरू लयदार भाषामा खुलुलु बागेका हुन्छन् यसलाई लोकगीत भनिन्छ । - काजीमान कन्दड्वा

लोकगीत लोकसमुदायमा परम्परादेखि लोकसाङ्गीतिक सम्पदाका रूपमा लोकभावनालाई आत्मसात् गर्दै आएको लघु आकारको प्रभावकारी गेयात्मक-लयात्मक त्यस्तो स्वतःस्फूर्त आख्यानमुक्त अभिव्यक्ति हो, जसमा लोकजीवन र लोकसंस्कृतिको जीवन्त झल्का पाउन सकिन्छ । - कपिलदेव लामिछाने

माथि उल्लिखित विभिन्न लोकसाहित्यका अग्रज विद्वान्हरूले दिएका लोकगीतको परिभाषाको अध्ययन र मनन गर्दा वास्तवमा लोकगीत के हो भनी निष्कर्ष निकाल्न सकिन्छ । लोकगीत लोकसमुदायमा आफौ जन्मिन्छ र स्वतः प्रवाहित हुन्छ । यो अदिम मानवको उल्लासमय सꣿीत पनि हो । लोकगीत जꣿली वृक्ष जस्तै हुन्छ र यो प्रकृतिप्रेमी मानिसहरूको हृदय र मस्तिष्कबाट निसृत हुन्छ । लोकगीत परिवर्तनशील हाादाहादै पनि यसको मूल रूप सधैा एकनासको रहिरन्छ । यो एक प्राचीन प्रकारको गायन हो, जुन अद्यापि जीवन्त रहेको छ । यसले असभ्य र असंस्कृत र आदिम अवस्थामा रहेका समूहको पनि प्रतिनिधित्व गर्दछ । यी सामान्य जनताको संवेदनशील भावुक हृदयका उद्‌गार र अभिव्यक्ति हुन्, जसमा लोकमानसको आभास पाइन्छ । सामान्य लोकजीवनको पार्श्वभूमिका अनायसै निक्लने मनोभावको लयात्मक अभिव्यक्ति र सामूहिक हर्षोद्‌वेगका परिणाम हुन् लोकगीत । प्रकृतिका ग्राम गीतका रूपमा रहेका लोकगीतमा लोकजीवनका झााकीहरू रहन्छन् । लोकगीत आदिम मानवका जीवनका हरेक अवस्थाको चित्रण हो, यो कसैको बन्धनमा रहादैन र यो व्यक्तिको निजी सम्पत्ति नभएर सामूहिक सम्पत्तिको रूपमा जगेर्ना भएको हुन्छ । लोकगीतले जीवनको हरेक, क्षेत्रमा स्पर्शमा रहेर काव्यसुलभ अभिव्यक्ति र हृदयग्राही भावको अभिव्यक्ति गर्दै लोकजीवनको रागात्मक र स्वतःस्फूर्त लयात्मक अभिव्यक्ति पनि गर्दछ । लोकगीत

हाम्रो काव्य परम्पराको प्रारूप हो, जुन नदीको प्रवाह जस्तै हुन्छ, जसले लोकजीवनका मैला, दुःख, पीडा र विषमतालाई धुने पखाल्ने काम गर्दछ । यो सामान्य जनताको भावनाबाट निःसृत हिमनदी हो, जसले समग्र भूमिलाई सिञ्चित गर्दछ । यो मानवसिर्जित प्रथम प्रस्फुरण हो, जहाा जनसमूहका दैनिक जीवनका भावहरू लयद्वारा भाषामा खुलुलु बगेका हुन्छन् ।

प्राचीन वेदहरूको जन्म हुनुभन्दा पनि पहिल्यै जन्मिएको लोकगीत परम्परादेखि एकपुस्ताबाट अर्को पुस्तामा हस्तान्तरण हुादै आएको एउटा सर्वाधिक लोकप्रिय विधा हो । यो लोकसमुदायको कण्ठकण्ठमा झुन्डिएको छ, लोकसमुदायको, दुःख, पीडा, आासु-हाासो, मिलन-बिछोड, आशा-निराशा र अभाव र छटपटीहरूलाई भाका र लय बनाई अन्तर्हृदयबाट निःसृत हुादा पनि यो लोकसाहित्यका अन्य विधा भन्दा पृथक् र महत्त्वपूर्ण रहेको छ । यो लोकसमुदायको ढुकढुकी हो, जसमा क्षणमै रुवाउने र क्षणमै हासाउने शक्ति रहेको छ । यसले हरेक अवस्था र क्षणमा लोकजीवनलाई पच्छ्याइरहेको हुन्छ । यसमा गेयात्मकता लयात्मकता भएकाले यो समग्र लोक जीवनको जनजिब्रोमा झुन्डिनु यसको छुट्टै पहिचान हो । यिनै विविध कुराहरू लोकगीतका पृथक् देखिने महत्त्वपूर्ण आधारहरू हुन् ।

लोकगीतको स्वरूप भन्नाले यसको संयुक्त रूप वा आकृति हो । लोकगीतको समग्र पक्षलाई अध्ययन गर्दा यसका केही मूलभूत आकृति वा स्वरुपलाई निम्न रूपमा प्रस्तुत गर्न सकिन्छ :

(१) यो गेयात्मक हुन्छ ।

(२) यो सरल र सङ्क्षिप्त हृदय छुने अभिव्यक्ति हो ।

(३) यो सबै उमेर समूहकाले बुझ्न र गुनगुनाउन सक्छन् ।

(४) यसमा गाउाघरमा बोलिने ठेट तथा झर्रा शब्दहरू समेटिएका हुन्छन् ।

(५) लोकगीत आकर्षक तथा च्वाट्ट परेको हुन्छ ।

(६) यो मौखिक वा श्रुतिपरम्परामा जीवित लोकलयात्मक रचना हो ।

(७) लोकगीतले मानवीय मनलाई स्पर्श गर्दै गहिरो असर पार्दछ ।

(८) लोकगीत मौलिक र मधुर अभिव्यक्ति हो ।

(९) लोकगीत सामूहिक हुन्छ ।

(१०) लोकगीतले लोकस◌ीतलाई नै उवर्र बनाएको छ ।

यसरी लोकगीत लोकजीवनमा परम्परादेखि श्रुतिपरम्परामा एक पुस्ताबाट अर्को पुस्तामा हस्तान्तरण हुादै आएको एउटा गेयात्मक र लयात्मक विधा हो, जुन लोकसममुदमयको स्वतस्फूर्त अभिव्यक्ति हो, जसले लोकभावनालाई आत्मसात् गर्दै लोकजीवन र लोकसंस्कृतिको जीवन्त परम्परालाई प्रस्फुरण गर्दछ ।

## २.३ लोकगीतका संरचक तत्त्वहरू

लोकगीतको निर्माणमा अति आवश्यक उपकरणलाई लोकगीतका तत्त्व भनिन्छ । तत्त्व बिना लोकगीतले आफ्नो सिर्जनात्मक आकार ग्रहण गर्न सक्दैन । त्यसैले लोकगीत बन्नको लागि नभई नहुने अवयवलाई लोकगीतका तत्त्वका रूपमा लिन सकिन्छ । लोकगीतका तत्त्व निर्धारणका क्रममा पनि विभिन्न विद्वान्हरूमा मतभेद रहेको छ, तर पनि अधिकांश विद्वान्हरूले मान्यता दिादै आएका लोकगीतका केही महत्त्वपूर्ण तत्त्वहरू यसप्रकार रहेका छन् :

### २.३.१ भाव वा विचार

भाव वा विचार लोकगीतको एक महत्त्वपूर्ण तत्त्व हो । भाव वा विचारलाई कृतिको मूल कथ्य वा अन्तर्वस्तु पनि भनिन्छ । लोकगीतमा लोकजीवनका दुःख-सुख, हर्ष-विस्मात्, प्रेम-घृणा, उज्यालो आध्यारो, मिलन-बिछोड आदि मानवीय संवेदनाको सरल र सहज अभिव्यक्ति भएको हुन्छ । यो अशिक्षित र असभ्य समाजको सामूहिक विचारको प्रस्तुति हो । यसमा भावको एकोन्मुखता निहित रहन्छ । त्यसैले एक भाव र विचारको अभावमा लोकगीतको अस्तित्व नरहने हुादा यसलाई लोकगीतको आवश्यक तत्त्व मानिन्छ ।

### २.३.२ लय

लय पनि लोकगीतको अर्को महत्त्वपूर्ण तत्त्व हो । लोकगीतले एउटा न एउटा लोकलयलाई समातेको हुन्छ । लोकलयले लोकगीतका भाव र विचारलाई अभिव्यक्त गर्दै सम्प्रेष्य बनाउने काम गर्दछ । भावनात्मक गहिराइमा पुऱ्याएर रागात्मक साहचर्य प्रदान गर्ने काम पनि लयले नै गर्छ (पराजुली, २०५७:७७) । लय स्थान विशेष फरक फरक हुन्छ यो अभिव्यक्तिको प्राण नै हो । लोकगीतमा जुन रूपमा लय स्थापित हुन्छ, यसले गीतलाई निजी रूप प्रदान गरेर स्वर-स ीतको मुहुनीलाग्दो स्थितिमा पुऱ्याउाछ । स्वरको लच्काइद्वारा गायकका आवेग-संवेगलाई सम्प्रेषित गर्ने कार्य पनि लयद्वारा नै हुन्छ (पराजुली,२०५७:७७) । लोकगीतका लयहरू विविध प्रकारका रहेका छन् । रोइला, झ्याउरे, सालैजो, देउडा, सगुन, माागल, तीज, भैलो, देउसी, भजन आदि जस्ता लोकगीतका लयहरू आआफ्नै अस्तित्वका रहेका छन् ।

### २.३.३ भाका

लोकगीतको अर्को प्रमुख तत्त्व भाका हो । लोकजीवनमा गीत गाउने खास तौर तरिका वा शैली नै भाका हो (बन्धु, २०५८:११७) । भाका लयको स्थानगत भेद हो । भाकाले लोकगीतको मर्मलाई उजागर गर्दछ । लोकगीतको भाकामा पनि थेगा, ठाउा र लयको आधारमा विभिन्न भेदहरू रहेका छन् ।

### २.३.४ यति र गति

यति र गति पनि लोकगीतका अनिवार्य तत्त्व मानिन्छन् । यति मनको विश्राम वा अडान हो । हरेक लोकगीतमा निश्चित अक्षर र मात्रा हुन्छन् भने गाउादा खास-खास अक्षर र मात्रामा ओडिनु पर्ने हुन्छ, यही अडान हो (लामिछाने, २०६८:१८) । लोकगीत छिटोछिटो गाउादा बन्ने गतिलाई द्रुत गति भनिन्छ भने एकदमै सुस्त गतिमा लस्को तानेर गाउादा बन्ने गतिलाई विलम्बित गति भनिन्छ । द्रुत र बिलम्बित गतिको बीचको गतिलाई मध्य गति भनिन्छ ।

### २.३.५ स्थायी र अन्तरा

स्थायी र अन्तरा पनि लोकगीत बन्नका लागि आवश्यक घटक हुन् । गीतमा पटकपटक दोहोरिएर आउने भागलाई स्थायी भनिन्छ । गीत गाउादासम्म भट्टयाउनेहरूले यसैलाई भट्टयाउाछन् । यसैलाई रिटक, दुवा र छोपुवा पनि भनिन्छ (बन्धु, २०५८:११६) । स्थायीमा व्यक्त भएको भावको विस्तार र परिपाक गर्न आउने थप अंश वा अरू पङ्क्तिपुञ्जलाई अन्तरा भनिन्छ । अन्तरा भनेको बीचको भन्ने हो । यसलाई गेडा वा चरण पनि भनिन्छ (लामिछाने, २०६८:२०) । लोकगीतमा स्थायी र अन्तरा मध्ये एउटा मात्र अनिवार्य हुन्छ, तर कुनै लोकगीतमा दुवै तत्त्व समावेश हुन्छन् ।

### २.३.६ थेगो वा रहनी

थेगो र रहनी पनि लोकगीतका तत्त्व हुन् । “लोकगीतको बीचबीचमा दोहोरिने शब्दलाई थेगो वा रहनी भनिन्छ । यस्ता रहनीले गीतको प्रवाह र छन्दनिर्माणमा महत्त्वपूर्ण भूमिका खेल्छन् (बन्धु, २०५८:११६) । नेपाली लोकगीतमा पटकपटक दोहोरिने ए कान्छी, ए साइाली, निर्माया, लालुमै, रेलिमाइ, सालैज्यू, भेना, साली जस्ता सम्बोधनका शब्द र बरै, बरिलै, बरा आदि उद्‌गारबोधक र हुर्र, च्याट्ट, ठयाम्मै जस्ता अनुकरणात्मक शब्दहरू प्रयोग भएको पाइन्छ । यस्ता थेगा र रहनीको प्रयोगले लोकगीतलाई सान्दर्भिक बनाउन मदत पुऱ्याउाछन् ।

### २.३.७ भाषा

लोकगीतका अनिवार्य तत्त्वहरू मध्ये भाषा पनि एक हो । लोकगीतको अभिव्यक्तिको माध्यम वा लोकभावनालाई प्रकट गर्ने साधन भाषा हो । लोकभावनाले भाषामा प्रकट भई मूर्त रूप प्राप्त गर्दछ (लामिछाने, २०६८:२१) । लोकगीतमा प्रयोग हुने भाषा ठेट र झर्रा शब्द हुने भएकाले लोकगीतमा यस्ता भाषाको प्रयोगले मिठास थपेको हुन्छ । लोकगीतको भाषा स्थानीय कथ्य भाषा हुने भएकाले यो सरल, बोधगम्य र रागात्मक हुन्छ । स्वाभाविक रूपमा प्रयोग भएका बिम्ब, प्रतीक र अलङ्कारहरूले झन् लोकगीतमा सुनमा सुगन्ध थपिरहेको हुन्छ ।

### २.३.८ शैली (कथनपद्धति)

लोकगीतका अनिवार्य तत्त्वमध्ये शैली पनि एक महत्त्वपूर्ण तत्त्व हो । लोकगीतको कथ्यलाई प्रस्तुत गरिने तरिका वा ढाँचालाई शैली भनिन्छ । लोकगीतको कथन-ढाँचालाई कथनपद्धति पनि भनिन्छ । वर्णनात्मक, आख्यानात्मक दृश्यात्मक वा संवादात्मक ढाँचामा लोकगीत प्रस्तुत हुन सक्छन् (लामिछाने, २०६८:२२) । यस अवस्थामा कथनको आयाम एक चरण पनि हुन्छ, एक बिसौनी पनि हुन्छ र सिंगो आकृतिसम्म पनि लम्बिन सक्छ । लोकगीत एक्लै पनि गाउने वा गुनगुनाउने गरिन्छ भने यसमा गीत जोर्ने गीत कथ्न, बनाउने, गीत छोप्ने (झिकेका गीतलाई टिप्ने) र ठोकाबाजी गर्ने (जुहारी वा दोहोरी खेल्ने) जस्ता काम पनि हुन्छन् । यसरी प्रकृतिका विविध माध्यमबाट कथनलाई पूरा गरिन्छ । उक्त क्रममा सामान्यतया दुई पङ्क्तिदेखि एउटा फाँकीसम्म सिंगो प्रवाहसम्म पनि कथन पूर्ण हुन सक्छन् (पराजुली, २०५७:८०) ।

यसरी लोकगीत बन्नका लागि आवश्यक पर्ने तत्त्वहरू भाव वा विचार, लय, रहनी, भाषा र शैली मुख्य रूपमा रहेका छन्, भने संगीत, पात्र, घटना र परिवेश पनि लोकगीतका अन्य तत्त्वका रूपमा रहेका छन् ।

## २.४ लोकगीतका विशेषताहरू

लोकगीत लोकसाहित्यका अनेक विधाहरू मध्ये सर्वाधिक लोकप्रिय र प्रचलित विधा हो । लोकगीत परम्परादेखि आत्माभिव्यक्तिको एउटा सशक्त माध्यमको रूपमा रहँदै आएको छ । लोकगीत शताब्दियौंदेखि नेपाली धर्ती, डाँडाकाँडा, रनवन, गाउँबस्तीहरूमा अनवरत रूपमा घन्किरहेको छ । लोकगीत प्रत्येक लोकसमुदायको ढुकढुकी र सुखदुखका साथी बनेका छन् । नेपाली लोकगीत भेट-बिछोडका क्षणमा सम्झौनी-बिर्सौनी, युद्धका बेला प्रेरणास्रोत, खेती-किसानीमा लाग्दा थकाइ मेट्ने साधन, घाँसपात गर्दा अनि गोठालो जाँदा

र मेलापातमा पुग्दा न्यास्रो मेट्ने र उम· पोख्ने साथी हुनुका साथै केटाकेटीमा खेल्ने रमाउने, युवायुवतीमा मायाप्रीति बााध्ने र बुढ्यौलीमा शान्ति लिनेसम्मको सम्बन्धसूत्रका रूपमा युगौादेखि नेपाली भूमिमा उर्वर रहेको छ (पराजुली, २०५७:१३७) । यसरी लोकसमुदायमा झ्याङ्गिदै आएको नेपाली लोकगीतका विभिन्न विद्वान्हरूले दिएका मुख्यमुख्य विशेषतालाई यहाा निम्नअनुसार देखाइएको छ :

### २.४.१ अज्ञात रचयिता

लोकगीतका विशेषताहरू मध्ये अज्ञात रचयिता पनि यसको मुख्य विशेषता हो । लोकगीत कसले, कहिले रचना गर्‍यो भन्ने ज्ञान रहादैन । लोकगीत समयको प्रवाहमा निरन्तर बगिरहन्छ आफ्नो सर्जकलाई गुमाएर । लोकगीतका रचयिता तत्काल गीत सिर्जन्छन्, जनतालाई सुम्पन्छन् र त्यसपछि आफू अदृश्य नै रहन्छन् (पराजुली, २०५७:१३८) । कुनै पनि लोकगीत जसले सिर्जना गरे पनि र जसले गाए पनि लोकले त्यसलाई आफ्नै गीत मान्दछ । यसप्रकार रचनाकार वा गीतकार अदृश्य रहनु लोकगीतको एउटा विशेषता हो ।

### २.४.२ मौखिकता र पारम्परिकता

लोकगीतको अर्को महत्त्वपूर्ण विशेषता मौखिकता हो । नेपाली लोकगीत मौखिक वा श्रुतिपरम्परामा हुर्कंदै आएका छन् । लोकगीत एक जिब्रोबाट अर्को जिब्रोमा, एक बिसौनीबाट अर्को बिसौनीमा, एक युगबाट अर्को युगमा एक खोलाबाट अर्को खोलामा, एक ऋतुबाट अर्को ऋतुमा सर्दै प्रवाहित हुादै आउाछ (पराजुली, २०५७:१३९)। लोकगीत मौखिक रूपमा परम्पराबाट एक पुस्ताबाट अर्को पुस्तामा हस्तान्तरण हुादै आइरहेका छन् ।

### २.४.३ सामूहिकता

लोकगीतको महत्त्वपूर्ण तत्त्वअन्तर्गत सामूहिकता पनि पर्दछ । लोकगीत लोकसमुदायको सामूहिक अभिव्यक्ति हो । लोकगीतको रचनाकार र यसको भावभूमि पनि सामूहिक हुन्छ । लोकगीत जसले गए पनि त्यसमा निहित उल्लास र पीडाका स्वर समूहका स्वर भएर गुञ्जन्छन् । नेपाली लोकगीतमा सामाजिक मूल्य र मान्यता अभिव्यक्ति गर्ने शक्ति रहेको पाइन्छ (पराजुली, २०५७:१३८) । लोकगीतमा व्यक्तिका स्वानुभव र स्वानुभूति, प्रकट भएका भए तापनि त्यसले जीवन्तता नपाउादै समुदायका अर्कोअर्को सदस्याका स्वानुभव र स्वानुभूति त्यसमा घुलमिल हुन जान्छ र त्यो सामूहिक अनुभूतिको उपज बन्न जान्छ ।

### २.४.४ परिवर्तनशीलता र गतिशीलता

परिवर्तशीलता र गतिशीलता पनि लोकगीतका मूलभूत विशेषता रहेका छन् । लोकगीतमा समय र स्थानअनुसार परिवर्तनशीलता देखा पर्दछ । प्राचीनता, पारम्पारिकता, हस्तान्तरणीयता तथा मौखिकता, आदिका कारण यसमा समयानुकूल परिवर्तन भइरहन्छ । मौखिक रूपमा आफूले सुनेको लोकगीतलाई स्मृतिका भरमा पुनः अर्को समयसन्दर्भमा सम्झेर पुनः गाउनु पर्दा उस्तै ठ्याक्कै प्रस्तुत गर्नु सम्भव देखिन्न । त्यसैले नित्यनिरन्तर परिवर्तनशील भएकाले लोकगीतमा गतिशीलता पाइन्छ (लामिछाने, २०६८:२६) ।

### २.४.५ सरलता र सहजता

लोकगीतका अनेकौं विशेषता मध्ये सहजता र सरलता पनि महत्त्वपूर्ण रहेका छन् । लोकगीत कृत्रिमताबाट टाढा रहने हुादा यसमा सरलता र सहजता रहेको हुन्छ । लोकसमुदायको स्वतःस्फूर्त अभिव्यक्ति भएकाले पनि यसमा कृत्रिमता तमै नैसर्गिकता हुन्छ । सरल र सहज हुने गुण भएकाले नै यी लोकजीवनमा मौखिक रूपमा प्रसारित भइरहेका छन् ।

### २.४.६ स्वच्छन्दता

स्वच्छन्दता पनि लोकगीतको महत्त्वपूर्ण विशेषता हो । लोकगीत स्वच्छन्द प्रकृतिको हुन्छ । यो स्वतःस्फूर्त रूपमा संरचित हुन्छ र यसले सबै बन्धनहरूबाट मुक्त हुने कोसिस गर्दछ । लोकभूमिको उन्मुक्त वातावरणमा लोकभावना मुखारित हुने लोकगीतको भाषाशैली सरल, सहज र स्वच्छन्द रहेको पाइन्छ (लामिछाने, २०६८:२७) ।

### २.४.७ पुनरावृत्ति

उही भाव वा कथ्यको पुनरावृत्ति हुनु पनि लोकगीतको अर्को विशेषता हो । एउटै कथ्य वा भावका अनेक लोकगीत पाइनु भाव वा कथ्यगत पुनरावृत्ति हो भने उही लोकगीतमा स्थायी र थेगाहरू पटकपटक दोहोरिनु प्रस्तुतिगत पुनरावृत्ति हो (लामिछाने, २०६८:२७) । पुनरावृत्तिसागै लोकगीतको गायन अवधि विस्तार हुने गर्दछ ।

### २.४.८ छरितोपना तथा भावको तीव्रता

सामान्यतया छरितोपना तथा भावको तीव्रता हुनु लोकगीतको प्रमुख विशेषता हो । लोकगीत छोटोछरितो हुनुको साथै यसमा चट्ट छुने भनाइ नै भावको तीव्रता हो । नेपाली

लोकगीतले मन मुटुलाई चस्स छुन्छन् (लामिछाने, २०६८:२८) । यसरी छोटो छरितोपना भित्र पनि भावको तीव्रता कायम रहनु यसको आफ्नो विशेषता हो ।

### २.४.९ गेयात्मकता र सङ्गीतात्मकता

गेयात्मकता र सङ्गीतात्मकता लोकगीतको अर्को महत्त्वपूर्ण विशेषता हो । बाासुरी, मादल, खैजडी, सारङ्गी, सनई आदि जस्ता लोकबाजाहरूको माध्यमबाट लोकगीतमा स॰ीत प्रदान गरिन्छ । थपरीले पनि स॰ीतको काम गरेको हुन्छ । लोकगीत गायन प्रधान हुन्छ तर वाद्यवादन तथा नृत्यको भूमिका भने सबैमा अनिवार्य हाुदैन । लोकगीत गाउादा बाजाका साङ्गीतका ताल र नृत्यको भ॰िमा भएमा लोकगीतको प्रस्तुति झनै आकर्षक हुन्छ (लामिछाने, २०६८:२८) । यसरी स॰ीतले नै लोकगीतलाई कर्णप्रिय र लोकप्रिय बनाएका छन् ।

### २.४.१० लोकतत्त्वको प्रयोग

लोकतत्त्वको प्रधानता हुनु पनि लोकगीतको अर्को विशेषता हो । लोकसमुदायका मूल्य, मान्यता, विश्वास, रीतिरिवाज, चालचलन, प्रथा तथा लोकसमुदायद्वारा प्रयुक्त भाषा आभूषण, उपकरण आदिको समष्टि नै लोकतत्त्व हो (लामिछाने, २०६८:२८) । लोकगीत लोकको सिर्जना भएकोले पनि यसमा स्वाभाविक रूपमा लोकतत्त्व निहित रहेको हुन्छ ।

यसरी लोकगीतको समग्र अध्ययनगर्दा अज्ञात रचयिता, मौखिकता र पारम्पारिकता, सामूहिकता, परिवर्तनशीलता र गतिशीलता सरलता र सहजता, स्वच्छन्दता, पुनरावृत्ति, छरितोपन तथा भावको तीव्रता, गेयतात्मकता र सङ्गीतात्मकता र लोकतत्त्वको प्रयोग जस्ता मुख्य विशेषताहरू रहेका छन् भने लयगत र भाकागत विविधता पनि लोकगीतका विशेषता रहेका छन् ।

## २.५ लोकगीतका निकटस्थ विधाहरू

लोकसाहित्यका सबै विधाहरूको आआफ्नै अस्तित्व र पहिचान रहादै आएको छ । लोकगीतको पनि लोकसाहित्यमा आफ्नो छुट्टै स्थान सुरक्षित रहेको छ । यो लोकसाहित्यको एउटा लोकप्रिय विधा हो । लोकगीत लोकजीवनको ढुकढुकी हो र प्राण पनि हो । यसले नदी बनेर लोकजीवनका बाााझा पाखा र बारीहरूमा सिञ्चन गर्ने काम अनवरत रूपमा गरिरहेको छ, शताब्दीयौदेखि र गरिरहनेछ अनवरत रूपमा सधैं । यस्तो आफ्नो छुट्टै अस्तित्व र पहिचान बनाउन सफल लोकगीतका पनि लोकसाहित्यका केही विधासाग निकटता वा समानता देखिएको छ । ती विधाहरू यसप्रकार रहेका छन् :

### २.५.१ लोकगीत र लोककविता

लोककविताको संरचनामा पाइने भिन्नताले यसको पृथक् अस्तित्व रहेको छ, तर पनि यी दुई विधा बीच अत्यधिक मात्रामा समानता रहेको हुादा दुवैलाई छुट्याउन कठिन पनि हुने गर्दछ । लोककविता पद्य रचना भएकोले यसमा लयात्मकता र छन्दमयता रहन्छ भने लोकगीतमा स ीतात्मकता रहेको पाइन्छ । यसरी लोकगीत र लोककवितामा पाइने प्रमुख समानताहरू यस प्रकार रहेका छन् ।

(क) लोकगीत र लोककविता दुवै लयात्मक संरचना हुन् । त्यसैले दुवैको रचना पद्यमा गरिन्छ ।

(ख) यी दुवै एउटा मुख्य र केन्द्रीय भावका वरिपरि घुमिरहन्छन् ।

(ग) दुवैमा सङ्क्षिप्त र कसिलो कथनले प्रमुखता पाएकोले सारगर्भित उक्ति हुन्छ ।

(घ) दुवैमा सरल र बोधगम्य भाषाको प्रयोग हुन्छ ।

(ङ) यी दुवैमा प्रगीतात्मक संरचना रहेकोले भावगत एकोन्मुखता र सुनियोजित लय रहन्छ ।

(च) यी दुवै लघु आकारका रचना हुन् ।

(छ) बाजा र नृत्य कविताका लागि आवश्यक तत्त्व होइनन् भने सबै गीतका लागि पनि यी आवश्यक तत्त्व होइनन् ।

(ज) जसरी कवितालाई विभिन्न लय वा भाकामा वाचन गर्न सकिन्छ, त्यसैगरी लोकगीतलाई पनि विभिन्न लय र भाकामा गाउन सकिन्छ ।

लोकगीत र लोककवितामा केही समानता देखिए पनि यी दुवैको आआफ्नो अस्तित्व रहेको हुादा यिनी दुई विधाबीच ठूलै असमानता पनि रहेका छन्, जुन निम्नप्रकार रहेका छन् :

(क) लोकगीत गेय हुन्छ भने लोककविता पाठ्य हुन्छ ।

(ख) लोकगीतमा स ीतात्मकता हुन्छ भने लोककवितामा स ीत हुादैन ।

(ग) लोकगीत आत्मकेन्द्रित हुन्छ भने लोककविता विषयकेन्द्रित हुन्छ ।

(घ) लोकगीतमा हार्दिकता हुन्छ भने लोककवितामा बौद्धिकता हुन्छ ।

(ङ) लोकगीतमा अधिक पुनरावृत्ति हुन्छ भने लोककवितामा न्यून पुनरावृत्ति रहन्छ ।

(च) लोकगीतमा स्थायी र अन्तरा हुन्छ भने लोककवितामा स्थायी र अन्तरा हुँदैन ।

(छ) लोकगीतमा लयको प्रधानता हुन्छ भने लोककवितामा छन्दको प्रधानता हुन्छ ।

(ज) लोकगीतका धेरै भेद छन् भने लोककविताका भेद कम छन् ।

(झ) लोकगीतमा मुक्त अभिव्यक्ति कम हुन्छ, भने लोककवितामा मुक्त अभिव्यक्ति बढी

रहन्छ ।

(ञ) लोकगीत सरल र सरस हुन्छ भने लोककविता अलि जटिल हुन सक्छ ।

(ट) लोकगीतमा गायनको खास लय हुन्छ भने लोककवितामा त्यस्तो लय हुँदैन ।

(ठ) लोकगीतमा बाजा र नृत्यको प्रयोग हुन सक्छ भने लोककवितामा बाजा र

नृत्यको प्रयोग हुँदैन ।

(ड) लोकगीतमा थेगा र रहनीहरूको अधिक प्रयोग हुन्छ भने लोककविता यसको

प्रयोग न्यून हुन्छ ।

(ढ) लोकगीतमा निर्धारित लय हुन्छ भने लोककविता जुनसुकै लयमा पढ्न वा

सुनाउन सकिन्छ ।

यसरी लोकगीत र लोककविता दुवै लोकद्वारा सिर्जना भएका पद्य रचना भएकाले यी दुवै विधामा केही कुरामा समानता देखिए तापनि यी दुवै विधाका बीच धेरै कुरामा असमानता रहेकाले यी दुवै लोकसाहित्यका पृथक् विधा हुन् ।

### २.५.२ लोकगीत र लोकगाथा

लोकगीत र लोकगाथा लोकसाहित्यका पृथक् विधा भए तापनि यी दुवै विधामा धेरै समानता र निकटता रहेको छ । यी दुवैका रचनाकार र रचनाकाल अज्ञात हुन्छ । दुवै

मौखिक र श्रुतिपरम्परामा जीवित रहन्छन् । दुवै लोकका साझा सम्पत्ति हुन र दुवैले लोकभावनाको प्रतिनिधित्व गर्दछन् । लोकगीत र लोकगाथामा पाइने प्रमुख समानताहरू यस प्रकार रहेका छन् :

(क) लोकगीत र लोकगाथा दुवै गीति विधा हुन् ।

(ख) दुवैमा गेयात्मकता र लयात्मकता रहन्छ ।

(ग) दुवै लोकलय र भाकामा आबद्ध हुन्छन् ।

(घ) दुवैमा स·गीतात्मक सरलता हुन्छ ।

(ङ) दुवैमा संरचनात्मक सरलता हुन्छ ।

(च) दुवैमा हार्दिक पक्षको प्रधानता रहन्छ ।

(छ) दुवैमा स्थानीय झर्रा र बोलीचालीको भाषाको प्रयोग हुन्छ ।

(ज) यी दुवैमा प्राकृतिक र नैसर्गिक हुन्छन् ।

लोकगीत र लोकगाथामा सामीप्यता रहे तापनि यी दुवै विधाका बीच धेरै असमानताहरू पनि रहेका छन्, जुन यसप्रकार छन् :

(क) लोकगीत कथामुक्त हुन्छ भने लोकगाथा कथायुक्त हुन्छ ।

(ख) लोकगीतको विषयवस्तु भाव वा विचार हुन्छ, भने लोकगाथाको विषयवस्तु घटना

र कथानक हुन्छ ।

(ग) लोकगीत लघुरूपको हुन्छ भने लोक गाथा लामो रूपको हुन्छ ।

(घ) लोकगीतको संरचना प्रगीतात्मक हुन्छ भने लोककतिाको संरचना आख्यानात्मक

हुन्छ ।

(ङ) लोकगीतमा द्वन्द्व र सङ्घर्षको न्यूनता हुन्छ भने लोकगाथा द्वन्द्व र सङ्घर्षको

सघनता हुन्छ ।

(च) लोकगीत फुटकर कविता जस्तो हुन्छ, भने लोकगाथा खण्डकाव्य वा महाकाव्य

जस्तो हुन्छ ।

(छ) लोकगीत भावनाप्रधान हुन्छ, भने लोकगाथा कार्यव्यपार प्रधान हुन्छ ।

(ज) लोकगीतमा विषयगत एकोन्मुखता हुन्छ, भने लोकगाथामा विषयगत व्यापकता

हुन्छ ।

(झ) लोकगीत मर्मस्पर्शी हुन्छ, भने लोकगाथा कुतूहलपूर्ण हुन्छ ।

(ञ) लोकगीतमा एकल कथ्य एउटै कक्षमा घुम्दछ भने लोकगाथामा घटनाप्रधान कथ्य

आदि, मध्य र अन्त्य भागमा फिजारिएको हुन्छ ।

(ट) लोकगीतको स॰ठन र विकास वर्तुलित हुन्छ भने लोकगाथाको स॰ठन र विकास

वृत्तात्मक हुन्छ ।

(ठ) लोकगीतमा सङ्क्षिप्त कथन हुन्छ, भने लोकगाथामा विस्तारित कथन हुन्छ ।

(ड) लोकगीत नृत्यसित कम सम्बद्ध हुन्छ भने लोकगाथा नृत्यसित बढी सम्बद्ध हुन्छ ।

यसरी लोकगीत र लोकगाथा दुवै लोककै उपज भएको र दुवै गीती विधा भएकाले केही समानता देखिए तापनि यी दुवै विधा बीच ठूलो असमानता रहेकाले यी दुवै विधा लोकसाहित्यमा छुट्टै अस्तित्व वहन गर्ने विधा हुन पुगेका छन् ।

## २.६ नेपाली लोकगीतको वर्गीकरण

लोकगीतको प्रकार छुट्ट्याउने कामलाई वर्गीकरण भनिन्छ । वर्गीकरण गर्दा केही मापनका आधारहरू निश्चित गरी सोही आधारमा समान वा असमान किसिमका लोकगीतहरू पहिल्याउने काम गरिन्छ । लोकगीतको प्रकार विभाजनमा धेरै मतैक्यता पाइएको छ । विभिन्न विद्वान्हरूले राखेको मतको आधारमा मोटामोटी रूपमा नेपाली लोकगीतलाई निम्नलिखित रूपमा विभाजन गर्न सकिन्छ :

### २.६.१ क्षेत्रीय आधार

क्षेत्रीय आधारमा लोकगीतका प्रकारहरू विभाजन गर्दा क्षेत्र र स्थानलाई प्रमुख रूपमा लिइएको छ । जस्तै :

हिमाली लोकगीत, पहाडी लोकगीत, पुर्बेली लोकगीत, पश्चिमी लोकगीत, पाल्पाली लोकगीत, स्याङ्जाली लोकगीत, धनकुटे लोकगीत, तेरथुमे लोकगीत आदि ।

### २.६.२ जातीय आधार

यस आधारमा लोकगीतको वर्गीकरण गर्दा जात वा जातिलाई प्रमुखता दिइन्छ । यस आधारमा वर्गीकरण गर्दा जुन लोकगीत जुन जातिमा प्रचलित छ, त्यसैका आधारमा नामकरण गरिएको छ । जस्तै :

बाहुन-क्षेत्री लोकगीत (भजन, बालुन, चुड्का आदि), थारु लोकगीत, नेवारी लोकगीत, गुरुङ लोकगीत, मगरााती लोकगीत, सेर्पा लोकगीत, गाइने लोकगीत, राई लिम्बु गीत, किरााती गीत आदि ।

### २.६.३ उमेरगत आधार

उमेर समूहलाई प्रमुखता दिई वर्गीकरण गरिएको आधारलाई उमेरगत आधार भनिन्छ । यस समूहमा मानव जीवनका बाल, युवा र वृद्ध अवस्थामा गाइने गीतहरूलाई आधार बनाइएको छ । जस्तै :

बालगीत, युवागीत, बृद्धगीत, वयस्कगीत ।

### २.६.४ लि▪गत आधार

नारी र पुरुषको पक्षले गाउने आधार मानी छुट्टयाएको गीतलाई लि▪गत आधारमा वर्गीकरण गरिएको मानिन्छ । नेपालीमा खासखास गीतहरू नारीले मात्र र खासखास गीतहरू पुरुषले मात्र गाउने गर्दछन् । जस्तै :

नारीगीत- तिजे, रत्यौली, माागल, सगुन, फाग, जेठे, सागिनी, सैरेली, मैली आदि ।

पुरुषगीत- दाइागीत, बालुन, देउसी भुओ आदि ।

नारी-पुरुषगीत- झ्याउरे, देउडा, सालैजो, असारे, भेलाउलो आदि ।

### २.६.५ प्रस्तुतिगत आधार

यस आधारमा लोकगीतको विभाजन गर्दा प्रस्तुतिलाई प्रमुख आधार मानिएको हुन्छ । जस्तै :

- कण्ठ्यगीत (बाजाबिना गाइने लोकगीत) - मागल सगुन रोइला, शिशुगीत र बालगीत आदि
- वाद्यगीत (बाजासहित गाइने लोकगीत) - गाइने गीत, भजन, बालुन, चुटका, सेलो, पडेली आदि ।
- नृत्यगीत (नाचसहित गाइने लोकगीत) - तिजे, रत्यौली, देउडा, कौरा आदि ।
- वाद्यनृत्यगीत - कौरा, रत्यौली, तिजे, झ्याउरे आदि ।

### २.६.६ सहभागिताको आधार

गायनमा संलग्न व्यक्तिहरूको सहभागिता सङ्ख्यालाई प्रमुख आधार मानी वर्गीकरण गरिएको लोकगीत यस विभाजनमा पर्दछ । जस्तै :

- एकल लोकगीत - पडेली, झ्याउरे, रोइला, सेलो, शिशुगित आदि ।
- युगल लोकगीत - चुड्का, झ्याउरे, रोइला, ख्याली आदि ।
- दोहोरी लोकगीत - सालैजो, चुड्का, झ्याउरे, रोइला, ख्याली आादि ।
- समूह लोकगीत - देउडा, मागल, सगुन, फाग, देउसी, भैलो, चुड्का, झ्याउरे आदि ।

### २.६.७ प्रकार्य वा प्रयोग हुने अवसरको आधार

- सदाकालिक लोकगीत - झ्याउरे, रोइला, देउडा, सागिनी, ख्याली, सालैजो, शिशुगीत र बालगीत, बारमासा, चुड्का, सेलो, कौरा, हाकपारे आदि ।
- संस्कारगीत - मागल, फाग, सगुन, खाडो, रत्यौली, करात र आशिका, सिलोक आदि ।
- पर्वगीत - तिजे, गौरा, सैरेलो, मालसिरी, भैलो, देउसी, बसन्त, फागु वा होरी, सराए, भुओ आदि ।
- धार्मिक गीत - भेलाउलो, प्रभाती, पडेली, चुड्का, भजन, आरती भजन आदि ।
- श्रमगीत - जेठे, रामदली, असारे, रसिया, दाइगीत, गोडेलो, साउने, कात्तिके आदि ।

लोकगीतको वर्गीकरणमा प्रकार्य वा प्रयोग हुने अवसरको आधारमा गरिएको वर्गीकरणलाई बढी सान्दर्भिक मानिएको छ । यसअन्तर्गत सदाकालिक, लोकगीत, संस्कारगीत, पर्वगीत, धार्मिक गीत र श्रमगीत मुख्य रहेका छन् । ऋतुकालीन लोकगीतमा पर्ने पर्वगीत र श्रमगीत मध्ये चाडपर्वका अवसरमा गाइने गीतलाई पर्वगीत भनिन्छ । मानवीय जीवनमा चाडपर्वको आफ्नै स्थान र महत्त्व रहेको हुन्छ । प्रत्येक समाजमा रहेका बासिन्दाहरूको जीवनका बोझ र दुखहरू हटाएर आफ्ना तनावपूर्ण मन-मस्तिष्कलाई हलुका गराउने अवसर प्राप्तिको निम्ति समयसमयमा कुनै खासखास मोडहरूमा केही बिसाउनी, उमङ्ग र नयाापनको सिर्जना गरिएको हुन्छ, तिनै खासखास समयमा हुने/गरिने क्रियाकलाप नै पर्व हुन् ।

सामाजिक-सांस्कृतिक जीवनसाग पर्वको निकट सम्बन्ध रहेको छ । धार्मिक आस्था सामाजिक संस्कारका कारण मान्छेले उत्सव मनाउने, पूजाआजा गर्ने, मेला जाने आदि कार्य गर्दछन् । सबै सागै मिलेर चाडपर्व मनाउादा, दुखसुख बााड्दा आफन्तहरू बीचको सम्बन्ध ताजा हुने र सामीप्यता पनि कायम हुने गर्दछ । यसरी चाडपर्वको अवसरमा लोकसमुदायद्वारा जुन-जुन गीत गाइन्छन् ती लोकगीत नै पर्वगीत हुन् ।

पर्व गीत धार्मिक दृष्टिले पौराणिक श्रुति परम्पराका रूपमा पनि निर्माण भएका छन् भने राष्ट्रका ऐतिहासिक घटनाक्रमका कथामा पनि मिसिएर बनेका छन् । नेपाली समाजमा रहेका लोकगीतमा प्रचलित मुख्य पर्वगीतहरू वसन्त ऋतुका प्रारम्भसागै सुरु हुादै जान्छन् र वसन्त पञ्चमीमा सकिन्छन् भन्ने मान्यता छ । वसन्त पञ्चमीदेखि सरस्वती वन्दना सुरु गरिन्छ भने, फागु पूर्णिमा, चैतेदसैं रामनवमीमा पनि विभिन्न भाकाहरू गुञ्जनले गर्छन् भने वैशाखे सङ्क्रान्ति र रक्षाबन्धनमा पनि गीत गाइने गरिन्छ । वर्षा ऋतुमा पर्ने चाडपर्वहरूमा कृष्णजन्माष्टमी र तीज पर्दछन् । तीजमा तीजेगीत घन्कन्छन् । शरदमा मालसिरीको मीठो धुनले धर्ती गुञ्जायमान हुन्छ भने भैलो र देउसीका भाकाहरू पनि बडो रोमाञ्चक पाराले घन्कन्छन् साथै हेमन्तमा भुओ गीत गुञ्जने गर्दछ । यसप्रकार वर्षै पिच्छे खास गरी वर्षा ऋतुमा पर्ने भाद्रशुक्ल द्वितीयादेखि पञ्चमीसम्म गाइने गीतलाई तीज गीत भनिन्छ ।

## २.७ निष्कर्ष

लोकसाहित्यका विविध विधाहरू मध्ये लोकगीत एउटा गेयात्मक र प्रमुख लोकप्रिय विधा हो । लोकगीत लोकको गीत हो, जसमा लोकजीवनका दुख सुख, आासु हाासो, खुसी-उमङ्ग, उकाली-ओराली, मिलन-बिछोड, जस्ता संवेदनाको अभिव्यक्ति हुन्छ । यो मौखिक र श्रुतिपरम्परामा हुर्किएको एउटा लयात्मक रचना हो । लोकगीतका तत्त्वहरू भाव वा विचार, लय र भाका, यति र गति, स्थायी र अन्तरा, थेगो वा रहनी, भाषा र शैली वा कथन पद्धति

आदि हुन् भने यसका सहायक तत्त्वहरू सङ्गीत, पात्र, घटना र परिवेश रहेका छन्, जसले लोकगीतको अस्तित्वको निर्माण गर्दछ । लोकगीतलाई चिन्न र जान्न सघाउने यसका विशेषताहरूमा अज्ञात रचयिता, मौखिकता र पारम्परिकता, सामूहिकता, परिवर्तनशीलता र गतिशीलता, सरलता, सहजता, स्वच्छन्दता, पुनरावृत्ति, छरितोपना तथा भावको तीव्रता गेयात्मकता र सङ्गीतात्मकता, लोकतत्त्वको प्रयोग जस्ता मुख्य विशेषता रहेका छन् भने कथ्यगत, लयगत र भाकागत विविधता पनि यसका विशेषता रहेका छन् । पृथक् अस्तित्व वहन गरेको लोकगीतको लोककविता र लोकगाथासाग केही समानता रहे पनि लोकगीत र यी दुई विधा बीच ठूलो असमानता रहेको छ । यसको वर्गीकरण क्षेत्र, जाति, उमेर, लिङ्ग, प्रस्तुति, सहभागिता, प्रकार्य वा प्रयोग आदिका आधारमा गरिएको छ । यी विविध वर्गीकरणका आधारमध्ये प्रकार्य वा प्रयोग हुने अवसर नेपाली लोकगीतको वर्गीकरणको प्रमुख आधार मानेर यस आधारमा नेपाली लोकगीत सदाकालिक, संस्कार, पर्व, श्रम र धार्मिक गीतका रूपमा रहेका छन् । यसै पर्व गीतअन्तर्गत तीज गीत पनि पर्दछ, जुन भाद्र शुक्ल द्वितीयादेखि पञ्चमीसम्म गाइन्छ ।

# परिच्छेद तीन

# तीज पर्व र तीज गीत

## ३.१ विषयप्रवेश

**यस** परिच्छेदमा तीज पर्वको सन्दर्भको उल्लेख गर्दै, तीज पर्वको नामकरण तीजको व्रत र पूजाविधि, तीज पर्व मनाउनुको मुख्य प्रयोजन, तीज पर्वमा गरिने क्रियाकलाप, तीज पर्वको अवधि, तीज पर्व र पारिवारिक सम्बन्ध तथा तीज गीतका बारेमा चर्चा गरिएको छ ।

## ३.२ तीज पर्वको सन्दर्भ

तीज पर्व नेपाली महिलाहरूको ऐतिहासिक र धार्मिक पर्व हो । विशेष गरी हिन्दू धर्ममा आस्थावान् नेपाली महिलाहरूले तीज पर्वलाई बडो उल्लास र निष्ठापूर्वक मनाउने गर्दछन् । तीज पर्वको पौराणिक र आध्यात्मिक महत्त्व पनि रहेको छ । तीज पर्वको उद्भवको इतिहासको खोज गर्दै जाादा कुमारी कन्याहरूले आफूलाई योग्य र मन परेको वर छान्न बुवा आमासाग गरेको विद्रोहबाट सुरु भएको मान्न सकिन्छ ।

तीज पर्वको सुरुवातको सन्दर्भमा धार्मिक तथा पौराणिक आख्यानहरूको सहयोगबाट यसको इतिहास खोतल्न सकिन्छ । तीज पर्वको थालनीको बारेमा एउटा पौराणिक आख्यान उपलब्ध रहेको छ, जुन आख्यान वार्षिक पर्वको रूपमा वर्षैपिच्छे आउने तीज पर्वको अवसरमा धार्मिक पुरोहितहरूद्वारा तीजको व्रत बसेका नारीहरूलाई वाचन गरी सुनाउने गरिन्छ । सो आख्यान यसप्रकार छ :

हिमालय पर्वतकी पुत्री पार्वती युवा अवस्थामा प्रवेश गरिसकेकाले विवाहको लागि योग्य वरको तलासको चिन्ताले बाबु हिमालय पर्वत पिरोलिइरहेको बखतमा नारदमुनि प्रकट भएर भगवान् विष्णुले पार्वतीलाई माग्न पठाएको वृत्तान्त सुनाएर सबै तेत्तीस कोटी देवताभन्दा विष्णु महान् देवता भएकाले पार्वतीको बिहे विष्णुसाग गरिदिनु उत्तम हुन्छ भन्ने कुरामा जोड दिए । पर्वतराजले पनि आफ्नो ठूलो दायित्व पूरा हुने सोची छोरी पार्वतीको विवाह भगवान् विष्णुसाग गरिदिने घोषणा गरे ।

पार्वतीका मनमा ठूलो आाधीहुरी चल्न थाल्यो । उनले मनैमनले श्री महादेवलाई आफ्ना पति मानिसकेकी थिइन् । त्यसैले उनी आफ्ना साथीहरू सहित हिंस्रक जनावरहरू रहेको निर्जन वनमा गएर आफ्नो विवाह महादेवसाग नभए आत्महत्या गर्छु, तर कुनै पनि हालतमा विष्णुलाई आफ्नो पति स्वीकार गर्दिन भन्दै अलापपिलाप गर्न थालिन् ।

विष्णुलाई कन्यादान दिने वचन गरिएकी छोरी हराउादा पर्वतराज चिन्ताले आकुलव्याकुल भई चारै दिशा खोज्न थाले । उनी आफ्नी छोरीलाई कसैले हरण गऱ्यो कि, वनमा हिंस्रक जनावरको सिकार पो भई कि भन्दै विभिन्न शङ्कामा रुमलिादै शोकाकुल भएर पागल सरी वनवनमा भौतारिन थाले ।

उता पार्वती अन्न, जल सबै त्यागेर नदीतिरको गुफामा आसन गरी भाद्र शुक्ल तृतीयाका दिन बालुवाको शिवलि· स्थापना गरी गीत गाई रातमा जाग्राम भएर व्रत बसिन् । त्यसै व्रतका प्रभावले शिवजी प्रकट भई पार्वतीको कठोर व्रतको प्रभावले आफू प्रसन्न भएको र वर माग्न भने । पार्वतीले शिवलई पति पाउने वरदान मागिन् । शिवले तथास्तु भने अनि  कैलाशतिर फर्किए अर्को दिन सबै सर्जाम नदीमा विसर्जन गरेर सांगिनीहरूसाग शुभपारायण गर्दै गरेका बेला विरहले छटपटिादै पर्वतराज पनि त्यहीा पुगे । छोरी पार्वतीलाई काखमा राखी अलापविलाप गरी रुादै घर छोडेर निर्जन वनमा आउनुको कारण सोधे । पार्वतीले विष्णुलाई कन्यादान दिने कुरा उचित नलागेकाले म यहाा आएकी हुा, यदि महादेवलाई कन्यादान दिनुहुन्छ भने म घर फर्कन्छु, अन्यथा म यहीा घनाज·लमा तपस्या गरी बस्छु भनेपछि हिमालय पर्वतले पार्वतीको रोजाइलाई स्वीकार गरी उनलाई घर फर्काएर महादेवसागै उनको कन्यादान   गरिदिए ।

## ३.३ तीज पर्वको नामकरण

महादेवलाई पति पाऊा भन्ने धारणाले प्रेरित भएर पार्वतीका सहेलीहरूद्वारा हरिता ( लुकाइएकी अथवा हरण गरिएकी) कारणबाट हरिता रहन गएको र त्यस दिनदेखि पूजाआजा व्रत, उपवास, गाना, बजाना पूर्वकको जागरणले यो भाद्र शुक्ल तृतीयालाई हरितालिका भन्ने नाम रहन गएको हो (सिंजाली, २०६१:४२) । तीज पर्वको इतिहास खोज्ने क्रममा यस्ता आख्यानहरू प्राप्त भए पनि आख्यानमा उल्लेख भए अनुसारले तीज पर्व मनाउने चलन हट्दै गएको छ । परम्परादेखि मनाउादै आएको यो पर्वमा पनि धेरै उकाली-ओरालीहरू देखिएका  छन् ।

## ३.४ तीज पर्वको व्रत र पूजाविधि

महादेव पति पाऊँ भन्ने धारणाले अमिली नामकी सहेलीद्वारा हरिएर लुकाइएको कारणबाट गरिएको त्यस दिनको पूजाआजा व्रत उपवास, गानाबजानापूर्वकको जागरणले यो भाद्र शुक्लको तृतीय हरितालिका (तीज) नामले प्रख्यात यस व्रतको विधि पनि आÇनै तरिकाको छ ।

सौभाग्यवती महिलाहरूका निम्ति अति नै उत्कृष्ट मानिने यो व्रत भाद्र महिनाको शुक्ल पक्षको तृतीया तिथिको दिनमा बस्ने गरिन्छ । केराका थामहरूले चार कुना पारी चार ठाउामा गााठी सजाएको पूजा मण्डपलाई तोरणहरूले सिागारी तोरणमा अनेकौ रङका फूलहरू, आाप, वर, पीपल र शमीका पातहरूले सजाएको हुन्छ । र॰ीच॰ी कपडा र चादुवाले सजाएर पूजामण्डपलाई चन्दनले पोतेर सुवासमय बनाउने, शङ्ख, दमाहा र मादलका स॰ीतले गुञ्जायमान बनाउादै माङ्गलिक गीतहरू पनि गाइने गरिन्छ । अनेकौा फूलहरू अक्षता, धुप, दीप, नैवेद्य चढाएर पूजा गरी रातमा जाग्राम बस्नु अनि पूजा गर्दा नरिवल, सुपारी, ज्यामिर, बिमिरो, सुन्तला आदि अनेक फलफूलहरू अर्पण गरी पूजा सम्पन्न गरिन्छ । पूजा गर्दा उच्चारण गरिने मन्त्र यसप्रकार रहेको छ :

“नन्दि-भृ॰ महाकाल गणले युक्त ईश्वर शान्त त्रिशुली पञ्चास्य शिवलाई नमोनमः । प्रकृति सृष्टिकी हेतु शिवरूपी जगतमाया सर्वमङ्गलः ... म॰ल हरकान्ता शिवउमा कल्याणद्वारा तिमीलाई नमस्कार छ । सर्वदा शिवरूपी जगद्वाजी वमोनमः संसारमय सन्तापदेखिन सिंहवाहिनी मलाई त्राही दिवेशी गिरिजादम्ब महेश्वरी जे इच्छाले पूजियो द्यौ राज्य सौभाग्य सम्पत्ति” (पराजुली, २०६७:३२) ।

यस मन्त्रको उच्चारण गरी विधिपूर्वक कथा श्रवण गरेर दुखी दरिद्र तथा ब्राह्मणहरूलाई पनि आफ्नो गच्छेअनुसार लत्ताकपडा, गहना, दान दिनु पर्दछ र शक्तिले भरिएको मनले पतिका साथमा कथा सुनेपछि पूजा समापन गर्नुपर्छ भनेर उल्लेख गरिएको छ ।

तीजको व्रत बस्दा निराहार निर्जल बस्न सके अझ राम्रो मानिन्छ । कुनैकुनै महिलाहरू तीजको व्रतका दिन थुक समेत निल्दैनन् । यो शक्तिशाली व्रत गरेर आफ्ना सबै पाप काट्न चाहन्छन् । एकपटक गरेका व्रतले सात जन्मसम्म राज गरेर ढलिमली भइरहन पाइन्छ र सौभाग्य पनि बढ्छ भन्ने मान्यता छ । यस भाद्रशुक्ल तृतीयाको दिन कुनै नारीले खान्छे भने सात जन्मसम्म बााझी हुन्छे पनि भनिएको छ । प्रत्येक मनुष्य योनीको जन्ममा विधवा भइरहन्छे, दरिद्र भइरहन्छे, पुत्रशोक हुन्छ, दुख भोगीरहनु पर्ने हुन्छ । भाद्र शुक्ल तृतीयाको दिन उपवास नबस्ने नारी घोर नरकमा पर्दछे भनिएको छ (पराजुली, २०६७:३३) ।

व्रत बसी सुन, तामा, पित्तल अथवा माटोकै भाँडामा भए पनि वस्त्र, अन्न, दक्षिणा राखी व्रत पारणका लागि यो वाचन (पूर्णपात्रो) अन्न उत्तम ब्राह्मणलाई दिनु भन्ने प्रावधान छ । यस्ता विधिले जुन नारीले व्रत सम्पन्न गर्दछे त्यो नारी आफ्ना श्रीमान्‌का साथमा रमण गरिरहन्छे र पृथ्वीमा अनेक सुख भोग गर्दै अन्त्यमा साथै मुक्ति पनि प्राप्त गर्दछे । हरितालिकाको कथा सुन्दा मात्रै पनि हजारौं अश्वमेध र सयकडौं बाजपेय यज्ञ गर्दा प्राप्त गरिने फल पाइन्छ । यसरी तीजको महत्त्वको अनुसरण गरी वर्षेनी परम्परागत रूपमा नेपाली नारीले यो व्रत बस्दै आएका छन् ।

अविवाहित नारीहरूले पनि यो व्रत विधिपूर्वक सम्पन्न गरेमा आफूले मन पराएको व्यक्तिलाई जीवनसाथी प्राप्त गर्न सकिने धारणा अनुरूप यस व्रतलाई मान्ने गरिएको छ । आज भोलि यो व्रतमा निर्जला र निराहर बसे पनि घरैपिच्छे मण्डप सजाउने चलन चाँहि लोप भइसकेको छ । गाउँघरका सबै दिदीबहिनी भेला भएर विभिन्न सार्वजनिक स्थल, मन्दिर तथा चौतारीहरूमा पूजा गरेको भेटिन्छ । व्रत बसेको सन्ध्याकालमा नजिकका शिव-पार्वती मन्दिरहरूमा गएर पूजा गरिन्छ । पूजा सकेपछि रातभरि नाचगान गरी उल्लासपूर्वक यो पर्व मनाइन्छ । अर्को दिन बिहान नित्यकर्म गरी आफूले यथासक्य दानदक्षिणा गरेर मात्र भोजन गर्ने चलन छ ।

यसरी यो तीज पर्वको व्रत र पूजाआजा समापन गरिसकेपछि दोस्रो दिनमा महिलाहरूको अर्को व्रत ऋषिपञ्चमी पर्दछ । यो व्रतको पनि आफ्नो छुट्टै महत्त्व रहेको छ तापनि तीजको सन्दर्भ समेत पञ्चमीको व्रतसँग गाँसिएर रहेको हुँदा यस व्रतलाई पनि तीज पर्वभित्र समेटेर मनाउने गरिन्छ । यस पञ्चमी व्रतको समाप्तिसँगै तीजको सन्दर्भ पनि समाप्त भएको मानिन्छ ।

## ३.५ तीज पर्व मनाउनुको प्रयोजन

प्रयोजन र उद्देश्य बिनाको त कुनै पनि काम, व्रत, अर्थात पूजा हुँदैन । हिन्दू नारीहरूले परम्परादेखि मनाउँदै र व्रत बस्दै आइरहेको तीज पर्वको पनि धेरै प्रयोजन रहेका छन् । यसै क्रममा तीज पर्व मनाउनुका प्रयोजनहरूलाई यहाँ मोटामोटी रूपमा यसरी चर्चा गरिएको छ ।

### ३.५.१ योग्य वर प्राप्ति

तीज पर्व मनाउनु अर्थात् व्रत बस्नुको मूल उद्देश्य योग्य वर अर्थात् आफूले मन पराएको जीवनसाथीको चयन नै हो । पुराणमा उल्लेख भए अनुसार हिमालय पर्वतकी पुत्री

पार्वतीले कठोर रूपमा व्रत बसी महादेवलाई वर प्राप्त गरेको धारणबाट प्रेरित भएर अविवाहित नारीहरूले पनि यो पर्वमा व्रत बसे आफ्नो मन मिल्ने वर वा श्रीमान् पाउन सकिन्छ भन्ने विश्वासका साथ यो व्रतमा उनीहरूको विशेष सम्मान रहेको देखिन्छ । त्यसैले यही उद्देश्य परिपूर्ति गर्नको लागि अधिकांश अविवाहित नारीहरू यो व्रत विधिपूर्वक सम्पन्न गर्ने गर्दछन् ।

### ३.५.२ पतिको दीर्घायुको कामना

तीज व्रत बस्नुको अर्को मुख्य प्रयोजन आफ्नो पतिको दिर्घायु एवम् सु-स्वास्थ्यको कामना रहेको छ । हिन्दू धर्ममा पतिलाई परमेश्वरको रूपमा मानिएको छ, अर्थात् आफ्ना पति हुने स्त्रीले पति बाहेक अरू कुनै देवताको पूजा गर्नु आवश्यक छैन, पति नै उनका लागि ठूला देवता हुन् भनिएको छ । त्यसैले यसै धारणाबाट अभिप्रेरित भएर हिन्दू नारीहरूले यो व्रत बस्ने गर्दछन्, किनकि आफ्ना पतिको दीर्घायु र सुस्वास्थ्य र समृद्धि भयो भने मात्र नारी जीवन सार्थक र सुसम्पन्न हुन सक्छ । अर्को तर्फ पतिको दीर्घायु र खुसीको लागि व्रत बस्दा पति र पत्नी बीच आपसी प्रेम गाढा हुने पारिवारिक सम्बन्ध सुमधुर हुने र मन खुसी र च·া हुने भएकोले पनि यो व्रतले मानसिक रूपमा पनि महिलाहरूलाई ऊर्जा प्रदान गरेको अनुभव हुन्छ ।

### ३.५.३ पारिवारिक सुख र खुसीको कामना

तीज व्रत बस्नुको अर्को प्रयोजन पारिवारिक सुख र खुसीको कामना पनि रहेको छ । पति हुने महिलाहरूले आफ्ना पतिको सुख समृद्धि र प्रगतिको लागि व्रत बस्ने गर्दछन् । साथै महिलाहरूले आफ्ना सन्तानको सुख, प्रगति, उन्नति, दीर्घायुको लागि पनि यो पर्व मनाउने गर्दछन्, किनकि हरेक नारीमा पत्नीत्वका साथै मातृत्वको भावना पनि प्रबल रहेको हुादा उनीहरूले आफ्ना सन्तान र परिवारका अन्य सदस्यहरूको पनि सुख समृद्धि तथा सफलताको कामना गरी व्रत बस्ने गर्दछन् । यसो गर्दा परिवारमा हर्षोल्लास र खुसी छाउने गर्दछ ।

### ३.५.४ मनोरञ्जनको प्राप्ति

मनोरञ्जनको प्राप्ति पनि तीज पर्व मनाउनुको अर्को प्रमुख कारण हो । वर्ष दिनमा एकपटक आउने तीज पर्वमा माइतीघर गएर साथी सागिनी भेला भएर नाचगान गर्ने, दर

खाने, व्रत बस्ने र पूजा आजा गर्ने गर्दा मनै रमाउाछ, शरीर च॰ा हुन्छ र साथी सागिनी, बुवा आमा र माइतीसाग दुखसुख आदान-प्रदान गर्न पाउादा वर्ष दिनभरिका दुख कष्ट बिर्सिन्छ र एउटा नयाा जाागर र उत्साह पलाउाछ । यसरी तीज पर्वले चेलीहरूमा एउटा आनन्द र रमाइलोको सञ्चार गर्दछ र मनोरञ्जनको प्राप्ति गराउाछ ।

### ३.६ तीज पर्वमा गरिने क्रियाकलाप

तीज पर्वको अवसरमा नेपाली समाजमा विभिन्न क्रियाकलापहरू सुसम्पन्न गरिन्छ ।

#### ३.६.१ दर खाने

तीज पर्वको सुरुवात् दर खाने दिनबाट हुन्छ । यस दिनमा विवाहित चेलीहरूलाई माइतमा बोलाएर द्वितीयाको रातमा मीठामीठा परिकार (दूध, घ्यू, मिठाइ, मासु) जस्ता चिजहरू दरको रूपमा ख्वाउने चलन रहेको छ । दरमा विभिन्न पोषण तत्त्वहरू मिसाएर बनाइन्छ, जुन सेवन गर्नाले अर्को दिन दिनभर व्रत बस्नको लागि महिलाहरूलाई शक्ति प्रदान हुन्छ । यस प्रकार मध्यरातमा मीठामीठा परिकार बनाएर खाने र ख्वाउने गरेर सुतेपछि दर खाने कार्यक्रम सम्पन्न हुन्छ ।

#### ३.६.२ व्रत बस्ने

भाद्र शुक्ल तृतीयाको दिन दिनभर निराहार व्रत बसी नाचगान गरिन्छ भने सन्ध्याकालमा शिवपार्वतीको पूजा आराधना गरिन्छ । यो व्रत अविवाहित माहिलाहरूले योग्य र असल वर वा जीवनसाथीको कामना गरेर बस्ने गर्दछन् भने विवाहिताहरूले आÇना पतिको दीर्घायु सुस्वास्थ्य तथा समृद्धि र प्रगतिको कामनाका लागि व्रत बस्ने गर्दछन् । तृतीयाको दिन व्रत बसेपछि पुनः पञ्चमीको दिन पनि व्रत बसी सप्तऋषिको पूजाआजा गरिन्छ । यो दिन व्रत बस्नाले रजस्वला हुादाको स्पर्शदोष नाश हुन्छ भन्ने जनविश्वास रहादै आएको छ । यसरी पञ्चमीको व्रत र पूजासागै तीज व्रत पनि समाप्त हुन्छ ।

#### ३.६.३ नयाा पहिरन र आभूषण लगाउने

तीज पर्वका दिन अधिकांश नेपाली महिलाहरूले रातो साडी, रातो चुरा, पोते, गरगहना लगाएर आफूलाई सोर शृ॰ार गरी सुन्दरी बनेर सम्पूर्ण रूपमा रातै पहिरनमा

सजिएर तीज गीतमा सहभागी हुने गर्दछन् । रातो पहिरन एकातिर सौभाग्यको प्रतीक मानिन्छ भने अर्कोतिर प्रेम र आकर्षणको प्रतीक पनि मानिन्छ । पहिलेपहिलेका नारीहरूले त तीजमा चन्द्रमा, शिरफूल, टिकिया, माडवारी, तिलहरी, नौगेडी जस्ता गहना लगाएर झपक्कै ढाकिएर हिड्ने गर्दथे भने आज आएर राता पहिरन लगाए पनि गहनामा केही परिवर्तनहरू आएका छन् । हिजोआज छड्के तिलहरी, झुमका, मङ्गलसूत्र जस्ता गहनाहरू बढी प्रचलनमा रहेको  पाइन्छ ।

### ३.६.४ गानबजान र नाच गर्ने

तीज पर्वको अवसरमा व्रतालु चेलीहरू माइती घरको आागनी, चोक, चौतारो, बाटो आदि जस्ता स्थानमा भेला भएर तीज गीत गाउादै थपडी बजाएर कम्मर मर्काई मर्काई नाच्ने गर्दछन् । तीज गीतमा मादल, खैजडी जस्ता बाजाहरूको पनि प्रयोग गरिन्छ ।

यसरी तीज पर्वका अवसरमा दर खाने, व्रत बस्ने, नयाा पहिरन र आभूषण लगाउने, गानबजान र नाच गर्ने जस्ता विभिन्न क्रियाकलापहरू गर्ने गरेको पाइन्छ ।

## ३.७ तीज पर्वको अवधि

तीज पर्व हिन्दू नारीहरूको एउटा रमाइलो सांस्कृतिक उत्सव हो । यो पर्व भाद्र शुक्ल द्वितीयादेखि सामान्यतया पञ्चमीसम्म मनाइन्छ । सामान्यतया तीज गीत पनि कृष्ण जन्माष्टमीदेखि ऋषिपञ्चमीसम्म गाइने गरिन्छ । द्वितीयाको दिनमा विवाहित चेलीबेटीलाई माइत बोलाएर दर बनाएर ख्वाइन्छ । तृतीयाको दिन दिनभरि व्रत बसी साथीसागिनी नाचगान गरेर सन्ध्याकालमा शिव-पार्वतीको मन्दिरमा गएर पूजाआजा गरिन्छ र त्यो दिनको व्रत समाप्त गरिन्छ । तृतीयाको पर्सिपल्ट पञ्चमीको दिन पुनः व्रत बसी बिहानै खोला, नदीमा गएर स्नान गरी पवित्र भएर सप्तऋषिको पूजाआजा गरिन्छ । यो दिन व्रत बस्नाले रजस्वला हुादाको स्पर्शदोष नाश हुन्छ भन्ने धार्मिक विश्वास रहेको छ । सामान्यतया कृष्णजन्माष्टमीदेखि नै चेलीबेटीहरू जम्मा भएर तीज गीत गाउने, नाच्ने र रमाइलो गर्ने गर्दछन् । यसरी पञ्चमीपूजाको समाप्तीसागै तीज पर्वको अवधि पनि समाप्त हुन्छ ।

## ३.८ तीज पर्व र पारिवारिक सम्बन्ध

तीज पर्वले एकातिर श्रीमान् र श्रीमती बीचको सम्बन्धमा पनि गाढा प्रेम र आस्था एवं विश्वासको भावना जागृत गर्दछ । श्रीमान्को दीर्घायु र सुस्वास्थ्यको लागि व्रत बस्दा

श्रीमान्का मनमा पनि श्रीमतीप्रति माया र सम्मान बढ्ने गर्दछ भने पारिवारिक सम्बन्ध पनि सुमधुर हुन जान्छ । अर्कातिर तीज पर्वले नेपाली नारीहरूलाई वर्षमा एकदिन भए पनि माइत जाने र आमाबुवा, दाजुभाइसागको सम्बन्धलाई बलियो र सुमधुर राख्न ठूलो मदत पुऱ्याएको छ । पराइघर गइसकेका चेलीहरूको लागि यो पर्वले माइतीप्रतिको माया ममतालाई सागालिरहने काम गरेको छ, भने दाजुभाइ र माइतीलाई पनि दिदी बहिनी सम्झिने र मायाममता तथा दुखसुख तरोताजा बनाइराख्न यो पर्वको ठूलो भूमिका रहेको छ । यो पर्वले पारिवारिक मायाममतालाई आध्यात्मिक चेतनाको आधारमा भए पनि जोगाउने काममा मद्दत पुऱ्याएकोलाई सकारात्मक रूपमा लिनुपर्ने हुन्छ ।

## ३.९ तीज पर्वको क्रमिक विकास

समयको दौरानमा तीज पर्वमा पनि परिवर्तनका आवजहरू गुञ्जन थाले । विशेष गरी नेपालमा कानुनी रूपबाटै महिला हिंसामा आबद्ध रहेका विभिन्न कुप्रथाहरूको अन्त्यसागै तत्कालीन दास मनोवृत्तिका विरुद्ध तीज गीत घन्कन थाले । अर्कोतर्फ पराइका घरमा वर्षभरि कडा परिश्रम गरेर जीवन गुजारा गर्नुपर्ने छोरीचेलीहरूलाई विशेष गरी वर्षायामको खेतीपाती पछि थकित देहलाई शान्ति दिन र धेरै समयदेखि बिछोडिएका चेलीहरूलाई माता, पिता, इस्टमित्र, सागीहरू र आफ्नो प्राणभन्दा प्यारो जन्मथलो माइतमा गएर आराम गर्ने र मनका पीरमर्का पोख्ने दुख बिसाउने र साथी सागी भेटघाट गर्ने मीठो मसिनो खाने र दुख, वेदना पीडा, आासु, हर्ष, रमाइलो साटासाट गर्ने एक अवसरको रूपमा अचेल यो तीज पर्व झनै लोकप्रिय र महत्त्वपूर्ण हुादै गएको छ ।

राष्ट्रिय रूपमा महिला शिक्षालाई अनिवार्य गर्ने अभियानसागै महिलाहरू विद्यालय जान थालेपछि उनीहरूमा पनि चेतनाको विकास हुन थालेको देखिन्छ । शिक्षित महिलाहरूले छोराछोरीबीच हुने भेदभावको विरोध गर्न थाले, जसको फलस्वरुप अभिभावकहरूमा पनि छोरीलाई शिक्षा दिनु पर्दो रहेछ भन्ने सकारात्मक सोचको विकास हुन थाल्यो । नारी जातिमा जागृत भएको चेतना र ज्ञानको उदय र कानुनको सहयोगबाट समाजमा बालविवाह बन्द हुन थालेपछि जब छोरीहरू पनि पढ्न जान थाले तब शैक्षिक स्तरमा वृद्धिसागै तीजको व्रत बस्ने उद्देश्य र विचारमा पनि परिवर्तन आउन थाल्यो । उनीहरू आफू र आफ्नो जीवन साथीको बारेमा सचेत बन्न थाले । तीजको उपासना गर्दा सकेसम्म आफ्नो पति राम्रो र योग्य भइदिए हुन्थ्यो भन्ने भावना अविवाहित नारीहरूमा जाग्न थाल्यो । शिक्षाले महिलाको सोचमा परिवर्तन ल्याउनाको फलस्वरूप नारी जाति उपर हुने अन्याय, अत्याचार, शोषण र दमनका विरुद्ध महिलाहरू जाग्न थाले ।

देशमा पटकपटक आएका राजनीतिक उथलपुथल र परिवर्तनले पनि महिलाका सोच, व्यवहार तथा तीज पर्व मनाउने शैलीमा परिवर्तन आउन थाल्यो । अचेलका तीजका

गीतमा दुख र पीडाका स्वर बाहेक राजनीतिक हकअधिकार र समानताको स्वरहरू पनि गुन्जिन थालेका छन् । यताका नारीहरू घरायसी थिचोमिचो र उत्पीडनबाट माथि उठेर राजनीतिक थिचोमिचो सामाजिक न्यायको खोजी र सामन्ती संस्कारका विरुद्ध तीज गीत गाउन थालेका पाइन्छन् ।

आज आएर तीज पर्वको विस्तार भइरहेको छ । स्वदेशमा मात्र नभएर विदेशमा बस्ने नेपालीले पनि तीज पर्वमा जमघट भएर नाचगान र खानपिन गरी तीज पर्व मनाएर आफन्तको न्यास्रो मेट्ने गर्दछन् । तीज पर्वको उत्थान र विकासमा सूचना र सञ्चार माध्यमहरूको पनि ठूलो योगदान रहेको छ । तीज पर्व आज आएर एक राष्ट्रिय पर्वका रूपमा स्थापित भएको छ र यो जुनसुकै समुदाय, जाति र धर्मसंस्कृतिको एउटा हिस्सा बन्दै गइरहेको छ ।

## ३.१० तीज पर्वको आर्थिक पक्ष

जहाा दसजना मानिस भेला भएर एउटा कुनै कार्यक्रमको आयोजना गर्दछन्, त्यहााको आर्थिक पक्ष स्वतः प्रभावित हुने गर्दछ । तीज पर्वले पनि समग्र देशको आर्थिक क्रियाकलापलाई प्रभावित पार्ने गरेको छ । नेपालका अधिकांश भूभागमा बस्ने बहुसख्यक हिन्दू नारीले तीज पर्व मनाउने गर्दछन् । यस हिसाबले देशभरिमा लाखौंा नारीहरू प्रत्यक्ष रूपले यस पर्वमा सरिक हुने गर्दछन् । साथमा बालबच्चा तथा पुरुष वर्गको समेत उपस्थितिले तीज पर्वमा ठूलो जनसङ्ख्या संलग्न हुन पुग्दछ । यति ठूलो जनसङ्ख्याले एउटा विशेष अवसरमा राष्ट्रव्यापी रूपमा चाड मनाउादा देशमा करोडौा रुपियााको आर्थिक कारोबार हुन्छ । कम आम्दानी हुने, निम्न तथा निम्न मध्यम वर्गले पनि तीजको अवसरमा नयाा कपडालत्ता किन्ने र मीठो मसिनो खाने गर्दछन् । यस्तै मध्यम तथा उच्च वर्गले स्वाभाविकै रूपमा कपडालत्ता र गहना तथा शृ·ारका सामान किन्ने र खानाका अन्य मीठा परिकारमा पैसा खर्च गर्ने गर्दछन् । यति ठूलो जनसङ्ख्याले करिब एक महिनासम्म अतिरिक्त वस्तुको उपभोग र उपयोग गर्दा समग्र राष्ट्रभरिमा ठूलो धनराशि बराबरको वस्तुको क्रयविक्रय हुने गर्दछ ।

यसरी तीज पर्वले देशको आर्थिक क्षेत्रमा ठूलो टेवा दिन्छ भन्न सकिन्छ । यस अवसरमा क्याटरिङ सेवा, टेन्ट सेवा, यातायात सेवा, होटल, रेन्टुरेन्ट, संचार सेवा, मनोरञ्जन, जलपान, चियापान, फलफूल, मिठाइ आदि जस्ता अनेक प्रकारका व्यापारिक कारोबारमा उत्थान हुने गर्दछ । यसरी यो पर्वले देशकै समग्र आर्थिक गतिविधिलाई सकारात्मक हिसाबले निर्देशित गरेको हुन्छ ।

## ३.११ तीज पर्वको सामाजिक पक्ष

तीज पर्वले सकारात्मक सामाजिक सन्देश दिएको हुन्छ । गाउागाउाका, सहरबजारका र देश-विदेशका चेलीहरू भेटघाटको अवसर तीज पर्वले जुराइदिने हुादा चेली-चेलीको बीचमा एउटा अगाध स्नेह र सुमधुर सम्बन्धको सञ्चार हुन पुग्दछ । यतिमात्र नभएर माइती र छोरीचेली बीचको सम्बन्ध समेत विस्तार र प्रगाढ हुन पुग्दछ । वर्षमा एक दिन भए पनि दाजुभाइ र बाबाआमाले छोरी चेली खोज्ने र चेलीले माइती सम्झने हुादा तीज पर्वले बाबा-आमा र दाजुभाइ माझ पनि चेलीको महत्त्व र मायाममतालाई उजागर गर्दछ ।

तराईमा पृथक् संस्कृतिमा रमाएका तराईबासी नारीहरू समेत तीज पर्वमा आकृष्ट भई खुसी र रमझमका साथ यो पर्व मनाएका घटनाहरू देखिन थालिएका छन् । अतः तीज पर्वले एउटा सामाजिक सद्भाव, साहिष्णुता र सहकार्यको वातावरणलाई बलियो बनाएको छ ।

नेपाली समाजमा महत्त्वपूर्ण भूमिका वहन गर्ने नेपाली नारीहरूको यो ठूलो पर्व तीजको उचित संरक्षण र संवर्धन गर्न सकेमा यसले हाम्रो संस्कृतिको जगेर्नामा पनि ठूलो भूमिका खेल्ने कुरालाई नकार्न सकिादैन । हरेक धर्म, संस्कृति र राष्ट्रको आफ्नो पृथक् पहिचान हुन्छ । तीज पर्वले पनि विश्वमा नेपाली नारीहरूको छुट्टै पहिचान कायम गराउन सफल भएको छ । विश्वमै नेपाल मात्र यस्तो देश हो, जहाा तीज पर्व यसरी मनाइन्छ ।

## ३.१२ तीज पर्वको नाममा भित्रिएका विकृतिहरू

आज आएर तीज पर्वले बोकेको परम्परागत र सांस्कृतिक मान्यतामा ह्रास आउन थालेको सङ्केत पाइन थालेको छ । सहरिया नारीहरू दर खाने बहानामा तीज आउन महिना दिनअघिबाटै चन्दा उठाएर भए पनि घर, होटल र पार्टी प्यालेसहरूमा खानपिन रमझम गर्छन् । क्याटरिङ बोलाएर भोज भतेर गर्नेहरू पनि बढिरहेका छन् । देखासिकीले गर्दा सहरी भेगमा तामझाम र प्रतिस्पर्धा बढेको छ । सहरका ठूला होटेल र पार्टी प्यालेसहरू महिना दिनअघिबाटै बुकिङ गरिन्छ र कहिले कुन संघसंस्थाको नाममा, कहिले कुन क्लब र सोसाइटीको नाममा दर खाने र खुवाइने काम जारी रहन्छ । अझ घरमा दिदीबहिनी आमन्त्रण गरी दर खुवाएर महागा उपहार समेत चढाउने चलनले तीज खर्चिलो र भड्किलो बन्दै गइरहेको छ । रुची नरुची कोचेर खाने र महिना दिनसम्म दर खाने कुचलनले धन, सम्पत्ति र स्वास्थ्य दुवै सङ्कटमा पर्न थालेको स्थिति छ । आजकलको कथित आधुनिक तीजले धनी र गरिब बीच एउटा प्रत्यक्ष विभाजनको रेखा खिचिदिएको छ । हुने खानेका लागि त यो पर्व मीठामीठा परिकारका स्वाद चाख्ने र बहुमूल्य पहिरन र आभूषण प्रदर्शन गर्ने एउटा अवसर बन्दछ भने हुादा खाने र निमुखाहरूको लागि यो पर्व एउटा निराशा र हीनताबोधको कारण बन्न पुग्दछ । तीजको रमाइलो अवसरमा पनि मीठो खान र राम्रो

लगाउन नपाउादा ती चेलीको मन धरधरी रुन्छ र त्यही पीडा तीज गीत बनेर गुञ्जन्छ । आधुनिक साइबर संस्कृति समाजमा फस्टाएको छ । नारी संवेदना, मर्म, पीडा र उम॰लाई सभ्य तरिकाले व्यक्त गर्ने भन्दा पनि तीज गीतमा आजभोलि उच्छृङ्खलताको परकाष्ठा देखिन थालिएको छ । कताकता तीज गीत, रत्यौली अर्थात् युवा युवतीका दोहोरी बन्दै गइरहेका छन् । यस्ता प्रवृत्तिले नारीको संवेदनालाई समेट्नु त कता हो कता नारीभित्र रहेको सृजनशीलता र कलाकारिता समेत लोप हुने अवस्था आएको देखिन्छ । यसप्रकार तीज गीतमा आएका विभिन्न विकृतिले तीज गीत बदनाम हुने र नेपाली लोकसंस्कृतिमाथि नै अतिक्रमण हुने खतरा बढेको छ ।

राष्ट्रिय पर्व तीजलाई व्यवस्थित तवरले मनाउनको लागि यसको मौलिकतामा निखारताको औधि खाचो खट्किएको छ । यसलाई बढी खर्चिलो र अस्वाभाविक रूपले नमनाएर धर्म, संस्कृति समेत जोगाई परिवार र समाज सुहाउादो तरिकाले मनाउनु नै उचित हुन्छ । खोक्रो आडम्बरको धरातललाई टेकेर कैयौं चाडपर्व मनाउने तौरतरिकामा भिन्नता देखिएका छन् । त्यसैले सबै महिलाले समान हैसियतमा रही चाडपर्व मनाउनु नितान्त आवश्यक भएको छ, जसले एउटा विभेद रहित समाजको राम्रो सन्देश प्रवाह गर्न सक्छ । आडम्बर र विकृतिले मात्र महिलालाई सशक्त बनाउादैन । राम्रा लुगा र गरगहना लगाएर आधुनिक चलनमा नाच्दा सभ्य र सम्भ्रान्त कहलिने सोचलाई सच्चाउादै नगए भोलिको नेपाली समाजमा यो पर्वले गलत र नराम्रो सन्देश प्रवाह गर्न सक्छ ।

## ३.१३ तीज गीतको सन्दर्भ

तीज पर्वको अवसरमा नेपाली नारीजगत् मिलेर गाइने गीतलाई तीज गीत या ती तीजे गीत भनिन्छ । तीजे गीतलाई भदौरे गीत पनि भनिन्छ । तीजेगीत अधिकांशतः सामूहिक रूपमा गाइन्छ । यसका स्रोता पुरुष वर्ग भए पनि यो विशुद्ध नारी गीत हो । नारीहरूले तीज गीतलाई वाद्ययन्त्रको अभावमा पनि ताली पिटेर, आागन, मन्दिर, चौर र चौकहरूमा भेला भएर गाउने गर्दछन् । तीज गीतको मुख्य विषयवस्तु चेलीबेटीहरूका पीडा, आासु, उत्पीडन र सुस्केराहरू हुन्छन् । यसमा माइतीघरको सम्झना, माया र स्नेह पनि छचल्किएको पाइन्छ । नारी जीवनका विविध मर्मले ठाउा पाउने तीजका गीतहरूमा नारीका हार्दिक अभिव्यक्तिहरू पोखिएको पाइन्छ । कर्मघरको दुखेसो र जन्मघरको सुखेसोमा तरङ्गित तीजे गीत मुख्यतः नारीहरूका विलाप, क्रन्दन र किञ्चित् हर्षोल्लासका रूपमा अभिव्यक्त भएको हुन्छ । समयको प्रवाह साागै नारी शिक्षा र चेतनाका कारण र राजनीतिक परिदृश्यमा देखा परेका परिवर्तन वा विकाससाागै तीजे गीतका विषयवस्तुहरू बदलिएका छन् । यसका व्यावसायिकता पनि भित्रिएको प्रस्ट देखिएको छ भने अर्कोतर्फ वाद्ययन्त्रको विशिष्ट प्रयोगले पनि यसको विस्तारमा सघाउ पुऱ्याएको छ । यति हुादाहुादै पनि यसका मुख्य

पात्रहरू, मुख्य विषयवस्तु र यसको सांस्कृतिक परिवेशमा कुनै परिवर्तन देखा नपर्नु तीज पर्वकै सुन्दर पक्ष हो ।

तीज पर्व र तीजे गीत एकअर्काका परिपूरक हुन्, किनकि तीज पर्वको पुनित अवसरमा महिला दिदीबाहिनीले सामूहिक रूपमा गाइने गीत नै तीज गीत भएको हुादा तीज पर्व अघि वा पछि तीज गीतको खासै प्रयोग र महत्त्व हुादैन । अर्कोतर्फ तीज गीत बिना पनि तीज पर्वको सांस्कृतिक पक्ष खल्लो हुने मात्र नभई कल्पनाभन्दा पनि बाहिरको कुरा हुन जान्छ । तीज पर्वमा जागृत हुने उल्लासमय वातावरण, चेलीबेटीको सटरपटर, लत्ताकपडा र गरगहनाको प्रयोग मीठो परिकार र पक्वान्न आदिको तयारी र उपभोग आदि पक्षले तीज पर्वको झल्को दिन्छ, जसलाई सांस्कृतिक पक्ष मान्न सकिन्छ । यसले समाजमा देखापर्ने नारी मनोविज्ञानका विविध आयामहरूको उद्घाटन गर्ने गर्दछ । मनोवैज्ञानिक उपचार र सहअस्तित्व तीज पर्वको उपहार हो भने तीजगीत यसको माध्यम हो । अतः तीजगीतले सांस्कृतिक रूपमा समेत महत्त्वपूर्ण भूमिका निर्वाह गर्दा गर्दै पनि यो कहिलेदेखि गाउन थालियो र कसले गायो भन्ने प्रश्न आजसम्म अनुत्तरित नै रहेको छ ।

## ३.१४ निष्कर्ष

तीज पर्व सम्पूर्ण हिन्दू महिलाहरूको ऐतिहासिक र धार्मिक महत्त्व बोकेको सांस्कृतिक उत्सव हो । तीज पर्वको सन्दर्भ पुराणको शिवपार्वतीको कथासाग सम्बन्धित छ । पार्वतीले महादेवलाई आफ्नो पति ग्रहण गर्न पाऊा भनी हिमालय पर्वतको घना ज·लमा गई कठोर तपस्या गरेपछि महादेव प्रसन्न भई दर्शन दिन्छन् र शिव पार्वतीको स्वयंवर हुन्छ । यसै प्रस·बाट तीज पर्वको नामकरण गरिएको पाइन्छ । सौभाग्यवती महिलाहरूले यो व्रत भाद्र महिनाको शुक्ल पक्षको तृतीया तिथिमा बस्ने गर्दछन् । विभिन्न किसिमले शोभायमान गराइएको पूजा मण्डपमा बसेर अक्षता, फूल चढाएर पूजा गरी रातभर जाग्राम बसी विभिन्न पवित्र मन्त्रहरूको उच्चारण गरी पूजाआजा गरिन्छ । यो व्रत निराहार निर्जला बस्न सके उत्तम मानिन्छ । यो व्रत जीवनमा एकपटक गरे सात जन्मसम्मको पाप कटिन्छ भन्ने धार्मिक विश्वास रहेको छ । व्रत सम्पन्न गरी सुन, तामा वा पित्तलको भााडामा पूर्णपात्रो राखी ब्राह्मणलाई दान दिई यस्ता विधिले पूजा समापन गरेमा ठूलो फल प्राप्त गर्ने विश्वासका साथ अधिकांशमा हिन्दू नारीहरूले यो व्रत बस्दै आएको पाइन्छ । तीज पर्व मनाउनुको मुख्य उद्देश्यमा योग्य वर अथवा आफूले मन पराएको व्यक्तिसाग जीवन बिताउने सौभाग्य पाइनु, पतिको दीर्घायु तथा सुस्वास्थ्य र प्रगतिको कामना, पारिवारिक सुख र खुसीको कामना, मनोरञ्जनको प्राप्ति जस्ता कुराहरू रहेका छन् । तीज पर्वको अवसरमा विभिन्न क्रियाकलापहरूमा दर खानु, व्रत र उपवास बस्नु, विभिन्न सुन्दर पहिरन र आभूषण लगाएर शृ·ार गर्नु र माइती घरको आागन अथवा सार्वजनिक स्थलमा भेला

भएर थपडी मार्दै मादल र खौजडीका तालमा कम्मर मर्काईमर्काई नाच्नु आदि रहेका छन् । तीज पर्वको अवधि सामान्यतया भाद्र शुक्ल द्वितीयादेखि सुरु भएर पञ्चमीसम्म रहन्छ । तीज गीत चाहि सामान्यतया कृष्णजन्माष्टमीदेखि पञ्चमीसम्म गाइन्छ । तीज पर्वले पारिवारिक सम्बन्धमा पनि सुधार ल्याउने काममा महत्त्वपूर्ण भूमिका खेलेको हुन्छ । तीज पर्वले एकातिर श्रीमान् र श्रीमतीको आपसी सम्बन्ध र मायालाई प्रगाढ राख्ने काममा ठूलो मद्दत गरेको छ भने अर्कातिर माइती र चेलीबीचको सम्बन्ध र आपसी स्नेहलाई वृद्धि गर्ने काममा पनि मलजल गरेको पाइन्छ ।

तीज पर्वले एकातिर छोरीचेलीलाई वर्षदिनमा एकपटक भए पनि माइतीघरको आागनीमा साथीसागी भेला भएर दुःख, सुख, पीडा, खुसी, उत्पीडन र उम॰ साट्ने अवसर सृजना गरिदिएको छ भने अर्कोतर्फ समयको परिवर्तनसागै महिलामा आएको चेतनाले नारी जाति उपर हुने अन्याय, अत्याचार र शोषणका विरुद्ध पनि जाग्न उत्प्रेरणा प्रदान गरेको छ । अबका नारी घरायसी समस्याबाट माथि उठेर सामाजिक न्याय र राजनीतिक विकृति विरुद्ध तीज गीत गाउन थालेका छन् । तीज पर्व मनाउादा आर्थिक क्षेत्र पनि प्रभावित हुने गर्दछ । अधिकांश नेपाली महिलाहरूले तीजको अवसरमा गरिने खानपिनका सामग्री पहिरन र गहनाको किनमेलले देशको व्यापार फस्टाउने काममा पनि मद्दत मिलेको छ । यसै गरी तीज पर्वले सामाजिक सम्बन्धमा पनि सुधार ल्याएको छ भने अर्कोतर्फ एउटा सामाजिक, सद्भाव, सहिष्णुता र सहकार्यको वातावरणलाई पनि मजबुत बनाउादै लगेको छ । यसले विश्वमै नेपाली महिलाको छुट्टै अस्तित्व कायम गर्न सफल भएको छ ।

नेपाली समाजको पौराणिक र सांस्कृतिक महत्त्व बोकेको तीज पर्व मनाउने शैलीमा पनि आज आएर विभिन्न विकृति भित्रिनाले यो भड्किलो र खर्चिलो बन्दै गइरहेको छ । तीज पर्व मनाउने आधुनिक शैलीले समाजमा हुने खाने र हुादा खाने बीचमा पर्खाल खडा गर्दै गरेको देखिन्छ । त्यसैले राष्ट्रिय पर्व तीजलाई व्यवस्थित तवरले मनाउनको लागि यसको मौलिकता र संवेदनालाई जोगाउनु आजको टड्कारो आवश्यकता रहेको छ ।

वर्षा याममा पर्ने नेपाली नारीको महान् पर्व हरितालिका तीजको अवसरमा गाइने गीत नै तीज गीत हो । यो गीत विशेष गरी सामूहिक रूपमा गाइन्छ र यो विशुद्ध नारी गीत हो । चेलीबेटीका आासु, पीडा र उम॰का साथै माइतीको माया र सम्झना तीज गीतमा छचल्किएको पाइन्छ, भने समयको दौरानमा शिक्षा चेतना, हक अधिकार र राजनीतिक परिवर्तनले पनि तीज गीतमा स्थान पाउने गरेको पाइन्छ । अहिले आएर विषयवस्तु र प्रस्तुतिमा भिन्नता देखिए पनि तीज गीतको सांस्कृतिक मर्म अद्यापि जीवितै रहेको छ । तीज पर्व र तीज गीत एकअर्काका पर्याय हुन् । तीज पर्वमा नै तीजे गीत गाइन्छ र तीजे गीतले नै तीज पर्वको सांस्कृतिक महत्त्व बढाएको छ । तीज गीतले नारी

मनोविज्ञानको उपचारमा पनि ठूलो भूमिका खेलेको छ भने महिलामा आपसी सहअस्तित्व र सहकार्यको भावनाको विकासमा पनि यस गीतको महत्त्व रहिआएको छ ।

# परिच्छेद चार

# तीज गीतमा नारी सन्दर्भ

## ४.१ विषयप्रवेश

प्रस्तुत परिच्छेदमा तीज गीतको परिचय दिादै विभिन्न आधारमा तीज गीतको वर्गीकरण गर्दै तीज गीतमा अभिव्यक्त विभिन्न नारी सन्दर्भको अध्ययन गरिएको छ ।

## ४.२ तीज गीतको परिचय

नेपाली नारीको महान् पर्व तीजका अवसरमा परम्परादेखि गाइादै आएका गीतलाई तीज गीत र तीजे गीत पनि भनिन्छ । गौरा, मालसिरी, सराएा, देउसी, भैलो, भुओ, वसन्त, फागु, आदि पर्व गीत जस्तै तीज गीत पनि एक प्रसिद्ध पर्व गीतको समूह हो । तीज गीत नेपालमा र नेपाल बाहिर जहाजहाा नेपाली नारीहरू बसोबास गर्दछन् त्यहाा पनि विशेष उल्लासपूर्वक मनाइन्छ । यो नारी प्रधान लोकगीत हो । यसमा नारी स्वर मुखारित हुने गर्दछ ।

तीज पर्व हिन्दू धर्ममा आस्था राख्ने नेपाली नारीहरूको एउटा मनोरम सांस्कृतिक उत्सव हो । यो पर्व कृष्णजन्माष्टमीदेखि पञ्चमीसम्म मनाइन्छ । हरितालिका पर्वका तीन दिन विशेष महत्त्वका मानिन्छन् । यस पर्वको पहिलो दिन माइत बोलाएर ‘दर’ ख्वाउने गरिन्छ । ‘दर’ मा दूध, घ्यू, आदिबाट बनेका मीठा परिकार पर्दछन्, जसलाई मध्यरातमा उठेर खाने चलन छ । दर खाने दिनको भोलिपल्ट (तृतीया) तीज पर्व पर्दछ । यस दिन दिनभर चेलीहरू उपवास र निराहार व्रत बसी नाचगान गरेर साांझपख शिवमन्दिरमा गई पूजाआजा गरी आफ्ना पतिको दीर्घायु तथा सुस्वास्थ्यको कामना गर्दै व्रतको समापन गर्दछन् । यस दिन विधि पुऱ्याएर उपवास बसी पूजाआजा गर्नाले अविवाहिताहरूले राम्रो श्रीमान् पाउने र विवाहिता महिलाहरूको पनि अटल सौभाग्य रहने र दाम्पत्य जीवन सुखद रहन्छ भन्ने धार्मिक विश्वास रहेको छ । हरितालिका पर्वको तेस्रो दिन ऋषिपञ्चमी पर्दछ । यस दिन नारीहरू बिहानै उठी पायक पर्ने नदी खोला वा धारामा पुगी विभिन्न सामग्रीले शरीर शुद्ध पारेर स्नान गरी मध्यान्हमा सप्तऋषिको पूजा गर्छन् । यस दिन यो व्रत बसी

पूजाआजा गर्नाले महिलाहरूको रजस्वला हुादाखेरिको स्पर्शदोष नाश भई पाप काटिन्छ भन्ने धार्मिक मान्यता रहिआएको छ । यसरी पूजाआजा सकेर हर्षोल्लासका साथ नाचगान गर्दै तीज पर्वको समापन गरिन्छ ।

तीज शब्दले चाडपर्वलाई र त्यस चाडपर्वमा गाइने गीतलाई इङ्गित गर्दछ । तीजमा विवाहित चेलीबेटीले माइत जाने अनुमति पाउाछन् । वर्ष दिनको तीजमा माइतीको आागनीमा जम्मा भएर साथीसागी भेला भएर गीत गएर नाच्दाको रमाइलो अवर्णनीय हुन्छ । त्यसैले मैतालु चेलीहरू हर्ष र उम·का साथ माइतीघर जान आतुर भएर बस्दछन् भने माइत जान नपाउने चेलीको पीडा पनि सहिनसक्नुको हुन्छ । वर्ष दिनको तीजमा पनि माइतीघर गएर रमाइलो गर्न नपाउादा कसको पो मन रुदैन र ? यसरी माइत जान पाउादाको खुसी र उम· तथा माइत जान नपाउने दुखी चेलीको व्यथा, पीडा, छटपटीका साथै नारी जाति माथि गरिने अनेकौ शोषण, दमन, उत्पीडन, घरमा सासू, ससुरा, नन्द र अमाज्यूले गर्ने अत्याचार, पतिको तिरस्कार र दुर्व्यवहार माइतीको हेला, बालविवाह, अनमेल विवाह, दाइजो प्रथाका विकृति, गरिबी र अभावका छटपटी, माइती प्रेम, समाजका खोक्रा आडम्बर, सामाजिक असमानता अशिक्षा, जन्मस्थल र साथी सागिनीको सम्झना र प्रेम, समसामयिक राजनीतिक उथलपुथल र विकृतिका सन्दर्भ जस्ता विषयहरू तीज गीतका वर्ण्यविषय रहेका हुन्छन् ।

## ४.३ नारी सन्दर्भका तीज गीतको अध्ययन

अधिकांश नेपाली समाज निम्नमध्यम वर्गीय भएकाले यहााका नारीका अनेक पीडा र वेदनाका कथाहरू छन् । उनीहरूको जीवनमा खुसी र उम·का पलहरू कमै आउाछन् । विशेष गरी तीज गीतमा नारी संवेदनाका आवाजहरू नै घन्किने गर्दछन् । विभिन्न परिस्थिति र सन्दर्भबाट नारीले गुज्रिनु पर्ने हुन्छ । तीज गीतको अध्ययन विभिन्न आधारमा गर्न सकिन्छ । नारी सन्दर्भका दृष्टिले तीज गीतलाई (क) खुसी र उम·का तीज गीत (ख) पीडा र उत्पीडनका तीज गीत (ग) अशिक्षा र असमानता विषयक तीज गीत (घ) हक र अधिकार सम्बन्धी तीज गीत (ङ) सामाजिक परिवर्तन सम्बन्धी तीज गीत भनी वर्गीकरण गरी अध्ययन गर्न सकिन्छ । यस्तै समयका दृष्टिले (च) परम्परागत र (छ) नवीन गरी दुई भागमा वर्गीकरण गरी अध्ययन गर्न सकिन्छ ।

### ४.३.१ खुसी र उम·का तीज गीत

वर्ष दिनको तीजमा माइती लिन आउादा माइतीघर जाने अनुमति पाएर आमा-बाबा, दाजुभाइसाग बसेर खुसी र हर्ष बााड्दै मीठो मीठो दर खाइ माइतीघरको आागनमा

दिदीबहिनी र साथीसागी भेला भएर नाच्न पाउादाको खुसी र उम᐀ अवर्णनीय हुन्छ । तीजको बेलामा श्रीमान्ले किनिदिएका गहना कपडा लगाएर माइतीघरको आागनीमा कम्मर मर्काएर नाच्न पाउादा नारीहरूले वर्ष दिनभरिका घाास दाउरा, उकाली ओराली, मेलापात, कामको अजेटो जस्ता सारा पीडाहरू बिर्सिन पुग्छन् । यसरी वर्ष दिनभरि दुख सहे पनि तीजका बेलामा भए पनि मीठो मसिनो खाने राम्रो लगाउने रहर सबै महिलाको मनमा रहेको हुन्छ । तीजको बेलामा माइतीले आफूलाई खोजून्, महत्त्व दिऊन् र घरकाले पनि माइती लिन आउादा सजिलै अनुमति दिएर बिदा गरिदिऊन् भन्ने चाहना सबै नारीको हुन्छ । त्यसैले यो चाहनाको परिपूर्ति घर-माइती दुवै तर्फबाट भएको बखत नारीहरूको खुसी र उम᐀को सीमा रहादैन । यस्तै खुसी र उम᐀ झल्काउने केही तीज गीतहरू यहाा प्रस्तुत गरिएको छ ।

(क) आागनुमुनि सेउाली पऱ्यो कदमको छायााले
बरिलै कदमको छायााले २
सातै र समुन्द्र मै तरी आएा बाबाको मायााले
बरिलै बाबाको मायाले २
आागनुमुनि सेउाली पऱ्यो वरको छायााले
बरिलै वरको छायााले २
सातै र समुन्द्र मै तरी आएा
बरिलै आमाको मायााले २
आागनुमुनि सेउाली पऱ्यो पीपलको छायााले
बरिलै पीपलको छायााले २
सातै र समुन्द्र मै तरी आएा
बरिलै मैयाको मायााले २

स्रोत : योगमाया पराजुली, जहदा- ६, नवलपरासी

प्रस्तुत गीतमा सात समुन्द्र पारि धेरै टाढा भएकी चेली पनि वर्ष दिनको तीजमा आफ्नो माइतीघर र आमा, बाबा, भाइ सम्झेर माइतीमा आएकी छन् । माइतीघर उनलाई प्राणभन्दा प्यारो छ, भने माइतीघरमा उनलाई सबैको माया लाग्छ, त्यही मायाले उनलाई समुन्द्र पारिको देशबाट पनि माइतीघरमा बोलाएको छ भन्ने भाव व्यक्त भएको छ ।

(ख) रम र झम तीजै आयो भन्चन,
शिरैमा छइन शिरफूल ।
शिरैको शिरफूल भाग्य भए लामला,
दिदी बैनी भेट हुन काा पाम्ला ?

कतिमा राम्रो बाबाको आागनी,
छिर्कनी मारी नाचम्ला ।
छिर्कनी मारी नाचनी चेलीको,
शिरैमा छइन शिरफूल ।
शिरमा लाउनी शिरफूल भाग्य भए लाम्ला,
दिदी बैनी सागै नाच्न काा पाम्ला ?

(लामिछाने, २०६८:१३४-१३५)

माथिको गीतमा वर्ष दिनको तीजको रमझममा शिरमा लाउनी शिरफूल नभएको किञ्चित् पीडालाई पनि बाबाको आागनीमा दिदी बहिनी भेट भएर नाच्न र रमाइलो गर्न पाउादाको उम·ले मेटिदिएको छ । शिरको शिरफूल त भाग्यमा रहेछ भने फेरि पनि लाउन सकिन्छ, तर दिदी बहिनी भेला भएर दुखसुख बााड्दै नाच्न पाउनु त झनै ठूलो अहोभाग्य हो, त्यसैले शिरफूलको पीर नगरौा नाचौा, हासौा भन्ने भाव व्यक्त भएको छ ।

(ग) बाबाजीले दिएको मखमली चोली
दाजीले दिएको सारी बरिलै
वर्षै र दिनको तीजको बेलामा
लरक्क लाएर नाच्छु बरिलै

(पराजुली, २०६७:४१)

वर्षै दिनको तीजको बेलामा बाबाले दिएको मखमली चोली र दाजीले दिएको सारी लरककै लगाएर नाच्ने रहर र उम·ले भरिएको तीज गीतको भाव यहाा व्यक्त भएको छ । प्रस्तुत गीतले तीजमा राम्रो लगाउन पाउादाको उम· र खुसी झल्काएको छ ।

(घ) आकाशकी मेरी दिदी पातालकी बहिनी,
कहाा होला मेरी दिदी तिम्रो हाम्रो भेट ।
वर्ष दिनको तीज आउला बाबा लिन आउलान्,
त्यहीा होला मेरी बहिनी तिम्रो हाम्रो भेट ।

(भण्डारी, २०५५:२१)

टाढाटाढा रहेका दिदीबहिनी भेट हुने एउटा माध्याम हो तीज । एकअर्कालाई भेटेर दुखसुख बााड्ने र रमाइलो गर्ने अवसरको रूपमा तीज पर्वलाई लिइन्छ । त्यसैले वर्ष दिनको तीजमा बाबा लिन आउलान् र माइतीघरमा भेट गरी रमाइलो गरौाला भन्ने भाव यहाा प्रस्तुत गीतले झल्काएको छ ।

(ङ)	थुगेसरी फूल फूल्यो टिपेर राखौाला,
माइत जाने बेलामा लाउन बरिलै ।
बिहान उठेर माइत जान हिाडम्ला
दिउसको बार बजे नदी तरौाला,
बेलुका पुगेर आमा भनौाला ।

(भण्डारी, २०५५:२६)

यहाा वर्ष दिनको तीजमा आफूलाई जन्म दिने आमा भेट्न आतुर भई माइत जाने दिनको समय मिलाएर थुागेसरी फूल टिपी खुसी र उम" बोकेर नदीनाला तर्दै माइत प्रस्थान गरेको भाव व्यक्त भएको छ ।

(च)	हाम्रा बाबाले दिएको रिबन,
दिदी बहिनी हो, चुलठीमा फोक्का पारम्ला ।
ऐले तीजमा दिदी बहिनी भएर,
दिदी बहिनी हो, नाचानाची छक्क पारम्ला ।

स्रोत : योगमाया पराजुली, जहदा- ६, नवलपरासी

यहाा तीजका अवसरमा दिदी बहिनी भेट भएर बाबाले दिएको रिबन बाटेर रमाइलो गर्दै नाचौाला र सबैलाई छक्क पारौाला भन्ने भाव व्यक्त भएको छ ।

(छ)	हाम्रा बाबाले दिएको दाइजो,
घ्यू खाने बटुकी झालेमाले गाई । २
ऐलेको तीजमा म माइत आउादा,
हाासेर बोले है कान्छा मेरा भाइ । २

स्रोत : योगमाया पराजुली, जहदा- ६, नवलपरासी

यहाा वर्ष दिनको तीजमा माइतघर आउादा सबै परिवार हाासीखुसी भएको देख्न चाहने चेलीको भावना व्यक्त गरेको छ ।

यसरी तीजको अवसरमा चेलीबेटीहरू एक-आपसमा भेट भएर खुसी र उम" साट्दै गाउासहरमा उदात्त भावनाका साथ तीज गीतमा रमाइरहेको पाइन्छ । प्रस्तुत तीज गीतहरूले यस्तै भावनाहरू समेटेको पाइन्छ ।

### ४.३.२ पीडा र उत्पीडनका तीज गीत

नारी जातिले माइतघर, कर्मघर र समाजमा भोग्नु परेका पीडा र उत्पीडन, दुख र सास्तीहरूलाई तीजको अवसर पारेर वर्ष दिनमा एक पटक भएपनि पोख्ने र हलुंगो हुने अनुमति पाउाछन् । तीज गीतको माध्यमबाट वर्षभरिका काला रातहरू, दुख, पीडा र आासुका भेलहरू उर्लने गर्छन् । तीज गीत नारीलाई आफ्ना वेदना साथीसागी र माइती सामू पोख्ने एउटा अवसर हो । नारीहरूले तीज पर्वमा पारिवारिक दमन, अत्याचार, असमानता, परिवारका सदस्यले लगाउने रुखा वचन, तिरस्कार र पीडाका आवाजहरू गुन्जाउने गर्छन् । यस्तै पीडा र बुहार्तन झेल्न विवश रहेका नारीका पीडा र वेदना ओकल्ने केही गीतहरू यहाा प्रस्तुत गरिएको छ ।

(क) बर्खाभरि दुख गरो पराइका छोराको
धोती दिन्छ टोप्रेलाको पोडका कोराको
चोलो फाटो भनम् भनि तेरै माइत जा भन्नी
भोली बेयान गएर पर्सी आ भन्नी
सम्पत्तिका नाउामा छैन आधीतोला तिलहरी
यो घरमा परेदेखि ज्यानै झिल्लरी
सासूको टोकसो कपाल परो बोकसो
लेउन आमा झोली काइायो कोर्छु कपाल
तरकारी खान दिन्छन् बेयान बेल्की कबेली
कति छ नि आमा मलाई कामको डबली

स्रोत : झविकला पुरी, माकर- ४, नवलपरासी

यहाा वर्षाभरि दस नङ्ग्रा खियाएर काम गरी खेतीपाती लगाउादा पनि वर्ष दिनको तीजमा एकजोर कपडा र मीठो मसिनो खान नपाउने केवल सासूको बुर्हातन सहन विवश रहेकी एक दुखी चेलीको मर्म झल्केको छ ।

(ख) काम गर्ने बेलामा गामबेसीका मेलामा
टपरीमा जौको सातु खानी बेलामा
टपरीको जौको सातु आासुले मुछियो

मुटुमा गााठो परो भोकै सुतियो
राति मुटु दुखेको त बेल्की भोकै सुतेर

अर्को दिन बेयानै गाली मैलाई उठेर
ए भ बजै तिमले पनि छोरी पाइकी छैनेऊ र ?
तिम्री छोरी पराइ घर दिएकी छैनौ  र ?
बिहानै उठेर फाल्नु परो भकार
अर्को दिन चिसो आटो मैलाई टकार
चिसो आटो टपरीमा तिउन दिनी दुनामा
तेही पनि दिन्चिन बजै दैला कुनामा

स्रोत : झविकला पुरी, माकर- ४, नवलपरासी

पराइ घरमा चेली रातदिन दुख गर्छिन् । कहिले लेक, कहिले बेसीका मेलामा पुग्छिन्, पराइ घर आफ्नै ठान्छिन्, तर जति दुख गरे पनि र जति आफ्नो ठाने पनि ती चेलीलाई खानी बेलामा सधैं रुनुपर्छ । उनले कहिल्यै पोषणयुक्त र रामो खाना खान पाउादिनन् । सासूले रुखो सुखो आटो ढेडो पनि राम्रो मुखले दिन्नन् । प्रस्तुत गीतमा सासूको शासनमा चेलीले भोको पेट मारेर त्यसै सुत्नु परेको विवशता प्रकट भएको छ ।

(ग) बिहानै उठेर दैलो कुचो गरेर
पानी लेउन पाधेरोमा गएा बरिलै
घरबाट सरापेको पाधेरोमा सुनियो
बिहानै बेलुकी कति रुनी हो
सासूले भन्नुभयो धिक्कारैको जुनी हो
ससुराले भन्नुभयो मरे हुनि हो
जेठाजुले भन्नुभयो अकूलमा परियो
स्वामीज्युले भन्नुभयो बिहे गरियो
भात खानु खेतको पानी लाउनु मूलको
दोस्रो बिहे गर राजै सद्धे कूलको
म त जान्छु, स्वामीराजै झोली तुम्बा बोकेर
दोस्रो बिहे गर राजै बाजा ठोकेर
छोराको दोस्रो बिहे गर हाम्री बजैले
मैले पनि माइत बसी हेर्छु मजैले ।

स्रोत : झविकला पुरी, माकर- ४, नवलपरासी

यहाा बिहानै उठेर दैलो कुचो र घरधन्दा सकी पानी भोर्न पाधेरा जाादा परिवारका सदस्यहरूले सरापेको र लाञ्छना लगाएको पाधेरामै सुनेकी चेलीको व्यथा र आक्रोश प्रस्तुत भएको छ । ती दु:खी चेलीप्रति कसैको मन सोझो छैन, यहाासम्म कि सिन्दुर हालेर ल्याएको

पतिलेसम्म उनलाई सौता हाल्ने ध्वाास दिएको छ । यसप्रकार यहाा उनको मनको खिन्नता र विद्रोहको राको झल्किएको छ ।

(घ) पछ्यौरी फाटेर झिलैझिला भयो
हामरा ससुराले मुखै हेरेनन् ।
नुवाकोटको उकालो नुनको भारी,
हामरा ससुरालाई जुगै नटुटोस् ।
चोली है फाटेर झिलैझिला भयो,
हामरी सासूले मुखै हेरिनन्,
चुहुनीमा कसौाडी चुइकिनी दाउरा,
हामरी सासूलाई कइलै नटुटोस् ।
घलेकी फाटेर झिलै झिला भयो,
हामरा जेठाजुले मुखै हेरेनन्
एकहाते भैंसी पन्ध्रदिने तारिख
हामरा जेठाजुलाई जुगै नटुटोस्
पटुकी फाटेर झिलैझिला भयो
हामरी जेठानीले मुखै हेरिनन्
नैर लाउनी झाातो फुक्लनी हातो
हामरी जेठानीलाई कहिले नटुटोस् ।

स्रोत : झविकला पुरी, माकर- ४, नवलपरासी

सधैंभरि परिवारको सेवा सुश्रुसा गरेपनि, जति त्याग र बलिदान गरे पनि परिवारको ममता र ख्याल बुहारिले पाउादिनन् । यहाा बुहारिका प्रत्येक कपडा फाटेर धुजाधुजा हुादासम्म परिवारका मूलीहरूले मुख फर्काएर हिाड्दाको पीडा र विद्रोहको ज्वाला दन्किएको छ ।

(ङ) चारै र दिशाबाट माग्न आए बाबा
म छोरीलाई दिनुभयो दुखी हेरेर
दुखी घर भनम भनि शिरको शिरफूल चोखै छ
भाग्यमानी भनम भनि पेट भोकै छ
पैतालुमा छाला छैन यो बिझाउनी बाटाले
हृदयमा बल छैन काचा आटाले
उकालीमा खुट्टा गले असारका गाभाले

कस्तो घर हेर्नुभयो हाम्रा बाबाले
हाम्रो बरै टाढा बेसी चौपारीमा बिसाउनी
आउादा आउादै राती हुन्छ सासू रिसाउनी
हाम्री बजै अलछिनी दिनभरि सुतेर
रातीको नौ बजे भान्सा पसेर
रातीको बार बजे खान भनि बोलाउनी
कसो गरी मेरी आमा ज्यान पलाउनी
बिहानको बासी आटो भर्सेलीका कुनामा
करेलीको तीतो झोल कानो दुनामा
दूध माग्दा पाइएन महिसित खाइएन
करेलीको तीतो झोल अब चाहिएन
धनीमानी छ, भनेर दिनुभयो बाबाले
के को माया गर्दा हुन् र ? त्यस्ता जाबाले
तानसेनका बजारमा निलो पर्दा टाागेको
कौना पापी अधर्मीले मलाई मागेको
जानपर्छ तारे भिरमा काट्न पर्छ खर
संसारमा नभएको दुःख यो घर ।

स्रोत : झविकला पुरी, माकर- ४, नवलपरासी

छोरीको बिहे गर्ने बेला भयो, उनलाई बिहे गर्न चारै दिशाबाट मान्छे हेर्न आए, तर बाबाले विचार नगरि दुःखी घरमा बिहेगरि दिएको कारण आज चेली दुःख र पीडाको सागरमा डुबिरहेकी छिन् । यहाा न त उनलाई मीठो मसिनो खान र राम्रो लाउन छ, न त हृदयमा नै शितलता छ, यस्ता घरमा पार्न माग्न आउने मान्छे पनि पापी र अधर्मी रहेछ भन्दै यस्तै चेलीको उत्पीडनको कथा प्रस्तुत भएको छ ।

(च) शिरै लाउनी शिरफूलमा मानीका पत्थर
छाडी गयौ स्वामी राजै मेरो को छ ?
बैकुण्ठका ढोकाबाट मैले हेरि राखुला
काखा बाला हुर्काएर आए बरिलै
काखा बाला हुर्काउन बार वर्ष लाग्छ
कसो गरि आम त राजै बाला छोडेर ।

स्रोत : झविकला पुरी, माकर- ४, नवलपरासी

यहाा काखमा साना लालाबाला र कलिलै बैंसमा स्वामीले छाडेर गएपछिको विधवा जीवनको पीडा, समस्या र बाध्यतालाई मार्मिक रूपमा प्रस्तुत गरिएको छ ।

(छ) थुगेसरी फूल फुल्यो फूलबारीमा रहिरह्यो
छोरी तिम्रो जोवन के गरी गयो ?
फूलबारीको फूल टिपी भमराले लयो
आमा मेरो जोवन रोएर गयो
हजारीको फूल फुल्यो फूलबारीमा रहिरह्यो
छोरी तिम्रो जोवन के गरी गयो ?
फूलबारीको फूल टिपी भमराले लयो
आमा मेरो जोवन रोएर गयो ।

स्रोत : झविकला पुरी, माकर- ४, नवलपरासी

यहाा पराइ घर गएकी चेलीको जोवन कसरी बित्यो, कति दुख पर्‍यो, के कस्तो अवस्था छ, भनेर माइतीमा आमाले सोध्दा चेलीले आफ्नो जीवन रोएर र पीडै पीडामा बितेको बताएकी छ ।

(ज) सौतेनीका वचनले माइत आई बसेको
लेउन बाबा २ चौकीको बास
चौकीको बास छोरी देउता पुज्न चाहिन्छ
चौकीको बास पाइनौ बरिलै
बाबा तिम्रो दुःख मैले गर्न मात्रै भयो
चौकीको बास पनि भएन बरिलै
सौतेनीका वचनले माइत आई बसेको
लेउन आमा २ मझेरीको बास
मझेरीको बास छोरी बाला खेल्न चाहिन्छ
मझेरीको बास पाइनौ बरिलै
आमा तिम्रो दुःख मैले गर्न मात्र भयो
मझेरीको बास पनि पाइन बरिलै ।

स्रोत : झविकला पुरी, माकर- ४, नवलपरासी

यहाा माइतमा त पराइ जस्तो हुनु परेको व्यथा व्यक्त भएको छ । पराइ घरमा सौतेनीले वचन लगाएपछि सहन नसकेर माइत आई बसेकी चेलीले माइतमा सधै बास

पाइएला भन्ने सोच्छिन्, तर माइतमा त उनी झन् पराइ जस्ती भइन् । यहाा बाबा र आमाले चौकीको र मझेरीको बास पनि दिन नमिल्ने भनेपछि माइतीको दुःख गर्नु बेकार रहेछ भन्दै बिलौना पोखिएको छ ।

(झ) सेतो भन्नि गाईको दूध
कालो भन्नि अबेर
सुन्नुस् सुन्नुस् बुबा आमा मेरो खबर
बिहा गरिदिनुभयो काली ग·ा तारेर
यति मेरो लालु जोवन बीच पारेर
संसराका उकालीमा आए मेरा पसिना
बिहे गरी ल्यायौ राजै म त बसिन
सागी भन्दा निच्छिमको रैच मेरो करिम
ठाडो शिर गर्न पनि लागो सरिम
बिहानै उठेर दैलो कुचो गरेर
खरबारीमाम घाास काट्न गए बरिलै
खरबारीमा घाास मैले काट्दा काट्दै
मुसलधारे पानीले कुटो बरिलै
घरमा आउादा खेरी फेर्नी लुगा छैनन्
मनि खाावो समातेर रोए बरिलै
वर्ष दिन दुःख गरो प·जाले धोती
भोकमा खानु छैन मकैंको रोटी
गंगाजीमा हेरु भने निले कारे जल भयो
छुरी धसे हुादो हो कि भन्नी मन भयो
सुनारले सुन जोख्यो कति राम्रो तोलाकी
गंगाजीका तिरमा बसे होलाकी
के लेखेको बाबा मलाई चौपारीमा बसन
ऐर बाला बैंसमा छुरी धसन २ ।

स्रोत : लोकमाया पाण्डे, बिर्घा- ५, चिफल डाााडा, स्याङ्जा

प्रस्तुत गीतमा चेलीले अर्काको घरमा बेहोर्नु परेका बुहार्तन, पीडा र रोदनको चित्कार आफ्ना माइती सामू सुनाएको र प्रताडना यतिसम्म असह्य भयो कि ती चेलीले आफूलाई सम्पूर्ण सांसारिक बन्धनबाट मुक्त गर्न, दुःखी जीवनबाट पार पाउन आफ्नो प्राणहत्या गर्ने अवस्थामा पुगेको दर्दनाक चित्कार व्यक्त भएको छ ।

(ञ) बिहानै उठेर दैलो कुचो गरेर
खरबारीमा घाास काट्न गए बरिलै
घाास काटनी आमा मइले कर्नेटाका भिरमा
ढुङ्गा खसे मेरी आमा कमल शिरमा
वालिमका पुच्छारमा घर छ, मेरो घुमाउनी
कामीको आरन भन्न सुहाउनी
माथिबाट हेर्दाखेरि कानै छुनी जस्तो छ
एकै पाली हिन्नुस बाबा ठाम कस्तो छ
गाम बेसीको पाइ छ बाबा सङ्गत छ दमैको
के को आधार छ र ? बाबा तिम्रा जवौको
बाहिर हेर्दा सोझा बाबा भित्र मर्म काट्नी
के गरेर हो र मैले इज्जत राखनी
भदवै मासको लर्कनी खर
हासियाले काट्दा पनि चाम्रो बरिलै
भितर मनमा के छ के छ बाबा
बाहिरे हेर्दा राम्रो बरिलै ।

स्रोत : लोकमाया पाण्डे, बिर्घा- ५, चिफल डााडा, स्याङ्जा

यहाा पीडा र दुःख माइतीमा व्यक्त गरिएको छ । बाबाले ज्वाइा असल छन् भनी दुःखी सित बिहे गरिदिनुभयो, तर उनी त निष्ठुरी र आधारै नभएका पो परे । घर पनि पानी चुहुनी झुपडी छ, साथीसागी र छिमेकी पनि तल्लो स्तरका र निच्छिम छन्, यस्तो अवस्थामा मैले यो घर कसरी खाने र कसरी इज्जत राख्ने भन्ने पीडा र दुःख माइतीमा व्यक्त भएको छ ।

(ट) पन्ध्र सयको साडी आयो सुनका जडी ठोकेर
गरिब चेली हेर्छन् बरै जिब्रो टोकेर
यो घरमा आएदेखि नमीठो खाइएन
सेतो सितो भन्नि कैले देख्न पाइएन
यो घरमा आएदेखि फिक्का चिया खाइएन
चिनी भन्नि कस्तो हुन्छ थाहा पाइएन
पैतालीमा छाला छैनन् बिझाउनी बाटाले

हृदयमा बल छैन निस्ता आटाले
चप्पल किनी पठाऊ आमा बिझाउनी बाटालाई
एक टिन घ्यू पठाऊ आमा निस्ता आटालाई ।

स्रोत : लोकमाया पाण्डे, बिर्घा- ५, चिफल डााडा, स्याङ्जा

यहाा अभाव गरिबी र पीडामा बााचेका अरूले राम्रो लाएको र मीठो मसिनो खाएको देख्दा मरेको जुनी भन्दै सधैा अभाव र छटपटीमा बााच्न पर्दा चेलीले आमालाई बिझाउनी बाटालाई चप्पल र निस्ता आटालाई घ्यू पठाइदिन आग्रह प्रस्तुत गरिएको छ ।

(ठ) तीज आयो झिमिरिले वनमा
सुख र सन्तोष छैन मनमा
धनी साहू हेरेर दिनुभयो बाबाले
रुखारुखा वचन लाउाछन् त्यस्ता जाबाले
बाबाका गौरीखेत धान रोपेर हरियो
निठुरे गरिबलाई हामी परियो
कम्ती मन रुन्न आमा बुचै माइत आउादा
अझै मन धरर सागीले लाउादा
दुई पैसाको सिन्दुरलाई बरु पैसा तिरेर
म त बस्छु मेरा बाबा अंश लिएर
छोरो भई जन्म लिए अंश लिई बस्दी हौ
टारी खेत सुक्दा खेरी पानी लाउादी हौ ।

स्रोत : लोकमाया पाण्डे, बिर्घा- ५, चिफल डााडा, स्याङ्जा

यहाा छोरीको मार्मिक पीडा व्यक्त भएको छ । बाबाले धनी साहू भनेर बिहे गरिदिनु भयो, तर ती त निठुरे गरिब पो रहेछन् । वर्ष दिनको तीजमा पनि चेलीलाई सुख सन्तोषको सास फेर्न छैन । तीजमा माइत आउादा पनि आफू लुलै बुचै आउनु पर्छ भने आफ्ना दावाली र सागीसाथी गरगहना लगाएर झरझुट्ट भएर आउादा झनै मन धर्किन्छ । यहाा त्यस्तो पापी घरमा नारकीय जीवन बिताउनुभन्दा बरु बाबाले अंश दिए त माइतै बस्ने थिएा भन्दा बाबाले छोरा भए त अंश लिएर बस्थ्यौ, तर छोरी भएर जन्मियौ अर्काको नासो बन्यौ भन्दा त झनै छोरीको मन पीडाले मर्माहत भएको भाव व्यक्त भएको छ ।

(ड) बाबाको दैलोमुनि खस्रेटीको खस्रो पात
सुन्नुस् बुवाआमा म छोरीको बात

दस महिना सम्मन कोखीमा बसियो
दस महिना पुगेपछि भैमा खसियो
चौध पन्ध्र वर्षसम्म माइतमा बसियो
पन्ध्र वर्ष पुगेपछि डोली चढियो
गाउाका मान्छे खोजेर सर-सल्लाह लिनुभो
विष्णु जस्ता स्वामीलाई दान दिनुभो
विष्णु जस्ता स्वामीलाई दान पनि दिनुभो
एकै आखर बोल्दा खेरी थप्पड दिनुभो ।

स्रोत : लोकमाया पाण्डे, बिर्घा- ५, चिफल डााडा, स्याङ्जा

यहाा बाबा आमाले दस महिनासम्म कोखीमा राखेर जन्माएकी छोरीलाई पन्ध्र वर्षको कलिलै उमेरमा बिहे गरिदिएको प्रसङ्ग छ । बिहे गर्दा गाउाका मान्छे भेला भएर सर-सल्लाह गरी विष्णु जस्ता र असल स्वामी खोजेर कन्यादान दिएको तर ती विष्णु रुप स्वामीले त घर लगेको भोलिपल्ट चेलीलाई एक आखर बोल्दैमा थप्पड बर्साउन थालेको यथार्थ व्यक्त भएको  छ ।

(ढ) बाबाले नी सात वर्षमा कन्यादान दिनुभो
म बालखु छोरीको पाप लिनुभो
कि त लाग्ला मेरो पाप कारनी मामालाई
कि त लाग्ला मेरो पाप बाबाआमालाई
बिहानै उठेर घरको काम सकेर
तल्लोवारी घास काट्न गएा बरिलै
दस बजे घर आउादा घासको भारी बोकेर
छैनन बजै घरमा चापी ठोकेर
गोठमा माली गाई कराउादै बसेको
गएा म त ज·लमा गाई फुकाएर
माली गाईलाई चराएर आइयो सन्ध्या सााझमा
घासको भारी बोकेर दाउरा काधमा ।

स्रोत : मायादेवी पाण्डे, रामपुर, बााका, पाल्पा

प्रस्तुत गीतमा नेपालमा रहेको बालविवाह प्रथाप्रति आक्रोश व्यक्त भएको छ । यहाा बालक कालमै बाबाले कर्रो घरमा बिहे गरी पठाए पछिका घरमा गएर बालखु चेलीले भोग्नु

परेका कहर र त्यस्तो कर्रो घरमा पार्नी कारनी मामा र कन्यादान दिने बाबुआमा उपर व्यक्त भएका निर्दोष चेलीका आक्रोशका स्वरहरू मुखरित भएका छन् ।

(ण) लाउनी खानी बेलामा म बुहारी हेलामा
कतिखेर निस्कली भन्छौ मेलामा
खान दिने बेलामा कालो कोदो कुहेको
लाउन दिादा ससुराको आासु चुहेको
मेलाबाट घर आउादा बाह्रबजे टलेको
पनेटामा हेर्दा खेरी गाग्री लडेको
निसमसे आधेरो टाढाको पाधेरो
रित्ता गाग्री बोकेर गएा पाधेरो
निसमसे आधेरी गएा म त पाधेरो
मलाई देखे घरको जहान सबै आधेरो ।

स्रोत : मायादेवी पाण्डे, रामपुर, बााका, पाल्पा

प्रस्तुत गीतले लाउनी खानी बेलामा चेलीलाई सधैा दुःख, पीडा र हेलामा बााच्नु पर्ने अवस्था रहेको र बार बजे मेलाबाट भोक र थकानले लखतरान परेर घर आउादा पनि फेरि उनलाई रित्ता गाग्री बोकेर टाढाको पाधेरो जानु पर्ने बाध्यता रहेको र यति दुःख गर्दा र अजेटो सहादा पनि घरका जहानको मुख उज्यालो नभएको पीडा व्यक्त गरेको छ ।

(त) दैलामुनि ठूलो रूख के हो बाबा कटर
धेरै छोरी छन् भनेर हेला नगर
धेरै छोरी भए पनि आफ्नै कर्म खानी हो
रुादैरुादै पराइको घर जानी हो
रुादैरुादै गएर पिाढीमा बस्नी हो
कसको मुख हेरेर भित्र पस्नी हो
ससुरालाई हेरौा भने उमालेका गाभा झैा
सासूलाई हेरौा भने पोल्नी आगा झैा
जेठाजुलाई हेरौा भने खुन खाएका बाघ झैा
जेठानीलाई हेरौा भने काली नाग झैा
नन्द देवर हेरौा भने निदाएका ढुकुर झैा
स्वामी मुख हेरौा भने टोक्नी कुकर झैा ।

स्रोत : मायादेवी पाण्डे, रामपुर, बााका, पाल्पा

प्रस्तुत गीतमा धेरै छोरी हुनुको पीडा व्यक्त भएको छ । यहाा धेरै छोरी छन् भनेर कसैले हेला गर्नु पर्दैन, किन कि जति धेरै छोरी भए पनि माइतीघर बस्न पाइादैन, नचाहे पनि रुादैरुादै पराइ घर जानैपर्छ र अर्काका आमा बाबा र छोरा र परिवारका अन्य सदस्यलाई रिझाएर बस्नुपर्छ, तर परिवारका कुनै सदस्य पनि ती छोरीप्रति सहयोगी हुादैनन्, कोही आक्रामक र कोही निरीह भए पनि आखिर छोरीले त्यो पराइ घरलाई व्यहोर्नु नै पर्छ, आफ्नो बनाउनु नै पर्छ भन्ने मार्मिक भाव व्यक्त भएको छ ।

(थ) जेठा हाम्रा बाबाका सातै बैनी छोरी
रामपुरे फााटमा अटाए २
हामरा बाबाकी म एउटी छोरी
सातै डाााडा कटाए २
बढेका होलान् खोला र नाला
चल्दैन रेल मोटर म कसरी आम
चलाइदिम्ला रेल मोटर पठाइदिम्ला चिठी
त्यही चिठीको भरोसामा आए बरिलै
माया दया हुादो हो त आफैं बाबा आउादा हुन्
चिठीको खस्मेरोले जान्न बरिलै
मौलानैमा रिजाम्ला मौलानैमा भिजाम्ला
माइती देश बिर्सनी यो मन गराम्ला ।

स्रोत : मायादेवी पाण्डे, रामपुर, बााका, पाल्पा

प्रस्तुत गीतमा माइती लिन नआउादाका पीडा प्रस्तुत गरिएको छ । यहाा हाम्रा जेठा बाबाका सात बैनी छोरी पनि त्यही रामपुरको फााटमा दिए तर हाम्रा बाबाकी म एउटी छोरीलाई पनि सातडाााडा पारी दिए, अब तीजको बेलामा माइत कसरी आउने खोला नाला बढे होलान्, रेल मोटर पनि चल्दैनन् भन्दा बाबाले चिठीको भरमा आए छोरी भन्नुहुन्छ, यस्तो सुन्दा चेलीको मन रुन्छ र चिठीको भरमा आउनु भन्दा त बरु मौलानमै आफन्त बनाएर माइती देश बिर्सौला भन्दै पीडा र आक्रोश पोखिएको छ ।

(द) अलि पर चौपारीमा केको बाजा बजे छ
बाबाले सानीआमा ल्याए बरिलै
सानीआमा ल्याएपछि बाबा पनि बिराना
आफ्नी आमा त गंगा तीरमा
भित्र जान्छु सानीमा, बाहिर आउाछु सानीमा

मलाई पनि लैजानु आमा जानीमा
म मरेकी आमाले केको साथ लानी हो
संसार हेरेर बस बरिलै
अरू दिन त सधैंभरि संसार हेरुला
वर्ष दिनको तीजमा कसो गरुला ।

स्रोत : मिना भुसाल, बेसर्गा, पाल्पा

प्रस्तुत गीतमा बैंसमै आमा मरेपछि र बाबुले सौतेनी आमा भित्र्याएपछिको छोरीको पीडा र मर्म झल्किएको छ । यहाा बाहिर भित्र जता गए पनि सानीमाको शासन छ, आमा बिना कसरी बााच्नु भन्दा आमाले संसार हेरेर चित्त बुझाऊ छोरी भन्नुहुन्छ, अरू दिन त संसार हेरेर बसुला तर वर्ष दिनको तीजमा कसो गरुला भन्ने दुःखी चेलीको पीडादायी स्वर घन्किएको छ ।

(ध) वर्ष दिनको तीजमा बाबा लिन आएका
बाबा अघि लाएर गएा बरिलै
आमा भनी बोलाउादा है भन्यो ढोकाले
भाउजु रैछन् घरबारे मरो भोकले
रुदैरुदै आएर एक छाक खानी हो
भोलिपल्ट रित्तो झोला घर जानी हो
घर जाादा बूढी सासू आउाछिन् कुप्री परेर
केको पाहुर दिन्छु मैले दर्शन गरेर ।

स्रोत : मिना भुसाल, बेसर्गा, पाल्पा

प्रस्तुत गीतमा माइतीघरमा आमा नहुादाका पीडा र विवशता व्यक्त भएको छ । यहाा वर्ष दिनको तीजमा बाबा लिन आएर माइत जाादा आमा परलोक भइसकेको, माइतमा भाउजूको शासन रहेको, भाउजूले अड्कलेको खानु पर्दा पेट नभरिएको, एक रात बसेर घर फर्किदा पनि बिना कोसेली पात रित्तै घर फर्कादा अब घर गएर बूढी भएकी सासूको हातमा के राखेर ढोग गर्ने ? भन्ने जस्ता नारीको माइतीघरमा आमा नहुादाखेरिको पीडा र विवशता झल्केको छ ।

(न) कुटुकुटु पेट काट्यो भदौरे सातुले
आज मलाई सन्चो छैन बाल धातुले
एक दिन काम गरे सुत्नुपर्छ पान दिन

जान्छु म त दबाइ गर्न पाल्पा तानसिन
दबाइ गर्न जाादाखेरि मरो भने बाटामा
राखी दिनुहोला मलाई राम्दी घाटैमा
अस्पतालमा मरो भने अमरिकाले छुने छन्
माइत खबर पुग्यो भने आमा रुने छन्
वरपर दिदी बहिनी मेरा कुरा सुनिदेऊ
माइत आमा रोइन् भने नरौ भनिदेऊ ।

स्रोत : मिना भुसाल, बेसर्गा, पाल्पा

प्रस्तुत गीतमा आफू बिरामी भई मरेमा माइतीघरमा आमा रुने चिन्ता व्यक्त भएको छ । यहाा घरमा राम्रो खान पिउन नपाउादा चेली सिकिस्त बिरामी पर्छिन् र उनलाई उपचारको निम्ति पाल्पा तानसेन जानुपर्छ । केही गरी मरिहालो भनो राम्दीघाटमा सेलाइदिनु भन्ने उनको इच्छा रहेको छ भने आफू मरेको खबरले माइतीघरमा आमा रोलिन् भन्ने ठूलो चिन्ता छ, त्यसैले यहाा सागीसाथीलाई आमालाई सम्झाइदिनु भनी अनुरोध गरिएको छ ।

(प) वर्ष दिनको तीजलाई बाबा आए लिनलाई
पठाइदिनुस् मेरी बजै दुवै दिनलाई
बाबालाई देख्दाखेरि रुन्छ मन धर्केर
बजै बस्छिन् दलानमा कन्नो फर्केर
वर्षाभरि घाास काटो यति हैन रुझेको
एउटा साडी लाउन छैन चित्त बुझेको
माइत जानी बेला भयो कौनो साडी लाउनी हो
बिदा दिनुस् सासूले कहिले आउनी हो
भरे छोरो आएर गाली मलाई गर्छ कि
पञ्चमीका भोलिपल्ट आउन पर्छ कि
भित्र बाहिर दिदीबहिनी श्रीमती खै खै
आफ्ना बाबा लिन आए आफ्ना माइत गई
हिजो समिन श्रीमतीको मेरै थियो खटन
कसले भन्यो आमालाई माइत पठाउन
गाली गऱ्यो भनेर पीर नमान्नु आमाले
हजुरलाई दुःख हुन्छ घरको कामले
आरेभञ्जयाङ बाटो खन्यो चाइनाले र गोराले

रुखो वचन लाउाछ मलाई छोरा मोराले ।

स्रोत : पम्फा पाण्डे, बुटवल- १३, देवीनगर, रूपन्देही

प्रस्तुत गीतमा वर्ष दिनको तीजमा बाबा लिन आउादा सासूले अनुमति नदिादाको चेलीको पीडा र वर्ष दिनको तीजमा पनि एकजोर राम्रो साडी लाउन नपाउादाको पीडादायी स्वरका साथै जसोतसो बुहारीलाई माइत पठाएपछि छोराले साँझ घर आएर श्रीमती खोज्दै रुखा वचन लागाएपछि रन्थनिएकी आमा (सासू)को पीडा व्यक्त भएको छ ।

(फ) तीजको बेलामा छोरी घर पठायौ
आधेरी खोलाले लयो बरिलै
बाबा र ससुरा खोज्न भनी जाादा
ढु·ाको अन्तरिमा रैछन् बरिलै
बाबाले भन्नुभयो मेरी छोरी यिनै हुन्
ससुराले भन्नुभयो गहना मेरै हुन्
बाबा त लाग्नुभयो झम्टेर रुन
ससुरा त लाग्नुभयो गहना धुन
बाबाले भन्नुभयो दानपुन्य गर्नि हो
ससुराले भन्नुभयो बिहे गर्नि हो
बाबाले भन्नुभयो घाटमा लैजानी
ससुराले भन्नुभयो यहीा दबाउनी ।

स्रोत : पम्फा पाण्डे, बुटवल- १३, देवीनगर, रूपन्देही

प्रस्तुत गीतमा ससुराको स्वार्थी विचार प्रस्तुत गरिएको छ । वर्ष दिनको तीजमा माइत जान हिाडेकी चेलीलाई तीजको बेलामा चेलीलाई माइतीले घर पठाए वर्षायाममा नदीनाला र भेल तरेर माइत घर गर्नुपर्छ । वर्षाको आधेरी खोलाको भेलले चेलीलाई बगायो । चेली घर माइत कतै नभेटिएपछि बाबा र ससुरा खोज्न जाादा ढु·ाको अक्करमा चेलीको लास देखेपछि बाबा अलाप विलाप गरेर रुन थाल्नुभयो, तर ससुराले गहना बटुल्न थाल्नुभयो । बाबाले चेलीलाई घाटमा लाने र दानपुन्य गर्नुपर्छ भन्दा ससुराले चेलीलाई त्यहीा दबाउने कुरा गर्छन् ।

(ब) वर्षै दिनको तीजमा बाबा लिन आएका
हाम्री बजै पापीनीले लुकाइन् शिरफूल

दैलो पोत्ने शिरफूल भााडा माझ्ने शिरफूल
अराइ-सिकाइ राखे बजै तिम्रै शिरफूल
यति राम्रो चौतारीमा त्यति राम्रो पीपल
किन आउाछस् पापी तीज डाली नुहाउन
शिरमा लाउनी शिरफूल सुनारीको दोकान
किन आउाछ पापी तीज माइती सम्झाउान ।

(पराजुली, २०५७:१७९)

प्रस्तुत गीतमा शिरफूल लुकाएपछि उत्पन्न समस्या प्रस्तुत गरिएको छ ।      वर्ष दिनको तीजमा बाबा लिन आए, माइत जाने बेलामा पापीनी सासूले शिरफूल लुकाउादा र पापी चाडले माइती सम्झाउादा चेलीको मन रुन्छ । यहाा सुनारीको दोकानमा शिरफूल हुने तर चेलीको शिरमा शिरफूल नहुनाको पीडा र रोस व्यक्त भएको छ ।

(भ) शिरफूल लाएर घरबाट आएकी
भित्र पनि आइनौ छोरी, के छ मनमा ?
कस्तो हुन्छ मेरा बाबा तप्केनीको खेती
उस्तै हुन्छ बाबा सौते घरमा ।
कस्तो घर हेरेर दिनुभयो बाबाले
लाउन खान दिादैनन् छुच्चा जाबाले
जेठाजु र जेठानी कुरा लाउाछन् फत्तुर
शिरको सिन्दुर कोरदिने स्वामी भए सत्तुर ।
भित्र बाहिर गरे पनि रुचाउादिनन् सासूले
रुादारुादै पछ्यौरी यो भिज्यो आासुले
यो घरको भााडाकुडा, होटेलको चाल
घाास काट्न जाादा कोरो कपाल
दिनरात खट्नुपर्छ काम गर्ने बेलामा
बरबर आासु झर्छन् खानी बेलामा
भित्र बाहिर उनै हिाड्छन् बिरालाका छाउरा झैं
खानु खुट्नु केही छैन सुको दाउरा झैं ।

(पराजुली, २०५७:८१-८२)

प्रस्तुत गीतमा घरको हेलाा भएको पीडा प्रस्तुत गरिएको छ । सौतेनी मामिलामा जेलिएको घरमा चेलीको मनको वह बुझिदिने कोही हुादैन । बाबाले विचारै नगरी छोरीलाई

दिनुभयो, दुष्टहरूको साथमा छोरीलाई लाउन खान केही छैन । छ त केवल कामको बोझ, तर जति काम गरे पनि उनलाई कसैले रुचाउदैन । यहासम्म कि शिरमा सिन्दुर हाल्ने स्वामी पनि दुस्मन समान छन्, तर पनि चेलीले जिउनु परेको छ, सुकेको शरीर बोकेर उभिनु परेको छ ।

(म) शिरैमा लाउनी शिरै क्यारे शिरफूल
पावैमा लाउनी बीज बरिलै
आमा र बाबु नभएकी छोरीलाई
किन आयो तीज बरिलै ।
तीज आयो भनेर सबै जान्छन् माइत
आफ्नो माइती मुग्लानपारि छैन साइत
यो रमाइलो बेलामा जानुपऱ्यो मेलामा
मै छोरीको आसु खस्यो दैला ठेलामा ।

(शर्मा र लुइटेल, २०६३:१२०)

प्रस्तुत गीतमा माइती लिन नआउादाको पीडा प्रस्तुत गरिएको छ । तीजको रमझममा सबै चेली आफ्ना माइती लिन आएर माइत जान्छन्, तर माइती टाढा वा मुग्लान पारी भएकी छोरीलाई कोही लिन आउादैन, त्यस्तो बेला चेलीलाई तीज पनि पीडा बन्ने गर्दछ । अर्को तर्फ तीजको रमाइलो बेलामा पनि चेलीले मेलापात जानु पर्दा उनका आसुले बाटो छेक्छन् ।

(य) पुतली खेतमा पानी लाउन जाादा
अपुतो आयो भन्छन् बरिलै
शिरै लाउनी शिरफूल लेउन पिया रानीले
दोसरी बिहे गर्न जान्छु बरिलै
शिरै लाउनी शिरफूल त कागतैमा कोरौला
स्वामीज्यूको दोस्रो बिहे रामै हेरौला ।

स्रोत : झविकला पुरी, माकर- ४, नवलपरासी

यहाा विवाह गरे पनि जायजन्म नभएर अपुताली परेपछि गाउा छिमेकीले श्रीमान्लाई अपुतो भन्दा यस्तो हेला सहन नसकी श्रीमान्ले दोस्रो बिहे गर्नको लागि शिरफूल मागेको र त्यस बखत छोराछोरी नभएकी चेली उपर पर्ने पीडा व्यक्त भएको छ ।

(र) उाभो हेर्दा काली लेक कैलाश

उाधो त निरय जाली कम्मरमा
कि त लाग्छ बाबाको माया
कि लाग्छ बिरहे जाली कम्मरमा
उाभो हेर्दा काली लेक कैलाश
उाधो त निरय जाली कम्मरमा
कि त लाग्छ आमाको माया
कि त लाग्छ बिरहे जाली कम्मरमा ।

स्रोत : झविकला पुरी, माकर- ४, नवलपरासी

प्रस्तुत गीतमा बाबाआमाको मायाले छटपटिएकी चेली जब माथि हेर्छिन् घना ज·ल देखिन्छ भने जब उनी तल हेर्छिन् नीलो नदी बगिरहेको देखिन्छ भन्ने चेलीको व्यथा व्यक्त भएको छ ।

(ल) शिरफूल लाएर माइत जानी बेलैमा
छाइा छाइा कडिया बजाउादै रेलैमा
सत्तकी रानी बसे जोवान धानी
ल्याइदिम्ला शिरफूल पल्टनमा भर्ति भएर
शिरै लाउनी शिरफूल त भाग्य भए लाउनी हो
पल्टनै छुटेर कैले आउनी हो ।

स्रोत : झविकला पुरी, माकर- ४, नवलपरासी

चेली शिरफूल लगाएर माइती जाने बेलामा उनका श्रीमान् पल्टनमा भर्ति हुन भनी रेल चढेर भारततर्फ लाग्छन् । पल्टनमा भर्नी भएर शिरैलाउनी शिरफूल ल्याइदिउाला भन्ने मीठो सपना बाुढ्छन्, तर चेलीलाई शिरफूलभन्दा पनि आफ्ना पतिको साथ आवश्यक छ भन्ने मार्मिक भाव यस गीतमा व्यक्त भएको छ ।

(व) पानी आयो हरर पैरो गयो गरर
कलीका छोराले रुवाउाछन् धरर
सानो छादा बालकुमा मर्छ भनि डरायो
ऐले मलाई ऐ छोराले रुनी गरायो
कैले होला मेरो बाबु हाासी मुख हेरनी
कैले होला मेरो बाबु स्कुल पढनी
कति दु:ख गरेर छोरा पनि पढाएा

बैंकको मेनेजर छोरो बनाएा
तलेघरको ठूलो कोठी छोरा र बुहारीलाई
ओसारीको सानो कोठा मै बुढीलाई
बुहारीले कुरा लाउनी छोरालाई रिसाउन
एउटी छोरी चाािहदो रैछ दुःख बिसाउन
किन होला साचनी किन होला राखनी
ढलीमली अरकाकी छोरी नाचनी
जति छोरा पाए पनि अरकाकी छोरीलाई
बुढेसकालमा सुख छैन बुढाबुढीलाई

स्रोत : कविता पौडेल, बुद्धनगर, रूपन्देही

यहाा बाबुआमाको मन दुखेको कुरा छ । बाबुआमाले दुःख गरेर छोरो हुर्काउाछन्, पढाउाछन् र छोरो सक्षम भएर विभिन्न संघसंस्थामा आसीन हुन्छ, उसको मानसम्मान हुन्छ । बुहारी ल्याएपछि छोराले श्रीमतीका कुरा सुनेर बुवाआमालाई हेला गर्न थाल्छ । जीवनभरि आमाले दुःख गर्छिन्, तर पछि पराइकी छोरी आएर मालिक्नी बन्छे । त्यतिबेला आमाको दुख्ने मन बिसाउन ठाउा चाहिादो रहेछ भन्ने मर्म यस गीतमा प्रस्तुत गरिएको छ ।

यसरी तीजको अवसरमा छोरीचेलीहरू माइतीघरमा जम्मा भएर दुःख, पीडा र उत्पीडनका गीतहरू गाएर आफ्ना पीडाहरू बिर्सने जमर्को गरेको पाइन्छ । प्रस्तुत तीज गीतहरूले यस्तै यस्तै पीडादायी भाव व्यक्त गरेको पाइन्छ ।

### ४.३.३ अशिक्षा र असमानता विषयक तीज गीत

आजको एक्काइसौा शताब्दीमा पनि नेपालका अधिकांश महिलाहरू अशिक्षाको आध्यारोमा गुम्सिन विवश छन् । हाम्रो सामाजिक संरचना नै पितृसत्तात्मक भएकाले संसारका नारीले जति प्रगति गरे पनि नेपालका दुर्गम र ग्रामीण क्षेत्रका महिलालाई शिक्षामा अग्रसर गराउन यहााको पुरुषप्रधान समाज अझै पनि हिच्किचाउने गर्दछ । नारीले पढेर जान्ने सुन्ने भए पुरुष हैकम चलाउन पाइादैन भन्ने मानसिकतामा हाम्रो समाज आज पनि गुज्रिरहेको छ । आज पनि नेपाली समाजमा छोरालाई काखा र छोरीलाई पाखाको विभेदकारी चलन जीवित छ । सरकारी रूपमा नारी शिक्षा योजना सञ्चालन गरे पनि र गैरसरकारी रूपमा विभिन्न नारी सचेतना अभियान सञ्चालन भए पनि ती अभियान र योजनाले दुरदराजमा बस्ने नेपाली महिलालाई प्रभाव पार्न सकिरहेको छैन । तीज गीतमा यस्तै अशिक्षा र असमानतामा पिल्सिएका नारीका भावना झल्केका छन् ।

(क) आफूभन्दा सानो भाइलाई आई.ए. बि.ए. पढाउनी
म एउटी छोरीलाई घाासै कटाउनी
पढाउन खोजेनौ बाबाले, रोली छोरी भनिनौ आमाले
कहाा गई पोखु पीर मनको नपढेको यो अन्धो जीवनको
नहेर घामजून ताराले चोली भिज्यो आासुका धाराले
घरको हेला परको हेला दुःखी जीवन पलाउन कुन यामले
फाट्यो चोली महागो छ जिन पनि शिक्षा बिना आध्यारो दिन पनि
ए साथी नमाने मेरो पीर बरु मलाई बताइदेऊ अलको भिर ।

(भण्डारी,२०५५:३३)

प्रस्तुत गीतमा पढ्न नपाउादाको पीडा प्रस्तुत गरिएको छ । आफूभन्दा सानो भाइ स्कुल, कलेज पढेर विद्वान् बन्छ, तर छोरीलाई बाबा आमाले दाउरा घाास काट्न पठाएकोले छोरीको जीवन अन्धकार बनेकोले उनले आफूलाई बााच्नु व्यर्थ ठान्छिन् । नपढेकालाई सबैले हेला गर्छन् । यहाा बुबा आमाले पनि भेदभाव गरेकाले शिक्षा बिनाको जीवन आध्यारो रात जस्तो बन्यो भन्ने पीडा र आक्रोश व्यक्त भएको छ ।

(ख) नपढेकी छोरीलाई पढेकालाई दिनुभो
यति कुरा बाबाले पाप लिनुभो
अङ्ग्रेजी भाषामा पानी माग्छन् स्वामीले
के बुझेर दिनी हो अनपढ हामीले
अङ्ग्रेजीमा भन्दा रैछन् पानीलाई वाटर
नबुझेर दिएा मैले काचो कटर
अङ्ग्रेजीमा भन्दा रैछन् स्याउ दानालाई एप्पल
नबुझेर दिएा मैले लाउनी चप्पल
अङ्ग्रेजीमा भन्दा रैछन् भातलाई राइस
नबुझनी श्रीमती जाऊ माइत ।

स्रोत : मायादेवी पाण्डे, रामपुर, बााका, पाल्पा

प्रस्तुत गीतमा अनपढ हुादाको पीडा प्रस्तुत गरिएको छ । अनपढ छोरीलाई बाबाले पढेका ज्वाइालाई बिहे गरिदिए । छोरीलाई काला अक्षर भैंसी बराबर छन् । स्वामीज्यूले अङ्ग्रेजी भाषामा कुरा गर्ने र होच्याउने गर्दा चेलीको मन धर्कने बिलौना यहाा प्रस्तुत गरिएको छ ।

(ग) दस पढेकी छ भनेर बिहा गरिदिनुभो
घर जाादा म छोरीको इज्जत लिनुभो
स्वामीज्यूले भन्नुभयो नपढेकी चाहिएन
बजैले भन्नुभयो दाइजो पाइएन
बाजेले भन्नुभयो दाउरा घाास कटाउनी
जेठाजुले भन्नुभयो माइतै पठाउनी
छिमेकीले भन्न थाले मातेकी र चढेकी
गाउालेले भन्न थाले नैर पढेकी
नन्दले कुरा लाउनी बाजे बजै जर्कनी
स्वामीज्यूलाई हेर्दाखेरि उता फर्कनी
जुन थालमा खाना खायो उही थालमा चुठेका
कर्मपारी छोरी दिने आाखै फुटेका ।

स्रोत : प्रचण्डबहादुर बुढाथोकी, माकर- ४, नवलपरासी

प्रस्तुत गीतमा नपढी बिहे हुादाको पीडा प्रस्तुत गरिएको छ । बाबाले दस पढेकी छ भनेर झुक्काएर पढेका ज्वाइा खोजेर अनपढ छोरीको बिहे त गरिदिनुभयो, तर अनपढ भएकै कारण उनको घरमा कुनै इज्जत रहेन । यहाा स्वामीज्यूबाट पनि उनले तिरस्कार पाएको र परिवारका सबै सदस्य उनका पराइ भएका र गाउा छिमेकमा पनि उनको कुनै अस्तित्व नरहेको बिलौना र पीडाका स्वरहरू प्रस्तुत भएका छन् ।

(घ) पारी पाखा सेतै भयो सिमलुको भुवाले
छोरा जति परदेश गए भन्छन् बुवाले
दाजुभाइलाई उई रमाइलो मोटरको लाइन
हामी छोरी भइन्जेल गर चइन
छोरालाई दिनदिनै मास्टरको काखमा
हामीलाई दाउरा घाास वन-पाखामा
पढ्न जाने बेलामा जानुपऱ्यो मेलामा
विकास गर्ने बेलामा घरको झेलामा
दिदी बैनी घर जान्छन् रित्तो झोला बोकेर
दाजु भाइले अंश लाउाछन् कीलो ठोकेर ।

(पराजुली, २०५७:८२-८३)

प्रस्तुत गीतमा लैङ्गिक विभेदको समस्या प्रस्तुत गरिएको छ । यहाा छोरालाई माया गरी हुर्काउने पढ्न लेख्न पठाउने तर एकै कोखको सन्तान छोरीलाई चाहिा पराइ घर जाने जात भन्दै हेला गरी घरधन्दा मेलापात, वन-ज•ल र दाउरा घाास काट्न पठाउनी हाम्रो सामाजिक चलन र छोरालाई अंश भाग लगाएर दिने तर छोरीलाई रित्तै अर्काको घर पठाउनी जस्ता विभेदकारी सामाजिक चलनप्रति व्यङ्ग्य प्रस्तुत गरिएको छ ।

(ङ) आागनीको डिलमा बसी काली कौवा करायो
म छोरीको दुःख पोख्ने ठाउा हरायो
जन्म दियौ म छोरीलाई पढाएनौ बाबाले
पराइ घर चााडै दियौ बाबाआमाले
दाजु पढ्न सहर म त पराइ घरमा
सधैा भरि बस्नुपर्ने डरैडरमा
एकै कोखमा जन्मे पनि यस्तो फरक देखियो
दुःख पाउनु हाम्ले मात्रै कहाा लेखियो ।

(पराजुली,२०६७:४६)

प्रस्तुत गीतमा लैङ्गिक विभेद देखाइएको छ । बाबाआमाले दाजुलाई चाहिा पढ्न लेख्न सहर पठाउने तर छोरीलाई चाहिा स्कुल पनि नपठाउने र चााडै बिहे गरी पराइ घर पठाउने गर्दा चेली सधैा अर्काको डर र धकमा बस्नुपर्छ । सानो उमेरमा छोरीले पराइको घरमा धेरै दुःख सहनुपर्छ तर त्यो दुःख बुझिदिने कोही हुादैन । यहाा एकै कोखमा जन्मिएका सन्तानलाई पनि यस्तो विभेद गर्ने कुरा कुन कानुन वा धर्ममा लेखिएको छ भन्ने विद्रोहको स्वर रहेको छ ।

(च) सुन्नुहोला दिदीबहिनी एउटा गीत गाउाछु
दबिएका नारीको व्यथा कहन्छु
पढ्न जान्छु भन्दा पनि हास्से नाम्लो टकारे
पैसा छैन भनेर हामलाई झपारे
पढ्छु भन्दा बाबाले पठाएनन् स्कुल
आज मलाई व्यवहार गर्न भयो मुस्किल
आफूभन्दा सानो भाइ जान्छ झोला बोकेर
मलाई भने दाउरा घाास स्कुल रोकेर
छोरी मान्छे धेरै बोल्न हुन्न भन्छिन् आमाले
स्कुल पढ्न जान पाइन घरको कामले

पढ्न जाने दाजुभाइ, घाास काट्ने हाम्रो काम
न त दिन्छन् जस हामलाई न त राम्रो नाम
मलाई पनि पढाए पढ्ने मैले थिइन र
म छोरीलाई अंश दिए खेरा जान्छ र
छोरा जन्मे बाबुआमाले हर्ष बढाइा गर्दछन्
छोरी जन्मे बाबुआमाले आासु झार्दछन् ।

(पराजुली, २०६७:४५)

प्रस्तुत गीतमा लैङ्गिक विभेदलाई समस्याका रूपमा प्रस्तुत गरिएको छ । बाबाले छोरीलाई पढ्न जाने बेलामा घरको काममा लगाए, भाइ स्कुल जाादा छोरीलाई घरको झमेलाले गर्दा स्कुल जान पाइनन् । छोरीले रातदिन दुःख गरे पनि उनको कामको कुनै मूल्य छैन । आज अनपढ भएका कारण छोरीलाई जीवन चलाउन गारो भएको छ । छोरा जन्मे बाबाआमाले उत्सव मनाउाछन् तर छोरी जन्मे आासु झार्छन् । यहाा के छोरीलाई परिवारका अरू सदस्य जस्तै व्यवहार गर्नु हुादैन ? भन्ने विद्रोह र आक्रोश व्यक्त भएको छ ।

(छ) छुपुछुपु खलरे झिनुवााको चामलु
जन्म जाली भैयो आमा मेरा दामलु
तरकारी पकाऊ चेली दुई पाते तोरीको
सारै पीर लाग्छ मलाई एउटी छोरीको
बस छोरी भनम् भनि दाजुभाइको डरै छ
फरकेर जाऊ भो छोरी तिम्रो घरै छ
माइतीको दास पनि गरनु रैनच
आागनीको छेउ पनि पाइनी रैनच
आागनीको छेउ पनि धान सुकाउन चाहिन्च
जाऊ भो छोरी तिम्रै घर अंश पाइन्छ
त्यतिको वचन जन्म नलाऊ आमाले
जन्मे पछि बाटो लाउाछन् उनै रामले

स्रोत : मायादेवी पाण्डे, रामपुर, बााका, पाल्पा

प्रस्तुत गीतमा लैङ्गिक विभेदलाई नै समस्याका रूपमा प्रस्तुत गरिएको छ । बिहे गरी दिएकी छोरीलाई जति दुःख परे पनि माइतमा बस्न पाइादैन । आमाबाबाले आफ्नै घर जाऊ अंश पाइन्छ, यहाा तिम्रो लागि केही बााकी छैन भनेर रुखो वचन लगाउाछन् । छोरा

र छोरी बीचको ठूलो असमानता छोरालाई अंश र छोरीलाई पराइको दास बन्नु पर्ने यस्तै विभेदकारी चलन समाजमा आज पनि विद्यमान छ । यहाा यस्तै असमानता र विभेदमा पिल्सिएकी चेलीको पीडा प्रस्तुत गरिएको छ ।

(ज) कालो मेरो कपालमा रातो ल्याइदेऊ रिबन
पढाएनौ बाबाले गयो जीवन
रम्मझम्म तीज आयो अरू तीजको मेलामा
म दुःखीलाई बस्नु पऱ्यो घरको जेलमा
दाजु भाइले पढ्न जानी काठमाडौा र पोखरा
म छोरीलाई सोर्नु पऱ्यो गाईको भकारा
छोरीले नि गरे हुन्छ राम्रा राम्रा तालिम
छोराले नि काटे हुन्छ घरको सालिम

स्रोत : प्रचण्डबहादुर बुढाथोकी, माकर- ४, नवलपरासी

प्रस्तुत गीतमा पनि लैङ्गिक विभेदलाई समस्याका रूपमा प्रस्तुत गरिएको छ । तीजको रमाइलो बेलामा पनि चेलीलाई घरको जेलखानामा थुनिनु परेको छ । दाजुभाइलाई पढ्नलाई बाबुआमाले ठूला सहरमा पठाए तर दुःखी छोरीलाई सानैबाट गाईको भकारा सोराउने र दाउरा घाास कटाउने गरे । यहाा के छोरी मान्छे होइन, उसले पढ्ने र तालिम लिने गर्नु हाुदैन भन्ने विद्रोह र आक्रोश प्रस्तुत गरिएको छ ।

(झ) तीज आयो नेपालका चेली हो
यो मन बुझाउने भनभन अब केले हो
खाने लाउने सधैाको छ रहर
यो छाती चरर चिरिएर आासु बरर
रोयौा कति कसैले नि सुनेन
दुःखीको वेदना धोए पनि जाादै गएन

स्रोत : सिन्धु जलेसा, माकर- ४, नवलपरासी

प्रस्तुत गीतमा लैङ्गिक विभेदलाई नै समस्याका रूपमा प्रस्तुत गरिएको छ । तीजको रमझममा पनि दुःखी चेलीको छाती चिरिएर आासु वर्षिरहन्छ । खाने लाउने रहर सधैा अधुरो रह्यो । यहाा नारीको पीडा जति रोए पनि कसैले सुनेन र उनको वेदना जति धोए पनि गएन भन्ने अभाव र गरिबीको पीडा मुखरित भएको छ ।

(ञ) दाजु गएको बाटोमा जानलाई

आऊ दिदी बहिनी हो हातेमालो गरौ
सबै पार गर्नलाई
हेर पारी रमाइलो छ उज्यालो
हामी बस्ने ठाउमा सधैं आध्यारो
दाउरा घास स्याउला पात बेगर
कस्तो कडा बन्धन
दैलो कुचो अन्न चुलो कहिल्यै टुटेन
सानी थिए बाउ आमाको अधीन
ठूली भए बरिलै पराइ घरको परो बन्धन
बुढी हुदा छोराको हुकुम
सास रहेसम्म
यो घाटीमा सुर्केपासो कहिल्यै टुटेन ।

स्रोत : सिन्धु जलेसा, माकर- ४, नवलपरासी

प्रस्तुत गीतमा नारी बन्धनलाई समस्याका रूपमा प्रस्तुत गरिएको छ । चेलीको जीवन सधैं आध्यारो भित्र जेलिएको छ, दाजुले प्रगति गरे नयाँ जीवन बाँचेका छन् तर, चेलीको जीवन सधैं पुरुषको दमनमा रहन्छ, जसलाई चेलीले कहिल्यै पार गर्न सक्दिनन् । उनको घाटीमा बन्धन र हुकुमको सुर्केपासो झुन्डिरहेको हुन्छ, जुन मृत्युपर्यन्त रहन्छ । यसरी यहाँ नारीको बन्धनमा पिल्सिएको पीडा र रोस प्रकट भएको छ ।

यसरी यी गीतहरूले नेपाली समाजमा विद्यमान विभेदकारी चलन, अशिक्षा आदिलाई मर्मस्पर्शी तरिकाले प्रस्तुत गरेका छन् । यस्तैयस्तै आवाजहरू तीजगीत बनेर समाजमा घन्किने गरेको पाइन्छ ।

### ४.३.४ हक अधिकार विषयक तीज गीत

समयको प्रवाहसागै नारी जातिले पनि शिक्षा प्राप्त गर्ने अधिकार पाउनुपर्छ, सम्पत्ति, समाजिक र राजनैतिक हक अधिकार लिनलाई अब पनि नारी चुप लागेर बसेमा कहिल्यै प्रगति हुदैन, अधिकार मागेर नपाए खोसेर लिनुपर्छ । अब दुःख सहेर चुपचाप होइन लडेर र विद्रोह गरेर आफ्नो हक अधिकार लिनुपर्छ, पुरुष र नारी बराबर प्राणी हुन्, त्यसैले हक र अधिकार पनि समान हुनुपर्छ भन्ने जस्ता भाव बोकेका गीतहरू पनि यहाँ प्रशस्त मात्रामा रहेका छन् । केही उदाहरण :

(क) सधैंभरि रोई बसेर हुदैन है उद्धार

हाम्रो हक मास्ने मान्छे हुन् है गद्दार
जागौा दिदी बहिनी हो आासु हामीले पिएर
स्वाभामानी बनौा हामी मेहेनत गरेर ।

(भण्डारी, २०५५:३६)

(ख) रोई बसेर हुादैन मागी न्याय पाइादैन
हेपिएका नारी जाति उठ जुरुक्क
देशको सेवा गर्छु भनी खानुपर्छ सपथ
जुरमुराउादै उठ अब नारी जगत
पुरुषको आश गरी हुन्न लहरा बनेर
आफैा अघि बढ्नु पर्छ चट्टान बनेर
रुखा बोली सहनुपर्ने हामी चेली नारीले
कहिल्यै नि छोडेन पीरको भारीले
लागौा अब दिदी बहिनी नयाा तीज ल्याउनलाई
जुगदेखि हेपिएको साटो फेर्नलाई

(भण्डारी, २०५५:३९)

प्रस्तुत गीत (क र ख) मा नारी जागरणको आवश्यकता प्रस्तुत गरिएको छ । अब नारीले रोई बसेर हुादैन । सम्पूर्ण हेपिएका र थिचिएका नारीहरू जुर्मुराउादै उठेर देश विकासमा लाग्नुपर्छ । अब नारी पुरुषको दासी भएर बसेर हुादैन । यहाा जुगदेखिको अन्याय र अत्याचारलाई चिर्दै अब नयाा युग ल्याउनलाई सम्पूर्ण नारी एक भएर लाग्नुपर्छ भन्ने भाव व्यक्त भएको छ ।

(ग) पुरुषलाई जन्म दिने उनी नारी हैनन् र ?
यो कुरालाई पुरुषले बुझ्या छैन र ?
कति बस्ने पिंजडामा उड्न सिकौा नारीले
नत्र थिच्ला सधैंभरि घाासको भारीले ।

(पराजुली, २०६७:५४)

प्रस्तुत गीतमा पनि नारी बन्धनलाई समस्याका रूपमा प्रस्तुत गर्दै जागरणको आवश्यकता गरिएको छ । पुरुष जातिलाई जन्माउने तिनै नारी हुन् भन्ने कुरा नबुझेर पुरुषले नारी माथि थिचोमिचो गरेको छ । अब पनि नारीमा चेतना पलाएन भने सधैंभरि पिंजडामा थुनिएर बस्नुपर्ने हुन्छ । यहाा घाास दाउरा गर्दै नारीको जीवन आध्यारोमा बित्न

सक्छ, तसर्थ अब यो दमनरूपी पिंजडाबाट उड्न सिकौ र स्वतन्त्र जीवन बााच्न सिकौ भन्ने जागरणमुखी भाव व्यक्त गरिएको छ ।

(घ) बदलाको मुठी कसी उठ नारी अब त
त्यागका निम्ति बगे बगोस हाम्रो रगत
कस्तो रीतिरिवाज हाम्रो देश नेपालमा
संविधानमा भएका कुरा छैनन् व्यवहारमा
जागौा अब दिदी बहिनी अधिकार लिनलाई
पितृसत्ता समाजको साङ्लो तोड्नलाई ।

(पराजुली, २०६७:५४)

प्रस्तुत गीतमा नारी अधिकार लिइछाड्नु पर्ने विचार प्रस्तुत गरिएको छ । अब नारी दबिएर बस्नु हुादैन, अन्यायका विरुद्ध आफ्नो रगत बगाउन परे पनि चुक्नु हुादैन भन्दै यहाा कानुन बने पनि व्यवहारमा लागु नभएकाले अब नारी पितृसत्ताको साङ्लो तोडेर हक र अधिकार लिन जुर्मुराउादै उठ्नुपर्छ भन्ने भाव व्यक्त भएको छ ।

(ङ) आासु सधैा झार्नुपर्छ नसकिने सहेर
पराइहरूको बन्धनमा दासी भएर
दाउरा घाास चुलो चौको, दैलो पोतो नारीलाई
भोज, मोज, सुख सयल अत्याचारीलाई
पराइ घर गएपछि रुखो वचन खानी हो
रोगी हुादा माइती भए माइत जानी हो
पीर परेर सााचो बोल्दा, आगो सरी बन्दछन्
नबोलेमा लठ्यौरी र लाटी भन्दछन्
न्याय खोज्न उठौा जुटौा कति खाने वेदना
निच्याउनेको सातो खाादै उठौा खेदन ।

स्रोत : राधिका अधिकारी, माकर- ४, नवलपरासी

प्रस्तुत गीतमा नारीका पीरव्यथा प्रस्तुत गरिएको छ । पराइ घरको बन्धनमा नारी दासी भएर बस्नुपर्ने अवस्था छ । नारीका पीडाका आासु कहिल्यै थामिदैनन् । घरका सबै काम घर बाहिरका काम सबै नारीका पेवा हुन् भने पुरुषलाई चैन र सुख सयल छ । जति दुःख गरे पनि मीठो वचन कहिल्यै सुन्न पाइन्न । विरामी परे सेवा नपाएर माइत जानुपर्छ,

बोल्दा अप्ठ्यारी नबोल्दा लठ्यौरी भइन्छ । त्यसैले यहाा अब न्यायको निम्ति जुटौा उठौा अत्याचारीलाई निस्तेज पारौा भन्ने आक्रोश व्यक्त भएको छ ।

(च) नेपालमा नारीलाई सधैाभरि दमन
दुःख कष्ट खट्ने कठै कहाा सम्मन
समाजको सङ्गठनमा प्रतिबन्ध लगाउाछन्
सामन्तीले महिलालाई दासी बनाउाछन्
हुादैन है हामी अब दासी भई बसेर
आफ्नो हक लिन उठौा कम्मर कसेर ।

स्रोत : मायादेवी अधिकारी, चिसापानी, नवलपरासी

प्रस्तुत गीतमा नारीले आफ्ना हकअधिकार लिइछाड्नु पर्ने विचार प्रस्तुत गरिएको छ । नेपाली नारीलाई सधैाभरि दुःखकष्ट र दमनको भारीले थिचेको छ । पुरुषमा रहेको सामन्ती प्रवृत्तिले नारीलाई केवल दासीको रूपमा लिादै बाहिरी, सभा, सङ्गठनमा रहन बन्देज गरेको छ । यहाा नारी सचेत भए विद्रोह गर्छे भन्ने मानसिकताबाट पुरुष जाति ग्रसित रहेको बताउादै अब नारी जाति सधैा हेपिएर दबिएर नबसी आफ्नो हकअधिकार प्राप्त गर्न कम्मर कसेर लाग्नुर्पे सचेतमा र विद्रोहको भाव प्रस्तुत गरिएको छ ।

(छ) महिला उत्थान कागजमा समाजमा छ चमत्कार
स्विकार्नुहोस् मबाट सबलाई नमस्कार
भन्न त भन्छन् यहाा नारी पुरुष बराबर
घरमै गर्छन् नारीपुरुष मारामार
विधानमा लेखेका छन् नारीका अधिकार
नारी दमन गर्नेलाई गरौा बहिष्कार
जसो पनि गर्न पाउने पुरुषले भने
पशु जस्तै किनबेच गर्ने हामलाई नगन्ने
बराबर भन्ने गर्छन् तेत्तीस प्रतिशत देका छन्
हामले पाउने अधिकार आफौ लेका छन्
पुरुष भने बढेका छन् सधौंभरि सरासर
हामले भनि पाका छैनौा समान अधिकार
हामी चेली छोरी त अर्केको नासो रे
बाउ आमालाई बोझ र गला पासो रे
बिहे गर्ने बेला भयो दाइजोसित जोखिन्छ

जति कानुन बने पनि भित्रै रोकिन्छ
नारी हिंसा अत्याचार यसलाई रोक्नुपर्दछ
सामाजिक कुरीतिलाई तोड्नु पर्दछ
विचारको नाम जोडी हामलाई सधैा दमन
अब भने हामी पनि पुरुष समान ।

(चापागाईं, २०६९:१४)

प्रस्तुत गीतमा नारी सम्बन्धी सीमित अधिकार पनि कार्यान्वयन नभएको विचार प्रस्तुत गरिएको छ । नारा लगाउादा पुरुष र नारी बराबरी भनेर लगाउने तर वास्तवमा त्यो व्यवहारमा लागु भएको छैन । पुरुषले आफ्नो मनपरी गर्छन्, कानुनले नारीलाई प्रदान गरेका अधिकार पनि आफौ लिएर आफू सधैा अघिअघि बढ्छन्, तर नारी सधैा पछि परेका छन् । बाबुआमाले पनि छोरीलाई अर्कैको नासो भनि बोझ सम्झन्छन् । विवाहमा नारीलाई दाइजोसाग तुलना गरिन्छ । यहाा नारी कमजोर जाति भनेर पुरुषले सधैा नारी उपर थिचोमिचो गरिरहेको हुादा अब दमन र अत्याचार सहेर बस्ने बेला छैन भनी विद्रोही भाव व्यक्त गरिएको छ ।

(ज) तीज आयो भनेर नहौा अलमल
बसौा दिदी बहिनी हो गरौा छलफल
मुक्ति कुरा गरौा लौ काम गर्ने बेलामा
अब हामी नबसौा जालझेलमा
चारैतिर जालझेल बन्धनमा परेर
हाम्रो जीवन जान लाग्यो दासी भएर
यो सामाजले हेर्छ हामलाई पशुसाग दााजेर
हाम्रो हक लिन्छौा अब अघि लम्केर ।

(पराजुली, २०५७:१८४)

प्रस्तुत गीतमा नारीले तीज आयो भनी अलमल नगरी आफ्ना हकअधिकार लिनपट्टि लाग्नु पर्ने विचार प्रस्तुत गरिएको छ । तीज आयो भनेर अब हामी दिदी बहिनी अल्मलिने बेला नभएकाले अब हक लिन उठौा भन्ने भाव प्रस्तुत गरिएको छ ।

यसरी यी गीतहरूले नारी जातिमा पनि आफ्ना हक र अधिकार सम्बन्धी चेतना जागेको कुरा पुष्टि गरेका छन् । नारीहरू अब पुरुषको दासी नबनी आफ्ना हक र अधिकार प्राप्त गर्न सङ्घर्ष गर्नुपर्छ भन्ने चेतना प्रवाहित गर्न समेत तीज गीतले प्रेरणा दिएको पाइन्छ ।

### ४.३.५ सामाजिक परिवर्तन सम्बन्धी तीज गीत

समयको परिवर्तनसागै नेपाली समाजमा भएका विभिन्न राजनीतिक उथल-पुथल, प्रजातन्त्र, लोकतन्त्रदेखि गणतन्त्रसम्मका परिवर्तनहरूले पनि तीज गीतमा प्रभाव पारेको छ । यो अवस्थामा नारीले पारिवारिक पीडा, सामाजिक भेदभाव, लाउन खान नपाएका गुनासा, अशिक्षा र असमानतामा बााच्नु परेका पीडा सबैबाट माथि उठेर अलि पृथक् रूपमा राजनीतिक समस्या, क्रान्ति, परिवर्तन, राजनीतिक दमन, थिचोमिचो र विकृति जस्ता कुराहरूलाई पनि तीज गीतको विषयवस्तुमा समेटेको पाइन्छ । शिक्षा र चेतनाको विकास सागै नारी जातिमा पनि सामाजिक र राजनीतिक जागरणको लहर चल्यो र उनीहरू पनि पुरुषहरूसागै हातेमालो गर्दै हरेक आन्दोलनहरूमा भाग लिए । यस्तै आन्दोलन, परिवर्तन र क्रान्तिका कुरा पनि आज आएर तीज गीत बनेर गुन्जने गरेको पाइन्छ । यस्तो खाले तीज गीतका केही उदाहरण यस प्रकार छन् :

(क) बाउ आमाले दिएका अर्ति बुद्धि सम्झेर
देशको लागि हिाडे म त ज्यानै सुम्पेर
बाबाले भन्नुहुन्थ्यो देशको सेवा गरे है
सहिदको सपनालाई साकार पारे है ।

(भण्डारी, २०५५:३७)

प्रस्तुत गीतमा राजनीतिक र सामाजिक परिवर्तनको चाहना प्रकट भएको छ । अब जन्म दिने बाबा-आमाले पनि छोरीहरूलाई देशको लागि लड्न भनेका छन् । देशको लागि लडेर सहिदका सपना साकार पार्न भनेका छन्, जसले गर्दा छोरीहरूले पनि क्रान्तिको बाटो समाएका छन् ।

(ख) नेपालमा अत्याचार भाको छ
दिदी बहिनी हो हिमाल पनि रोइराको छ
दिदी बहिनी हो डााफे मुनाल रोइराको छ
फटाहालाई कालो मोसो दलिदेऊ
दिदी बहिनी हो टिन ठटाउादै लौन घुमाई देऊ ।
घुसखोरलाई खोला झारौा सुरुक्क
दिदी बहिनी हो गोल बााधी उठौा लौ जुरुक्क ।
काला कानुन नबसौा है सहेर
दिदी बहिनी हो पैठे जोरी खेलौ लौ डटेर ।

(भण्डारी,२०५५:३७)

प्रस्तुत गीतमा राजनीतिक र सामाजिक परिवर्तनका लागि फटाहा र घुसखोरका विरुद्ध लाग्नुपर्ने विचार प्रकट भएको छ । यहाा देशमा अत्याचार बढेर हिमाल र डााफे रोइरहेकले फटाहा र घुसखोरलाई देशबाट लखट्न र काला कानुन सहेर नबस्न दिदीबहिनी एकजुट भएर सबै गलत कुराको भन्डाफोर गर्न उठ्नुपर्ने क्रान्तिकारी स्वर प्रकट गरिएको छ ।

(ग) दुस्मनसाग गर्नु पर्छ हामी सामना
यो देशमा शान्ति छाऊस् हाम्रो कामना
चुप लागि सधैंभरि बस्नु हुन्न हामी
विश्वमा नाम राखौा बनेर है नामी ।
सबै मिली नयाा नेपाल निर्माण गर्ने बेलामा ।
घर झगडाले सताइरह्यो यसै बेलामा ।
सक्छौा हामी अझै पनि डाक्टर पाइलबाट बन्न
रोजगारमूलक शिक्षा चाहिन्छ गरिबलाई पढ्न ।
अत्याचारको विरोध गरी अघि बढ्नुपर्छ ।
यो देशमा गणतन्त्रको दियो बाल्नु छ ।

(पराजुली, २०६७:६४)

प्रस्तुत गीतमा लोकतन्त्रको प्राप्तिपश्चात् गणतन्त्रको कामना गर्दै नेपालीहरू एकजुट भएर दुस्मनसाग लड्न र शान्ति स्थापना गर्न आह्वान गरिएको छ । अब चुप लागेर बस्नु हाुदैन बरु सबै मिली नयाा नेपाल निर्माणमा जुट्नुपर्छ । यहाा आपसी कलहले कसैलाई फाइदा नगर्ने हुनाले शिक्षा, स्वास्थ्य, रोजगार जस्ता आधारभूत आवश्यकताको परिपूर्ति गर्दै देशलाई अग्रगामी दिशातर्फ उन्मुख गराउनु पर्छ भन्ने भाव व्यक्त भएको छ ।

(घ) नाराबाजी आन्दोलनमा भयो गोली हानाहान
लोकतन्त्र आउादा पनि कुर्ची तानातान ।
यो देशमा मन्त्री बने रोगी अनि बिरामी
सहिदका सपनालाई गरे लिलामी ।
लोकतनत्र आए पनि केही विकास भएन
रित्तो बजेट भाषण गर्छन् पैसा आएन ।
जुनै सरकार आए पनि भ्रष्टाचार घटेन
गरिबको भोको पेटमा मुट्ठी बढेन ।
नेताहरू शासन होइन कुर्सी खोस्न गएको

यस्तै चालले गर्दा यो देश गरिब भएको ।
लोकतन्त्र ल्याउन भनी जनतालाई जुटाए
कुर्ची पाए जनतालाई फेरि भुक्काए ।
मन्त्री बन्न नपाएर रिसारिस गर्दैछन्
होस गर जनताहरू अघि बढ्दैछन् ।

(पराजुली, २०६७:६८)

प्रस्तुत गीतमा जनताको ठूलो त्यागको परिणाम स्वरूप प्राप्त लोकतन्त्रपश्चात् पनि नेताहरूमा रहेको कुर्सीको लडाइप्रति असन्तुष्टि प्रकट भएको छ । देश विकासको साटो विनाशको बाटोतर्फ अग्रसर भइरहेको छ, देशमा भ्रष्टाचार गरिबी भन् बढ्दो छ । यहाा नेताले जनतामाथि ठूलो अन्याय गरिरहेको र चिप्ला भाषणले भुक्याउन खोजिरहेको भन्दै नेताहरूप्रति खबरदारी व्यक्त गरिएको छ ।

(ङ) मैरीपारिको सयपत्रीको फूल
टपक्क टिपेर लामलाम लाग्छ
जनताका दुःख पीडा देखेर
बन्दुकै भिरेर जामजाम लाग्छ
मैरीपारिको मखमली फूल
टपक्कै टिपेर लामलाम लाग्छ
महांगी बढेको यति धेरै देखेर
बन्दुकै भिरेर जामजाम लाग्छ
मैरीपारिको गुरदौली फूल
टपक्कै टिपेर लामलाम लाग्छ
देशमा भ्रष्टाचार बढेको देखेर
बन्दुकै भिरेर जामजाम लाग्छ ।

स्रोत : कविता पौडेल, बुद्धनगर, रूपन्देही

प्रस्तुत गीतमा महागी र भ्रष्टाचारको विरोध गरिएको छ । यहाा स्वाभिमानी नारीहरू देशका जनताका दुःखपीडा देखेर, महांगी, भ्रष्टाचार, अन्याय, अत्याचार, शोषण र दमन बढेको देखेर युद्धमा होमिन तयार भएको विद्रोही भाव व्यक्त भएको छ ।

(च) एउटा गीत गाउाछु मैले तीजको लयमा
माफ गरिदिनु होला गल्ती भएमा
अहिले पनि हाम्रो देशमा संविधान बनेन

दैनिकीको बैठकले नि भत्ता पचेन
सहमतिको सरकार बनाउाछौ कि भनेर
सोझा जनता बसेका थे भरै परेर
संविधान बनाउाछु भनी म्याद सार्‍यौ नि
जनताको आाखाभरि छारो हाल्यौ नि
तिरो र भ्रष्टाचारले जनतालाई मौलायो
आखिरमा नेपाललाई ध्वस्त बनायौ
कुर्ची तान्ने तिम्रो खेलले जनतालाई पछायो
तिखा काडा रैछौ तिमी जनता लछार्‍यौ
भोट माग्दा जनतालाई केके भनी गयौ नि
अहिले जनतालाई बीचमा पार्‍यो नि
दुई ढु·ाको तरुल जनतालाई बनायौ
नौ अर्बको भत्ता पनि तिमीले पचायौ
कहिले पुग्छौ अमेरिका कहिले तिमी भारत
धन्नै बेची सकेथ्यौ बिमानस्थल
अन्त्यमा जनतासाग माफ तिमले माग्नु नि
काटेको रूख जस्तो भुईमा गिर्‍यो नि ।

स्रोत : सुरक्षा गौतम, शंकरनगर ५, रूपन्देही

प्रस्तुत गीतमा छली नेताको विरोध गरिएको छ । धेरै जनताका छोराछोरीले रगत बगाएर र आन्दोलन गरेर प्राप्त गरेको गणतन्त्र पनि संस्थागत हुन सकेन । पतित नेताहरूले देशलाई संविधानविहीन बनाएका छन् । संविधाको म्याद सार्दै सत्ता टिकाउादै र जनताको आाखामा छारो हाल्दै नेताहरू बसेका छन् । दिनदिनै बैठक बस्छन् सहमतीय सरकार निर्माणको लागि, तर मिथ्या सफल हुदैनन् । नेताहरूका कुर्ची तान्ने खेलले नेपालको स्वाभिमान गिर्दै गएको छ र राष्ट्र विखण्डनतर्फ अघि बढेको छ । यहाा सत्तामा बसेर भत्ता दुरुप्रयोग गर्दै देश विदेश चाहार्ने नेताको दुश्चरित्रले देश र जनता दोधारमा फासेको छ भन्ने व्यङ्ग्यपूर्ण भाव र विद्रोहको स्वर व्यक्त भएको छ ।

(छ) प्रधानमन्त्री महिला सांसद बनाउाछौ भनेर ।
कौना पार्टी बेल्यो यहाा उदार बनेर ॥
अनुशासन घुम्टो ओडाई हुईप जारी गर्दछन् ।
मुख थुन्दै महिलाको अघि सर्दछन् ॥

फकाउदै फुलाउदै प्रतिशतको कुराले ।
यति सांसद बनाइदियौ भन्दै उराले ॥
रक्षामन्त्री बनीकन सुन्तली ती धामीको ।
उल्टै व्याख्या गर्न पुगे प्रतिगामीको ॥

अस्मिताको हत्या गरे नारी भई नारीले ।
अन्याय र अत्याचारको थिचे भारीले ॥
आमा दिदी बहिनी छोरी तिम्रा पनि होलान् नि ।
यस्तै जीवन भोग्नु परे मन रोला नि ॥

आत्मविश्वास इच्छाशक्ति आफैभित्र हुनु छ ।
विकृति र विसङ्गति मनको छुनु छ ॥
साहस र आाट पनि मन भित्र सागाल ।
संस्कृतिक र भाषा भेष आफ्नै आगाल्न ॥

(श्रेष्ठ,२०६७:६)

प्रस्तुत गीतमा छली नेताका अन्याय र अत्याचारको विरोध गरिएको छ । नारीमुक्तिका जति भाषण छाटे पनि यहा कुनै पनि पार्टीले नारीलाई राजनीतिमा शीर्ष स्थानमा राख्न चाहन्नन् । नारीलाई केवल तेत्तीस प्रतिशत दिने भन्ने नाममा सांसद मात्र बनाएर अघि बढ्ने बाटो छेकिदिन्छन् । यहा महिला रक्षामन्त्री भएका बखत आफ्नै सहकर्मीद्वारा बलात्कृत सुन्तली धामीको पीडा बुझ्ने पनि कोही भएन । यहा नारीले नारी अस्तित्वको लिलाम गरेका छन्, तर यसको विरुद्ध आत्मविश्वास जगाउदै साहस र आाटका साथ लड्न आह्वान गरिएको छ ।

यसरी माथि प्रस्तुत गरिएका तीज गीतहरूमा नारी दमनको विरोध राजनीतिक र सामाजिक विकृति, राष्ट्रिय अखण्डताको रक्षाको चिन्ता जस्ता ज्वलन्त समस्याहरू व्यक्त भएका हुन् । तीजको अवसरमा आजका महिलाहरूले यस्तै यस्तै भावहरू बोकेका गीतहरू पनि गुन्जाउने गर्दछन् ।

### ४.३.६ परम्परागत तीज गीत

समयको परिवर्तनले तीज गीतमा पनि परिवर्तन ल्याएको छ । समयको आधारमा तीज गीतको अध्ययन गर्दा प्राचीन समयमा गाइएका गीतलाई पराम्परागत गीत र अहिलेको अर्थात् नयाा समयमा गाइएको तीज गीतलाई नवीन तीज गीत भनी अध्ययन गर्न

सकिन्छ । पुरानो समयमा गाइएका तीज गीतलाई परम्परागत तीज गीत भनिन्छ । परम्परागत तीज गीतहरूमा प्रायः भगवान् कृष्ण, शिव-पार्वती तथा अन्य देव देवीहरूको वन्दना गरिएको पाइन्छ । यसका साथै प्राकृतिक सौन्दर्यको वर्णन पशुपंक्षीको वर्णन, धार्मिक आस्था व्यक्त भएका र केही नारी सन्दर्भका गीत पनि परम्परागत तीज गीतमा रहेका छन् । नारी सन्दर्भको एक उदाहरण :

(क) गौठैमा राम्रो हुने माली भन्नी गाइले
माइतैमा राम्रो हुने दाजुभाइले
वनमा राम्रो वनका चराचरीले
घरमा राम्रो छोरा छोरीले
खैतैमा राम्रो हुने पहेंलपुरे तोरीले
आकाशमा राम्रो हुने तारा जूनले ।

(पराजुली, २०६७:४०)

प्रस्तुत गीतमा प्रकृतिको सौन्दर्यको वर्णन, माइतीप्रेम र छोराछोरीको प्रेम र माइतीमा दाजुभाइ र घरमा छोराछोरी भए घर माइत रमाइलो हुन्छ भने गोठमा पशु तथा गाइले सुन्दर बताउाछन् भन्ने मीठो भाव व्यक्त भएको पाइन्छ ।

### ४.३.७ नवीन तीज गीत

नयाापन, नयाा विषय अनि नयाा भाव बोकेका तीज गीतलाई नवीन तीज गीत भनिन्छ । यस अन्तर्गत नयाा चलन, नयाा मूल्य मान्यता र नयाा जीवनशैली झल्काउने गीतहरू पर्दछन् । यस प्रकारका गीतका केही उदाहरण :

(क) दस महिना गर्भ राखी जन्म दिए रामले
कैले छोरो ठूलो होला भनिन् आमाले
कैले होला मेरो बाबु, फरफर फर्कने
बाबा र आमाको मन धर्कने
कहिले होला मेरो बाबु मुख हेरी हाास्ने
कैले होला मेरो बाबु, उठी बस्ने
पााच वर्षको छोरो भयो बोर्डिङमा भरना
सक्दैनौ मेरो बाबु दुःख गरन
कति दुःख गरेर बाआमाले पढाए
बैंकको मेनेजर छोरो बनाए

बैंकको मेनेजेर गाउामा चल्यो बयान
अर्काकी छोरीले गरी चयन
बुढा भाका बाबाआमा गाउाबेसी मेलामा
छोरा र बुहारी बैंकको झ्यालैमा
आमासम्म भन्दैन छोरो घर आएर
श्रीमतीका कुराले मख्ख भएर
श्रीमतीलाई आफ्ना ठाउामा राख्न पर्ने हो
थाहा छैन छोरालाई आमा कस्तो हो ।

स्रोत : लिलादेवी सुवेदी, चिसापानी, नवलपरासी

प्रस्तुत गीतमा नेपाली समाजमा हुर्कादै गरेको परिवर्तनलाई देखाइएको छ । आमाले दस महिना कोखमा राखी प्रसव वेदना सहेर छोरो जन्माउाछिन् । कति दुःख र कष्ट सहेर दसधारा दूध चुसाएर छोरो हुर्काउाछिन्, पढाउाछिन् र सक्षम बनाउाछिन् । जब विहे भएर बुहारी भित्रिन्छिन् उनको मायामा परेर छोराले आमा र उनका त्याग र आासुलाई भुल्छ अनि आमा विरहमा परी गीत गाउन पुग्छिन् ।

(ख) डााडै सार्‍यौा पिपलु सारै लाउनी बतास
उठ बजै दैलो खोल कापी कता छ
दाहिने हात सिको घडी बायाा हात रेडियो
उठ बजै दैलौ पोत पढ्न हिाडियो
मोहीको ठेकी बोकेर गए बजै मेलामा
भात खान आउनेछु ठिक्क बेलामा
धान खायो पुतलाले मकै खायो घुनले
दैलो पोत्न परेन बजै हुनाले
बज्यैले ओछ्याउने पोस्करको चकटी
दैलो पोत्न परेन भन्छे नकटी
नकटी र सकटी नैर भन बजैले
झट्ट माइत जाम्ला र खाउली मजैले ।

स्रोत : प्रचण्डबहादुर बुढाथोकी, माकर- ४, नवलपरासी

प्रस्तुत गीतमा पढेलेखेकी बुहारीबाट अनपढ सासूहरू अपमानित र हेला हुनु पर्ने यथार्थता झल्किएको छ । यहाा शिक्षित भएका नाममा आफ्ना मान्यजनलाई अपमान गर्ने र काम अराउने आधुनिक बुहारीहरूको प्रवृत्तिप्रति व्यङ्ग्य गरिएको छ ।

(ग) आकाशमा गडाङगुडुङ मेघ त्यसै टरेको
सासू र बुहारीको कच्ची परेको
राती राती उठेर मैले धान कुटेर
छोरालाई पढाएा खर्च भोरेर
कति दुःख गरेर मैले छोरो पढाउनी
ता मास्टरनी बनेर मलाई अराउनी
ता जाबीले अराएको मैले केही मान्दिन
जति काम गरे पनि केही गर्दिन
दैलो मैले पोत्छु बजै कसेर लाइदिनु
खेताला आइसके मेलो गइदिनु
कपाल कोरी छाता ओठी छक्काले बेलामा
पालो दिन आउाछु बजै दिउास मेलामा ।

स्रोत : मायादेवी पाण्डे, रामपुर, बााका, पाल्पा

प्रस्तुत गीतमा सासू र बुहारीका बीचको सम्बन्धलाई देखाइएको छ । सासूले दुःख गरेर छोरो पढाउाछिन्, तर बुहारी मास्टरनी बनेर आएर उल्टै सासूलाई काम अराउाछिन् । यहाा यस्तो बेलामा सासूको मनमा पीडा र आक्रोश बढेको भाव व्यक्त भएको छ ।

(घ) सुन्नुस् ससुरा बजै र नन्द
मेरो त कम्मर खायो बरिलै
चोथाले दुलई पाइादैन भन्न
अब त लोकतन्त्र आयो बरिलै
जमाना फेरियो साािहिली
नाािचदेउ कम्मरै भााचेर
कुवाको पानी आफै भर बज्यै
मेरो त कम्मर खायो बरिलै
ढिकी र जाातो आफै गर बजै
अब त लोकतन्त्र आयो बरिलै
ठेकीको दही आफै मथ राजै
मेरो त कम्मर खायो बरिलै
गाउा चार्ने बानी छाडिदिनु आजै
अब त लोकतन्त्र आयो बरिलै
जमाना फेरियो साािहिली

अब त लोकतन्त्र आयो बरिलै ।

(पराजुली, २०६७:६६-६७)

प्रस्तुत गीतमा लोकतन्त्र आएपछि नारीमा आएको जागरण देखाइएको छ । यहाा लोकतन्त्र प्राप्तिपश्चात् नारीहरूमा पनि जागरण र विद्रोहको भावना जागृत हाुदै गएर अब घरका काम परिवारका अरू सदस्यले पनि गर्न हुन्छ भन्ने भाव प्रस्तुत भएको छ ।

यसरी माथि प्रस्तुत भएका गीतहरूले आधुनिक समयमा पढेलेखका बुहारीहरूले शिक्षित भएको नाममा घरको मान मर्यादालाई नाघ्दै हिाडेको यथार्थ व्यक्त भएको छ । आधुनिकताको नाममा भित्रिएका विकृतिहरूलाई पनि तीजका गीतहरूमा आजभोलि समेट्ने गरिएको छ ।

## ४.४ निष्कर्ष

तीज गीतमा व्यापक नारी सन्दर्भ पाइन्छ । नारी सन्दर्भका दृष्टिले तीज गीतमा नारी जीवनका खुसी, उम·, रमाइलो, उल्लास र विभिन्न संवेदनाहरू प्रकट भएका छन् । नारीका पीडा र उत्पीडन प्रकट भएका छन् । नारीजीवनका पारिवारिक पीडा, हेला, तिरस्कार, घृणा, विरह, वेदना प्रकट भएका छन् । अशिक्षित नारीका पीडा, बालविवाह, अनमेल, विवाह र जर्बजस्ती विवाहका पीडा, छोरा र छोरी विचको विभेद र असमानता र थिचोमिचो प्रति विरोध आक्रोश र चेतना प्रकट भएका छन् । सामाजिक र राजनीतिक क्षेत्रमा भएका उथल-पुथल र परिवर्तनमा पनि महिला सरिक रहेका, त्यसतर्फ बिस्तारै चेतना फैलिएकोले राजनीतिक विकृति, अन्याय, अत्याचार, दमन र सामन्ती प्रवृत्तिको विरुद्धमा आवाज उठाएका र विद्रोहको आगो बालिएका भावहरू प्रकट भएका छन् । समयको परिवर्तनसाथै महिलाहरू पनि शिक्षित हाुदै गएकाले चेतना र बौद्धिक स्तर पनि माथि उठेकाले उनीहरू पनि आफ्नो हक अधिकारको निमित्त एकजुट भएर लड्ने र विद्रोहको आवाज प्रकट गर्न सक्षम भएका छन् । परम्परागत तीज गीतमा भगवान्, देवीदेवताको स्तुति आराधना गरिएको र प्रकृति र पशुपंक्षीको वर्णन गरिएका गीतहरू समेटिएको छ भने नवीन तीज गीतमा नयाा समयका र शैलीमा र नयाा विषय र भावनामा गाइएका गीतहरू रहेका छन् । यसरी नेपाली तीज गीतमा व्यापक नारी सन्दर्भ रहेको पाइन्छ ।

# परिच्छेद पाँच

# शोधनिष्कर्ष

## ५.१ विषयप्रवेश

प्रस्तुत परिच्छेदमा परिच्छेद एकदेखि परिच्छेद चारसम्मको परिच्छेदगत सारसङ्क्षेप प्रस्तुत गर्दै शोधको निष्कर्ष प्रस्तुत गरिएको छ ।

## ५.२ सारसङ्क्षेप

प्रस्तुत शोधपत्रको परिच्छेद एकमा शोधपरिचय दिइएको छ । यस क्रममा यहाा शोधको शीर्षक, शोधकार्यको प्रयोजन, समस्याकथन, शोधकार्यको उद्देश्य, पूर्वकार्यको समीक्षा, शोधकार्यको औचित्य, महत्त्व र उपयोगिता, शोधकार्यको सीमाङ्कन, शोधविधि, शोधपत्रको रूपरेखा जस्ता उपशीर्षकमा शोधको परिचय दिइएको छ ।

परिच्छेद दुईमा लोकगीतको सैद्धान्तिक अध्ययन गरिएको छ । यस क्रममा यहाा लोकगीतको परिभाषा र स्वरूप, लोकगीतका तत्त्वहरू, लोकगीतको वर्गीकरण, लोकगीतका विशेषता, नेपाली लोकगीतको वर्गीकरण, लोकगीतका निकटस्थ विधाहरूको अध्ययन गरिएको छ ।

परिच्छेद तीनमा तीज पर्व र तीजगीत, तीज पर्वको सन्दर्भ, तीज पर्वको नामकरण, तीज पर्वको व्रत र पूजाविधि, तीज पर्व मनाउनुको प्रयोजन, तीज पर्व र पारिवारिक सम्बन्ध, तीज पर्वको क्रमिक विकास तीज पर्वको आर्थिक र सामाजिक पक्ष, तीज पर्वका नाममा भित्रिएका विकृतिहरू र तीज गीतको सन्दर्भ आदिको चर्चा गरिएको छ ।

परिच्छेद चारमा तीज गीतको परिचय दिादै तीज गीतको अध्ययन गरिएको छ । यस क्रममा यहाा तीज गीतमा नारी सन्दर्भ र समयका आधारमा अध्ययन गरिएको छ । नारी सन्दर्भको आधारमा तीज गीतको अध्ययन गर्दा नारी जीवनका हाासो, खुसी, रमाइलो, उल्लास र मनोरञ्जन रहेको पाइन्छ । नारीजीवनका पारिवारिक पीडा, हेला, तिस्कार, घृणा, विरह, वेदना मिश्रित गीतहरू रहेका छन् । अशिक्षा र असमानता विषयक तीज गीतमा अशिक्षित नारीका पीडा, बालविवाह, अनमेल, विवाह र जबर्जस्ती विवाहका पीडा, छोरा र छोरी बीचको विभेद र असमानता र थिचोमिचोप्रति विरोध, आक्रोश र

चेतना मिश्रित गीतहरू रहेका छन् । सामाजिक र राजनीतिक परिवर्तन विषयक तीज गीतमा समयको परिवर्तनसागै सामाजिक र राजनीतिक क्षेत्रमा भएका उथल-पुथल र परिवर्तनमा पनि महिला सरिक रहेका, त्यसतर्फ बिस्तारै चेतना फैलिएकोले राजनीतिक विकृति, अन्याय, अत्याचार, दमन र सामन्ती प्रवृत्तिको विरुद्धमा आवाज उठाएका र विद्रोहको आगो बालिएका गीतहरू पनि समेटिएका छन् । हक र अधिकार विषयक तीज गीतमा समयको परिवर्तनसागै महिलाहरू पनि शिक्षित हुादै गएकाले चेतना र बौद्धिक स्तर पनि माथि उठेकाले उनीहरूले पनि आफ्नो हक अधिकारको निमित्त एकजुट भएर लडने र विद्रोहको आवाज घन्काउने खालका तीज गीतहरू रहेका छन् । समयको आधारमा तीज गीतको वर्गीकरण गर्दा परम्परागत र नवीन तीज गीत गरी दुई आधारमा वर्गीकरण गरिएको छ । जस अन्तर्गत परम्परागत तीज गीतमा प्राचीन समयका हाम्रा हजुरआमाहरूले गाउने भगवान्, देवीदेवताको स्तुति आराधना गरिएको र प्रकृति र पशुपंक्षीको वर्णन गरिएका गीतहरू समेटिएको छ । नवीन तीज गीतमा नयाा समयका र शैलीमा र नयाा विषय र भावनामा गाइएका र अलिकति फरक खालका गीतहरू रहेका छन् ।

प्रस्तुत शोधपत्रको प्रस्तुत परिच्छेद पााचमा शोधको सारसङ्क्षेप तथा निष्कर्ष दिइएको छ ।

### ५.३ शोधनिष्कर्ष

तीज पर्व विशेषगरी आम नेपाली महिलाहरूको एक पर्वको कोटीमा पर्दछ । यो पर्व प्रत्येक वर्ष भाद्रशुक्ल तृतीयाको दिन पर्ने भए तापनि यसको चहलपहल भाद्रशुक्ल द्वितीयादेखि सुरु भएर भाद्र शुक्ल पञ्चमीसम्म कायम रहन्छ । नेपाली चेलीहरू सात समुद्र पारीको देशमा भएपनि सकेसम्म माइत जान आतुर हुन्छन्, किनकी माइतीमा दिदी बहिनी भेला भएर आमाले पकाएको मीठो दर खान पाउादाको मजा र आत्मसन्तुष्टि अवर्णनीय नै हुन्छ । यस पर्वको सुरुवात् सागै चेलीहरू माइतीघरमा आफ्ना जन्मदाता, दाजुभाइ, दिदीबहिनी र साथी संगिनीहरूसाग भेटघाट गर्दै दुःख-सुख, खुसी-उम·, पीडा-वेदना साटासाट गीतको माध्यमबाट गर्दै रमाइलो गर्दै बाबाको आागनीमा कम्मर मर्काउादै नाच्ने गर्दछन् । चेलीहरू द्वितीयाको राती मिठो परिकार (दर) खाएर सुत्छन् र तृतीयाको दिन बिहानै उठेर नुहाईधुवाई गरी पवित्र भएर दिनभर निराहार र निर्जला भई व्रत बस्ने गर्दछन् । त्यसदिन चेलीहरू रातै पहिरन, रातै चुरा टिका, पोते र गरगहना लगाएर सोह्र शृ·ारले युक्त भई दिनभर नाचगान गर्ने गर्दछन् । यो दिन व्रत बस्नाले विविहताहरूका पतिको दीर्घायु र सुस्वास्थ्य रहने र अविवाहिताहरूलाई योग्य र मन पर्ने वरको प्राप्ति हुन्छ भन्ने लोकविश्वास रहिआएको छ । साथै विवाहित महिलाहरूले पतिका साथै आफ्ना सन्तान र

घरपरिवारको पनि सुख शान्ति र समृद्धिको कामना गर्दै व्रत बस्ने गर्दछन् । यस दिन महिलाहरूले शिवपार्वतीको पूजा आराधना गरी चोक, मन्दिरहरूमा जम्मा भएर नाच्ने, गाउने र रमाइलो गर्ने परम्परा रहेको छ । तीज पर्वको अवसरमा गाइने गीतहरूले प्रायः धार्मिक, नैतिक, आर्थिक, मनोरञ्जनात्मक र हास्यव्यङ्ग्यात्मक पक्षलाई उजागर गरेको पाइन्छ । यसका साथै तीज पर्वमा गाइने गीतले नारी जीवनका अशिक्षा, असमानता, हकअधिकार आदि पक्षहरू र समसमयिक सामाजिक र राजनीतिक परिवर्तन र घटनाहरूलाई पनि उठान गरेको पाइन्छ ।

छोरीचेलीहरूले आफ्नो प्यारो जन्मथलो चटक्कै माया मारेर पराइघर जानुपर्ने बाध्यता र त्यहाा आफूले भोगेका मनोदशाहरूको यथार्थ चित्रण तीज गीतहरूमा झङ्कृत भएको पाइन्छ । नारी जातिले पहिले कुन अवस्थाबाट गुज्रिनुपरेको थियो र अहिलेका नारीको अवस्था कस्तो छ भन्ने कुराको तुलनात्मक अध्ययन गर्नपनि तीज गीतले सघाउने गर्दछ । नेपाली समाज पुरुषप्रधान र रूढिग्रस्त भएकाले पनि आधिकांश महिलाहरू शोषण र दमनको पराकाष्ट भोग्न विवश थिए र हाल पनि छन् । यिनै पीडित नेपाली नारीका अनेक दुःख र वेदनालाई व्यक्त गर्ने र मन हलुको गराउने माध्यमका रूपमा तीज पर्व मनाउने गरिन्छ ।

केही पुरुष पनि सहभागी भए पनि तीज पर्व विशेष गरी महिलाकेन्द्री भएकाले यसमा प्रायः महिलाहरू नै जम्मा भएर नाचगान गर्दै यो पर्व मनाउाछन् । आजका तीज पर्वमा भने नारीपुरुष दुवै मिलेर युगल गीतहरू पनि गाउने गरेको पाइन्छ । यसका साथै यहाा गाइएका तीज गीतहरूमा उत्पीडित चेलीका विरह र वेदना, मिलन, पिछोड, घात-प्रतिघात, पारिवारिक असन्तुष्टि, बुहारीलाई पराइघरमा गरिने दुर्व्यवहार, पारिवारिक असमानता र विभेद, नारी जीवनका बाध्यता, पतिले गर्ने तिरस्कार, माइतीले गर्ने हेला, र नारी जीवनका तीतामीठा अनुभूतिहरूलाई पनि तीज गीतमा समेटिएको पाइएको छ । यसै गरी तीज गीतमा भगवान्प्रति भक्तिभाव राखिएका, दिदीबहिनीप्रति मायाममता, बाबुआमाप्रति सम्मान र श्रद्धा व्यक्त गरिएका, अन्याय र अत्याचारप्रति विरोध गरिएका सामाजिक जागरणको सचेतना जगाएका विषयवस्तुहरू पनि रहेका छन् ।

तीज गीतले परम्परागत वेदनास्पर्शी शैलीलाई मात्र प्रतिबिम्बित नगरेर यो एउटा जागरण र चेतनाको योजकको रूपमा देखा परेको छ । नेपाली समाज आर्थिक, सामाजिक, राजनैतिक र सांस्कृतिक रूपले पिछडिएको छ । यसका पर्याप्त कारणहरू समेत तीज गीतमा प्रकट भएको पाइन्छ भने नारीहरू ती समस्याका जराजरा केलाउादै समाधान दिन सक्षम छन् भन्ने कुरालाई पनि तीज गीतले सङ्केत गरेको पाइन्छ । आजको विश्व सूचना र प्रविधिको विकासको कारण साघुरिदै गएको छ, भने नेपाली नरनारीहरू शिक्षा, रोजगार र

व्यवसायको कारण संसारको कुनाकुनामा पुगिसकेका छन् । अतः तीज पर्वले देशको सिमानालाई पार गर्दै देशबाट हजारौ माइलको दुरीमा छरिएर रहेका नेपालीहरूको मनमा एउटा उम·को सञ्चार गर्दछ । तीज पर्वले सबै भाषा, जाति र धर्म सम्प्रदायमा रहेका मानिसलाई समेत प्रभाव पारेको छ । तीज गीत सम्पूर्ण नेपालीलाई एकताको सूत्रमा बााध्न सफल भएको छ । यसरी तीज गीतले जातीय, धार्मिक, सामाजिक र भौगोलिक पर्खाललाई नाघेर समस्त नेपाली समाज र नेपाली संस्कृतिको एउटा साझा र रमणीय चौतारीका रूपमा आफ्नो पहिचान कायम राख्दै आएको पाइन्छ ।

# सन्दर्भसूची


आचार्य गोविन्द, (२०६३), **राप्ती लोकसाहित्य,** काठमाडौा : पैरवी प्रकाशन ।

गिरी, जीवेन्द्रदेव, (२०५७), **लोकसाहित्यको अवलोकन,** काठमाडौा : एकता प्रकाशन ।

चापागाईं, बालकृष्ण (सम्पा.), (२०६९), **हरितालिका तीज विशेष**, बुटवल : जनसङ्घर्ष ।

ज्ञवाली, हिरण्यलाल, (२०६७) "लुम्बिनी अञ्चलका नेपाली लोकगीतको सामाजिक अध्ययन" त्रि.वि. मानविकी तथा सामाजिक शास्त्र सङ्कायअन्तर्गत नेपाली विषयको विद्यावारिधि उपधिका लागि प्रस्तुत शोधप्रबन्ध, (अप्र.) ।

न्यौपाने, कुसुमाकर, (२०६६) "पश्चिमाञ्चल क्षेत्रमा प्रचलित नेपाली लोकगीतहरूको अध्ययन", त्रि.वि. मानविकी तथा सामाजिकशास्त्र सङ्कायअन्तर्गत नेपाली विषयको विद्यावारिधि उपाधिका लागि प्रस्तुत शोधप्रबन्ध, (अप्र.) ।

न्यौपाने, घनश्याम ‵परिश्रमी', (२०६९), ‵साइबर संस्कृति र तीज गीत', **लुम्बिनी खबर**, साउन २८ गते आइतबार, वर्ष १, अङ्क ४९, पृ. २ ।

पराजुली, कृष्णप्रसाद, (२०५७), **नेपाली लोकगीतको आलोक,** काठमाडौा : वीणा प्रकाशन प्रा.लि. ।

पराजुली, पीताम्बर, (२०६७), "पश्चिम गुल्मीमा प्रचलित तीज गीतहरूको अध्ययन" त्रिभुवन बहुमुखी क्याम्पस, तानसेन पाल्पामा प्रस्तुत स्नातकोत्तर शोधपत्र, (अप्र.) ।

प्रवास तुलसी, (२०६९), ‵तीज गीत र नेपाली नारीका संवेदना' **समुदाय र सृजना**, वर्ष ९, अङ्क ३०, साउन, भदौ, असोज पृ. २ ।

पौडेल, रमा, (२०६६), ‵लोकसंस्कृति, लोकसाहित्य, लोकगीत र तीज पर्वको सम्बन्ध', **बुटवल टुडे,** वर्ष ? अङ्क ३०, साउन, पृ. २ ।

बन्धु, चूडामणि, (२०५८), **नेपाली लोकसाहित्य**, काठमाडौा : एकता प्रकाशन ।

भण्डारी, माया, (२०५५), "तीज पर्व : एक अध्ययन" त्रि.वि. नेपाली विभाग, कीर्तिपुरमा प्रस्तुत नेपाली स्नातकोत्तर शोधपत्र, (अप्र.) ।

मल्ल, सावित्री, (२०५२), **पाल्पाका लोकगीत अध्ययन र विश्लेषण,** पाल्पा : कक्षपति प्रकाशन ।

मैनाली, खुसी (२०६९), ‵तीज पर्वको महत्त्व र विसङ्गतिहरू', **समुदाय र सृजना,** वर्ष ९, अङ्क ३० साउन, भदौ, असोज, पृ. ५ ।

राई, दिपा एवाई, (२०६९), ‘नारी स्वतन्त्रता र दमनको सम्मिश्रण तीज पर्व’, **समुदाय र सृजना**,
वर्ष ९, अङ्क ३०, साउन, भदौ, असोज पृ. ७ ।

लामिछाने, कपिलदेव, (२०६८), **नेपाली लोकगीतको अध्ययन**, काठमाडौा : विवेक सिर्जनशील
प्रकाशन प्रा.लि. ।

शर्मा, मोहनराज र खगेन्द्रप्रसाद लुइटेल, (२०६३), **लोकवार्ता विज्ञान र लोकसाहित्य**,
काठमाडौा : विद्यार्थी पुस्तक भण्डार ।

श्रेष्ठ, ताराप्रसाद, (२०६७), **नारी मुक्ति गर्जन** (तीज गीत सङ्ग्रह), बर्दघाट : गिरिराज रेग्मी ।

सुवेदी, मधुसूदन, (२०६३), **विशेष चाडपर्व तथा धार्मिक लेख,** ललितपुर : श्रीमती सानुमैयाा
सुवेदी ।

# परिशिष्ट (क)

## उदाहरणमा नपरेका सङ्कलित तीज गीतहरू

(१) आकाशमा म·लमाने तिनै काली कौवा
हाम्री आमा सूर्यलाई देखिथ्यौ कि नाइा
देख्न पनि देखो चिन्न पनि चिनो
तिमरी आमा त स्वर्गलोकमा
शिरै लाउनी शिरफूल दिन्छु काली कौवा
जन्म दिनी आमा सित भेट गराइदेऊ
गई सकेकी आमासित के को भेट हुन्छ र
संसार हेरेर बस बरिलै
सुनको काइयो सुनकै ऐना
बहु रानीको कोठी बरिलै
फेरी जन्म हुम्लाकी हामीले
स्वर्ग गईकी आमाको कोखी बरिलै
बहुले पोको लाउादैनन्, भैया सोझो बोल्दैनन्
खै कसरी आमा बुझाउ मैले मन ।

स्रोत : झविकला पुरी, माकर- ४, नवलपरासी

(२) शिरको शिरफूल लाएकी मैदानमा झरेकी
कहाा जानी साइत हो नी बरिलै
नेपालका मैदानमा बाबा आमा छन अरे
उहीा जानी साइत हो नी बरिलै
खोइत तिम्रो बाटाखर्च खोइत तिम्रो साथी
लाहुरका मैदानमा जानी बरिलै
शिरै लाउनी शिरफूल रेलको भाडा
रेलको डाइभर साथी बरिलै ।

स्रोत : झविकला पुरी, माकर- ४, नवलपरासी

(३) पञ्चैबाजा बजाएर बिहा गरि लिएर
नन्द र आमाज्यूले बाटो छेकनी

थापथाप नन्द मुठी भरि रुपियाा
छटछट नन्द जान्छु भाडार
आमा पनि मेरै हुन बाबा पनि मेरै हुन्
अरकाकी छोरीलाई दिन्न भाडार
यो घरको श्री सम्पत्ति मरै हातमा हुनिछ
मै भाउजुले लर्काएको खान पर्निछ ।
बाबाआमा हुन्जनी तैंले देको खावैन
बाबाआमाको शेषपछि आउादै आवैन
कति खाउली कति लाउली पााचमुरी खेतैले
घर गरेर बसे नन्द मेरै पेचले
खोलीका माछा जति सबै आउलान बााभ्फामा
पर्ख नन्द आउनै पर्ला मेरै धाादामा ।

स्रोत : झविकला पुरी, माकर- ४, नवलपरासी

(४) सासूको दाइजो माटाको मटुलो
पानी लिउन जाादा खेरी फुटो बरिलै
शिरै लाउनी शिरफूल राख मेरी सासू
तिमरो दाइजो फुटो बरिलै
तौले लाउनी शिरफूल नाकै हाल की कानै हाल
लेले मेरो माटाको मटुलो ।

स्रोत : झविकला पुरी, माकर- ४, नवलपरासी

(५) दिदी लाइ त दिनुभयो चौकी बस्नी पण्डितलाई
म छोरीलाई दियौ बाबा भोटे लामालाई
भिनाज्यू त आउलान बाबा घोडीयामा चढेर
भोटेलामा आउला बाबा लौरी टेकेर
भिनाजु त आउलान् ल्वाङ सुकुमेल बसाउादै
भोटे लामा आउला बाबा जिम्मु गनाउादै
भिनाज्यू त आउलान् बाबा खटियामा बस्लान्
भोटे लामा आउला बाबा आागुनको छेउ
भिनाजुले खालान् बाबा खुवा खिर घोटेर
भोटे लामा बस्ला बाबा रोटी टोकेर
दिदी त आउलिन् बाबा शिरको शिरफूल लाएर

मै छोरी आम्ला बाबा दुःख पाएर ।

स्रोत : झविकला पुरी, माकर- ४, नवलपरासी

(६) शिरैमा शिरफूल लाउनी मन थियो
ध्रुवतारा ल्याइदिने कोही छैन
बुटवल बजार घुम्ती मन थियो
ध्रुवतारा घुमाउनी कोही छैन ।

स्रोत : मिना रेग्मी, बुटवल १२, रूपन्देही

(७) हाम्रा बाबाले छोरी दिन जानेन्
बरिलै गाउाछोडी प्यूठान
प्यूठानमा साह्रै दुःख रैछ
बरिलै लेऊ आमा घ्यू खान
घ्यू खान दिन्नौ भने आमा
बरिलै जाऊ आफैं प्यूठान ।

स्रोत : मिना रेग्मी, बुटवल १२, रूपन्देही

(८) टुप्पो हेर्दा रानी चरी बसेको
फेदमा हेर्दा रैछ जुलेस
ऐले तीजमा म माइत नजाादा
बाबालाई रैच मेरै कलेश
टुप्पो हेर्दा रानी चरी बसेको
फेंदमा हेर्दा रैच जुलेस
ऐले तीजमा म माइत नजाादा
आमालाई रैच मेरै कलेश ।

स्रोत : लोकमाया पाण्डे, बिर्घा- ५, चिफल डााडा, स्याङ्जा

(९) छोरा जन्मे हर्ष बडाई
छोरी जन्मे आासु बरिलै
छोरा जन्मे खसी काट्छन
छोरी जन्मे हेला बरिलै
जन्मको रूप एउटै

भेदभाव किन बरिलै ।

स्रोत : वैदिक नारी जागरण धार्मिक समूह, शंकरनगर- ५, रूपन्देही)

(१०) रिमी र झिमी पानी है पऱ्यो
हेर न लालुमै पीपलको पातलाई
जन्मेको ठाउामा बसन छैन
हेरन लालुमै छोरीको जातलाई
रिमिर झिमी पानी है पऱ्यो
हेरन लालुमै मकैको पातलाई
जन्म र ठाउामा मरनु छैन
हेरन लालुमै छोरीको जातलाई ।

स्रोत : तारा पौड्याल, सन्धीखर्क, अर्घाखााची

(११) उाभोबाट के चरी झरो बसो की बसेन तारा बरमा
शिरफूलमा टलक्क दिल बसो
दिल मेरो बसेन पापी घरमा
पिया राजै गाजले रैचन मेरा कोश
पिया राजै शिरफूललाई लाइन मैले दोष
पिया राजै करिमलाई लाएा मैले दोष ।

स्रोत : लोकमाया पाण्डे, बिर्घा- ५, चिफल डााडा, स्याङ्जा

(१२) मैरी पारीको थुागेसरी फूलबार
दिदी बहिनी हो टपटप टिपेर लाम
खसौलीको मोटर बटौलीमा आइपुग्यो
दिदी बहिनी हो झट्टपट्ट हेरन जाम
मैरी पारीको हजारीको फूलबार
दिदी बहिनी हो टपटप टिपेर लाम
सुनौलीको मोटर भैरहवामा आइपुग्यो
दिदी बहिनी हो झट्टपट्ट हेरन जाम ।

स्रोत : झविकला पुरी, माकर- ४, नवलपरासी

(१३) त्यहीा र तल निरमले कटेरी
तिरीपासा खरर

बरिलै तिरिपासा खरर
साउाडी गाउाडी बाबालाई भेटा
धर्को धर्को मन मेरो धरर
बरिलै मन मेरो धरर
त्यहीा र तल निरमले कटेरी
तिरिपासा खरर
साउाडी गाउाडी आमालाई भेटा
धर्को धर्को मन मेरो धरर
बरिलै मन मेरो धरर
धर्को धर्को मन मेरो धरर
बरिलै मन मेरो धरर ।

स्रोत : झविकला पुरी, माकर- ४, नवलपरासी

(१४) हाम्री आमाले सुकाएको बिस्कुन
भागेरी चरीले मैदानीमा लरीलरर
हाम्रा बाबाले रूखो वचन लाउादा
घर मेरो छैनर रुन्छ मन धरिधरर
जेठीमा भाउजुले सुकाएको बिस्कुन
भागेरी चरीले मैदानमा लरीलरर
जेठामा दाजुले रुखो वचन लाउादा
घर मेरो छैनर रुन्छ मन धरिधरर

स्रोत : तारा पौड्याल, सन्धीखर्क, अर्घाखाची

(१५) सानो मा सानो सुन्तली दाना
ताराजुन पल्टिंदै खोलीमा
आमा रुादै भण्डार कोठा
तारा जुन म रुादै डोलीमा
सानो मा सानो अमिली दाना
तारा जुन पल्टिंदै खोलीमा
बाबा रुादै बैठक कोठा
तारा जुन म रुादै डोलीमा ।

स्रोत : तारा पौड्याल, सन्धीखर्क, अर्घाखाची

(१६) केराउ पाकेन कि पाइन मैले दाल
सानो भयो मादलु मादलुको पाइन मैले ताल[२]
अडर पाकेन कि पाइन मैले दाल
सानो भयो मादलु, मादलुको पाइन मैले ताल[२]
मसुरो पाकेन कि पाइन मैले दाल
सानो भयो मादलु मादलुको पाइन मैले ताल[२] ।

स्रोत : कमला थापाको समूह, जीतपुर, कपिलवस्तु

(१७) आागनी माथि सुन्तली गेडी
रसको बगबगी नी बरिलै
रसको बगबगी
मरनी चोला केलाइ दिए होला
जुगै भरि जगजगी
बरिलै जुगैभरि जगजगी
खोलीको ढुंगी टपक्कै टिपी
चौपारी चिनम्ला
बरिलै चौपारी चिनम्ला
गएको जोवन फर्कि आउाछ भनी
पैसाले किनम्ला
नि बरिलै पैसाले किनम्ला ।

स्रोत : लोकमाया पाण्डे, बिर्घा- ५, चिफल डााडा, स्याङ्जा

(१८) आागनी माथि अमिली गेडी, रसले नुगायो
बरिलै रसले नुगायो
बैंसले मातेकी चेलीलाई, कसले रुवायो
बरिलै कसले रुवायो
कसैले मलाई रुवाएको होइन, बैंसले रुवायो
बरिलै बैंसले रुवायो ।

स्रोत : लोकमाया पाण्डे, बिर्घा- ५, चिफल डााडा, स्याङ्जा

# परिशिष्ट (ख)

## सङ्कलन स्थलका केही तस्बिरहरू